काठमाडौं, नेपालगन्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

# नागरिक

दैनिक

**आर्थिक**
'निजी क्षेत्रको प्रयासले मात्र आर्थिक विस्तार सम्भव छैन'

**समाचार**
कानुनी सुधार तथा प्रशासनिक चुस्तता कायम गर्ने उद्देश्यले संघीय संसद् सचिवालयमा केही महत्त्वपूर्ण विधेयक दर्ता



**नौ नयाँ प्रशिक्षक, नयाँ युग**
लिभरपुल, म्यानचेस्टर सिटी, चेल्सी र न्यु क्यासल युनाइटेडजस्ता ठुला क्लबदेखि अन्य टोलीसम्म प्रशिक्षक परिवर्तनको लहर चलेको छ ।

वर्ष १८, अंक ८९, पृष्ठ ८, बुधबार, २० साउन २०८३, श्रावण कृष्णपक्ष सप्तमी, Wednesday, 5 August 2026, नेपाल संवत् ११४६, मूल्य- १०/- nagariknews.com

# नियुक्तिमा प्रतिस्पर्धा 'नाम मात्र'

भुवन शर्मा
*काठमाडौं, साउन १९*

सरकारले विभिन्न निकायमा सार्वजनिक पदाधिकारी धमाधम नियुक्ति गरिरहेको छ। कतिपय नियुक्ति विवादास्पद बनेका छन्। प्रतिस्पर्धामै नियुक्त गरेको भनिए पनि त्यो 'नाम मात्र'को भन्दै आलोचनासमेत भइरहेको छ। सरकारले गत वैशाख १९ गते सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश २०८३ जारी गरी एकै पटक एक हजार ५३४ पदाधिकारी हटाएको थियो। बालेन्द्र शाह प्रधानमन्त्रीमा नियुक्त भएको ३६ दिनपछि जारी अध्यादेशमार्फत ११० वटा ऐन संशोधन गरी उक्त संख्यामा सार्वजनिक पदाधिकारी एकै पटक पदमुक्त गरिएका थिए तर अयोग्य भनेर हटाइएकामध्ये केहीलाई जुनजुन निकायबाट पदमुक्त गरिएको थियो, सोहीसोही निकायमा नियुक्ति गरिएको छ। नयाँ नियुक्ति पाएकाहरू पनि कतिपय विवादमुक्त भने हुन सकेका छैनन्। विगतमा विवादित व्यक्तिहरूले पनि यसपटक नियुक्ति पाएका छन्।

**'४० प्रतिशत पदाधिकारी नियुक्त भइसके'**

मन्त्रिपरिषद् तथा प्रधानमन्त्री कार्यालयका प्रवक्ता हेमराज अर्यालका अनुसार एकै पटक हटाइएका एक हजार ५३४ पदाधिकारीमध्ये हालसम्म ४० प्रतिशतको हाराहारीमा नियुक्ति भइसकेको बताए। 'सम्बन्धित मन्त्रालयहरूले नियुक्ति गरिरहेका छन्, यसको जानकारी मन्त्रिपरिषद् तथा प्रधानमन्त्री कार्यालयमा दिने गरिएको छ,' उनले भने। आवश्यकताअनुसार प्रतिस्पर्धाका आधारमा नियुक्ति गर्ने गरिएको उनले दाबी गरे। उनका अनुसार विश्वविद्यालय, प्रज्ञा प्रतिष्ठान, सार्वजनिक खरिद पुनरवलोकन समितिलगायत विभिन्न सार्वजनिक पदमा नियुक्ति गरिसकिएको छ भने केहीमा नियुक्ति गर्ने प्रक्रिया थालिएको छ।

**कानुनको धज्जी उडाउँदै नियुक्ति**

केही पदाधिकारी नियुक्तिमा कानुनको धज्जी उडाइएको छ। सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड २०७३ मा सार्वजनिक पदमा नियुक्ति गर्ने पदाधिकारी ६५ वर्ष उमेर ननाघेको हुनुपर्ने व्यवस्था छ। तर केही दिनअघि मात्र नेपाल वायुसेवा निगमको अध्यक्षमा नियुक्त महेश्वरभक्त श्रेष्ठ ८० वर्ष हाराहारीका हुन्। उक्त कार्यविधिअनुसार कार्यकारी प्रमुखका हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्ष कार्य गरेको, कार्यकारी प्रमुखबाहेक अन्य पदाधिकारी र सदस्यका हकमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा तीन वर्ष काम गरेको व्यक्ति सार्वजनिक पदाधिकारीमा नियुक्त हुन पाउने छन्। यसैगरी सार्वजनिक पदाधिकारीमा कार्यकारी प्रमुखको हकमा ३० वर्ष र कार्यकारी प्रमुखबाहेक अन्य पदाधिकारी र सदस्यका हकमा ३५ वर्ष उमेर पूरा भई ६५ वर्ष उमेर ननाघेको हुनुपर्ने कार्यविधिमा उल्लेख छ।




> सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्डमा नियुक्त हुने व्यक्ति ६५ वर्ष उमेर ननाघेको हुनुपर्ने व्यवस्था छ। तर नेपाल वायुसेवा निगम अध्यक्षमा नियुक्त महेश्वरभक्त श्रेष्ठ ८० वर्ष हाराहारीका छन्।

कार्यविधिअनुसार गैरनेपाली नागरिक, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, लागुऔषध कारोबार, पुरातात्त्विक वस्तु वा संरक्षित वन्यजन्तुसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको, प्रचलित कानुनबमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा नभएको, कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त गरेको, कार्यकारी प्रमुखका हकमा सार्वजनिक निकायको कुनै ठेक्कापट्टा सम्झौता गरी काम गरिरहेको, मानसिक सन्तुलन ठिक नभएको व्यक्ति सार्वजनिक पदाधिकारीमा नियुक्त गर्न नमिल्ने कार्यविधिमा उल्लेख छ।

*बाँकी पृष्ठ २*

# देशभरि ग्यासको कृत्रिम अभाव

## उपभोक्ता दिनभर लाइनमा, डिपोमा नाम लेखाएर पैसा बुझाउनेले पनि १० दिनसम्म पाएनन्

मधुजंग पाण्डे
*काठमाडौं, साउन १९*



गत सातादेखि पाउन कठिन भएको एलपी ग्यासको अभाव अहिले झन् चुलिएको छ। सरकारले वितरण कार्यलाई सहज बनाउन अनेक प्रयास गरे पनि अझै उपभोक्ता खाली सिलिन्डर लिएर दिनभर लाइनमा बस्न बाध्य छन्। काठमाडौं उपत्यकालगायत अहिले देशभर ग्यास अभाव चुलिँदा उपभोक्ताले खाली सिलिन्डर बुझाएर पनि १० दिनसम्म एक सिलिन्डर ग्यास पाउन सकेका छैनन्।

नियामक निकाय नेपाल आयल निगमले काठमाडौंको आफ्नै कार्यालय परिसरबाट पनि ग्यास वितरण जारी राखेको छ। अहिले ग्यास अभावले सामान्य उपभोक्ता निकै मारमा परेका छन्। ग्यास अभाव चुलिएका कारण घरपरिवारदेखि होटल व्यवसायसम्म प्रभावित भएका छन्। यस्तो अभाव थेग्न नसक्ने अधिकांश उपभोक्ता विद्युतीय चुलो इन्डक्सन चलाउन थालेका छन् भने कतिपय उपभोक्ता दाउरा बाल्नसमेत बाध्य भएका छन्। यस्तो अभावमा नेपाल आयल निगमले अनावश्यक सञ्चिति र आपूर्ति व्यवस्थापन समस्याका कारण अभाव देखिएको बताउँदै उपभोक्तालाई आवश्यकताअनुसार मात्र ग्यास खरिद गर्न आग्रह गरेको छ।

सम्बन्धित उपभोक्ता अधिकारकर्मी तथा दिनभर लाइनमा बस्न बाध्य उपभोक्ताहरूका अनुसार अहिले संघीय राजधानी काठमाडौंसहित देशका अधिकांश क्षेत्रमा खाना पकाउने ग्यासको अभाव चुलिएको छ। उनीहरूका अनुसार मागबमोजिम आपूर्ति हुन नसक्दा उपभोक्ताले खाली सिलिन्डर र पैसा बुझाएपछि पनि न्यूनतम एक सातादेखि १० दिनसम्म पालो कुर्नुपरेको छ। ग्यास अभावले सहरी क्षेत्रका होटल व्यवसाय र डेरामा बस्नेहरू सबैभन्दा बढी प्रभावित भएका छन्। उनीहरूले अहिले ग्यास अभाव देशभर रहेको बताएका छन्। उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिनाले निगमले आफ्नो व्यवस्थापकीय कमजोरी ढाकछोप गर्न 'उपभोक्ताले ग्यास थुपारेको' भन्दै गलत आरोप लगाएको बताए।

**पृष्ठ ६**
**ग्यास नपाउँदा सास्ती**

उनले घरमा ग्यास स्टक भएको भए साउने झरीमा भिज्दै कोही पनि नागरिक सिलिन्डर लिन लाइनमा नबस्ने बताए। विगतमा भूकम्प, नाकाबन्दीजस्ता ठुला संकटमा समेत सहज व्यवस्थापन गरेको निगम अहिले आधाबाट भरी सिलिन्डर (१४.२ किलो) मा रूपान्तरण गर्दा पूर्ण रूपमा चुकेको उनको भनाइ छ। उनले ग्यास आपूर्तिमा सधैं समस्या देखिनुको मुख्य कारण नियमन गर्ने स्पष्ट कानुन नहुनु भएको बताए।

नेपाल एलपी ग्यास उद्योग संघका अध्यक्ष दिवानबहादुर चन्दले भने सरकारको नीतिका कारण बजारमा ग्यासको हाहाकार मच्चिएको दाबी गरे। उनले उद्योगीहरूले ७.१ केजी (आधा सिलिन्डर) ग्यास बिक्री गर्ने नीति १५ दिनलाई मात्र लागु गर्न सुझाव दिए पनि सरकारले लामो समय त्यही नीति लम्ब्याउँदा अहिलेको समस्या आएको बताए। लामो समय आधा सिलिन्डर बेचेर एक्कासि १४.२ किलोको पूर्ण सिलिन्डर बजारमा पठाउँदा माग ह्वात्तै बढेको उनको भनाइ छ। अध्यक्ष चन्दले ग्यास ढुवानी गर्ने बुलेट भारतीय नियन्त्रणमा रहेकाले र इन्डियन आयल कर्पोरेसन (आइओसी) ले दिने कोटा सीमित भएकाले पनि मागअनुसार तत्काल आपूर्ति बढाउन नसकिएको बताए।

उनले अबको १० देखि १५ दिनभित्र ग्यास आपूर्ति पूर्ण रूपमा सहज हुने प्रतिबद्धता जनाए। उनले सामान्य अवस्थामा मासिक २८ हजार टन ग्यास खपत हुने गरेकोमा पूर्ण सिलिन्डर वितरण सुरु भएयता ३२ हजार टन खपत भइसकेको तथ्यांक पनि प्रस्तुत गरे। दैनिक ८० देखि ९० बुलेट ग्यास आवश्यक पर्नेमा हाल बढाएर १२० बुलेटसम्म आयात भइरहेको भन्दै चन्दले बिस्तारै असहजता हट्दै जाने समितिमा जानकारी दिए।

## युरोपमा भीषण डढेलो क्षतिपूर्तिको चिन्ता

काठमाडौं, साउन १९ (नागरिक)- पछिल्ला महिनामा युरोपको विभिन्न भागमा भीषण डढेलो लागेको छ। जलवायु परिवर्तनका कारण प्रचण्ड गर्मीसँगैको यो डढेलोबाट भएको क्षतिपूर्तिको अधिकांश भार निजी बिमा कम्पनीहरूले वहन गर्ने अपेक्षा छ। तर जलवायु परिवर्तनका कारण प्राकृतिक विपद् झन्झन् विनासकारी बन्दै जाँदा त्यसको आर्थिक भार अन्ततः कसले बेहोर्ने भन्ने प्रश्न गम्भीर बनेको छ।

फ्रान्समा फैलिएको डढेलोबाट बचाउन त्यहाँका अधिकारीहरूले करिब दुई लाख २० हजार मानिसलाई सुरक्षित स्थानमा सारिसकेका छन्। स्पेन र ग्रिसमा पनि डढेलो फैलिँदा बिमा शुल्क बढ्ने तथा जलवायुजन्य जोखिमविरुद्धको बिमा सुरक्षणमा रहेको खाडल अझ फराकिलो हुने चिन्ता गरिएको छ। क्रेडिट रेटिङ एजेन्सी 'मर्निङस्टार डिबिआरएस'का अनुसार फ्रान्समा यस पटक डढेलोबाट १० अर्बदेखि १५ अर्ब युरोबराबरको क्षति हुन सक्छ। त्यसमध्ये बिमाबाट दाबी गरिने रकम पनि कैयौं अर्ब युरो पुग्ने अनुमान छ।

विश्लेषकहरूका अनुसार हालको क्षति बिमा उद्योगका लागि व्यवस्थापन गर्न सकिने खालको भए पनि भविष्यमा डढेलो घना जनसंख्या भएका सहरसम्म फैलिन थाल्यो भने त्यसले धेरै ठुलो चुनौती सिर्जना गर्न सक्छ।

*बाँकी पृष्ठ २*

# कप्तानगन्ज घटनाका घाइते रवीन्द्र मेहताको मृत्यु



कप्तानगन्ज घटनाका घाइते रवीन्द्र मेहताको उपचारका क्रममा मंगलबार मृत्यु भएपछि स्थानीयले सडकमा काठ राखेर गरेको अवरोध। *तस्बिर : नागरिक*

अमर खड्का
*इटहरी, साउन १९*

एक साताअघि सुनसरीको देवानगन्ज-३ कप्तानगन्जमा झडपका क्रममा गोली लागेर घाइते भएका २२ वर्षका रवीन्द्र मेहताको उपचारका क्रममा मंगलबार बिहान मृत्यु भएको छ। देवानगन्ज-३ का रवीन्द्रलाई विराटनगरमा उपचार सम्भव नभएपछि बिहीबार काठमाडौंस्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा लगिएको थियो। रवीन्द्रसँगै कप्तानगन्ज घटनाका कारण ज्यान गुमाउनेको संख्या संख्या चार पुगेको छ, जसमा एक सिरहाका छन्।

साउन १० गते राति कप्तानगन्जमा दुई समूहबिच भएको विवादमा गोली चलेको थियो। गोली लागेर घाइते भएका २५ वर्षीय ओमप्रकाश मेहताको सोही दिन र २१ वर्षीय जयप्रकाश मेहताको बिहीबार विराटनगरस्थित न्युरो अस्पतालमा उपचारका क्रममा मृत्यु भएको थियो।

*बाँकी पृष्ठ २*

### जुटेन सहमति

मृतक रवीन्द्र मेहताका आफन्त र गृहमन्त्री सुधन गुरुङबिच मंगलबार राति भएको वार्ता बिनानिष्कर्ष टुंगिएको छ। त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगन्जमा मंगलबार राति भएको वार्तामा कप्तानगन्ज घटनाका दोषीलाई कारबाही गरेपछि मात्र शव बुझ्ने अडान मृतक रवीन्द्रका आफन्तले राखेपछि वार्ता निष्कर्षमा पुग्न नसकेको हो।

सुनसरीको देवनगन्जस्थित कप्तानगन्ज घटनाका घाइते रवीन्द्रको उपचारका क्रममा त्रिवि शिक्षण अस्पतालमा मृत्यु भएको हो। रवीन्द्रका काका लीलानन्द मेहताले घटनामा संलग्न दोषीलाई पक्राउ गर्नुपर्ने मुख्य माग गृहमन्त्री गुरुङ नेतृत्वको टोलीसँग आफूले राखेको बताए।

*बाँकी पृष्ठ २*

# जापानमा नेपाली पाठ्यक्रम

रूबी रौनियार
*काठमाडौं, साउन १८*

जापानमा नेपाली समुदायको जनसंख्या तीव्र रूपमा बढेसँगै त्यहाँ नेपाली पाठ्यक्रममा आधारित विद्यालय सञ्चालन र विस्तार पनि हुँदै गएको छ। नेपाली भाषा र संस्कृति सिकाउने तथा नेपालको शिक्षा प्रणालीसँग नयाँ पुस्तालाई जोडिराख्ने उद्देश्यले स्थापना भएका यस्ता विद्यालयहरूले प्रवासी नेपाली समुदायमा छुट्टै पहिचान बनाइरहेका छन्।

जापानका विभिन्न सहरमा नेपाली पाठ्यक्रम वा नेपाली भाषा तथा संस्कृति समेटेर शिक्षा प्रदान गर्ने विद्यालय सञ्चालनमा छन्। तीमध्ये एभरेस्ट इन्टरनेसनल स्कुल जापान (इआइएसजे) नेपाली पाठ्यक्रममा शिक्षण-सिकाइ क्रियाकलाप सञ्चालन गर्ने प्रमुख विद्यालयमध्ये एक हो। यस विद्यालयले नेपाल सरकारबाट नेपाली पाठ्यक्रम सञ्चालनको मान्यता प्राप्त गरी नेपाली तथा अन्तर्राष्ट्रिय दुवै शैक्षिक प्रणालीलाई समेटेर प्रवासी नेपाली समुदायका सन्तानलाई पढाउँदै आएको छ।

यही साउन १३ गते गुरुपूर्णिमाका दिन नागरिककर्मी उक्त विद्यालयमा पुग्दा विद्यार्थीहरू नेपाली संस्कृतिअनुसार गुरुहरूलाई गच्छेअनुसार उपहार दिएर सम्मान गरिरहेको अवस्थामा भेटिएका थिए। नेपालीसँगै जापानी मूलका विद्यार्थी पनि विद्यालयमा अध्ययनरत देखिनुले नेपाली कला-संस्कृतिले विदेशीलाई समेत आकर्षित गरेको देखिन्थ्यो। नेपालका विद्यालयमा आयोजना गरिने विभिन्न प्रतियोगिताजस्तै उक्त विद्यालयका विद्यार्थीले पनि गुरुमा समर्पित कविता प्रतियोगितामा सहभागिता जनाएका थिए। उनीहरू नेपालीमै कुराकानी गर्ने, कविता वाचन गर्ने र कक्षाकोठाको सिकाइ पनि नेपाली भाषामै गरिरहेका थिए। त्यो दृश्य देख्दा नेपालकै कुनै विद्यालयमा पुगेको आभास हुन्थ्यो। विद्यार्थीहरूले नागरिककर्मीलाई समेत गुरुपूर्णिमाको अवसरमा उपहार दिएका थिए। त्यसले नेपालीहरूको भावनात्मक सम्बन्ध र संस्कारलाई झल्काउँथ्यो।

त्यस विद्यालयमा कक्षा २ मा भर्ना भएका रोशन पाठक अहिले त्यही नै कक्षा १२ मा अध्ययनरत छन्। काठमाडौंमा कक्षा १ मा अध्ययन गर्दागर्दै छाडेर अभिभावकसँगै जापान आएका उनी एभरेस्टमा नेपाली पाठ्यक्रम अध्ययन गर्न पाउँदा निकै खुसी छन्। 'स्कुलमा नेपाली साथीसँग बसेर पढ्ने अवसर पाउँदा नेपाली संस्कृति र संस्कार सिक्ने अवसर पाएको छु,' भविष्यमा आइटी इन्जिनियर बन्ने सपना लिएका रोशनले नागरिकसँग भने, 'जापानीसँग भन्दा पनि नेपालीसँग बसेर पढ्दा रमाइलो लाग्छ।'

पछिल्लो समय आफ्ना अभिभावकसँगै जापानमा बस्दै आएका विकल्प गुरुङले एभरेस्टमा कक्षा १२ मा भर्ना भएर पढाइलाई निरन्तरता दिन पाउँदा खुसी लागेको बताए। उनले पोखराको मदरल्यान्ड स्कुलमा कक्षा ११ सम्म अध्ययन गरेका थिए। जापान आएपछि उनी यसै वर्ष कक्षा १२ मा भर्ना भएका हुन्। 'मलाई त आफ्नो पढाइ अलपत्र पो पर्ने हो कि भन्ने ठुलो चिन्ता थियो,' नेपाल र जापान दुवै देशको अध्ययन अनुभव हासिल गरिरहेका विकल्प भन्छन्, 'तर नेपाली पाठ्यक्रममै आधारित एभरेस्ट स्कुलमा कक्षा १२ मा भर्ना भएर पढाइलाई निरन्तरता दिन पाउँदा ढुक्क भएँ। नेपाली स्कुलमै पढ्न पाउँदा नेपाली पाठ्यक्रम र संस्कारसँग जोडिरहन पाइएकोमा खुसी छु।'

कक्षा १२ की स्नेहा न्यौपाने आफू जापानमा रहेर पनि नेपाली पाठ्यक्रममा आधारित एभरेस्ट स्कुलमा पढ्ने अवसर पाएकोमा निकै हर्षित छिन्। कक्षा ६ देखि अध्ययन गरिरहेकी स्नेहाले जापान र नेपाल दुवैको शिक्षण-सिकाइको अनुभव लिएकी छन्। 'पाठ्यक्रम उस्तै छ तर जापानको एभरेस्ट स्कुलमा म्युजियम, विश्वविद्यालय, दूतावास, बगैंचालगायत स्थानमा भ्रमण गराई व्यावहारिक ज्ञान हासिल गराइन्छ। यो निकै रमाइलो हुन्छ,' स्नेहाले भनिन्, 'नेपालमा मैले कक्षा ६ सम्म पढ्दा यसमा कमी रह्यो।'

एभरेस्ट स्कुलमा किन्डर गार्टेनदेखि कक्षा १२ सम्म ६०० को हाराहारीमा विद्यार्थी अध्ययनरत रहेको संस्थापक अध्यक्ष भूपालमान श्रेष्ठले बताए। उनका अनुसार किन्डर गार्टेन जापानी शिक्षा प्रणालीमा आधारित छ। किन्डर गार्टेनमा तीनदेखि पाँच वर्ष उमेर समूहका बालबालिका अध्ययनरत छन्। जापानी शिक्षण प्रणालीअनुसार तीन वर्ष उमेरका लागि नर्सरी, चार वर्षका लागि एलकेजी र पाँच वर्षका लागि युकेजी तोकिएको छ। 'नेपाल सरकारको शिक्षा मन्त्रालयबाट मान्यता प्राप्त स्कुल भए पनि किन्डर गार्टेनमा जापान सरकारले सब्सिडी (सरकारी अनुदान) दिन्छ। यसकारण बालबालिकाको उमेर हदबन्दी अनिवार्य छ,' अध्यक्ष श्रेष्ठले नागरिकसँग भने, 'सबै बालबालिकालाई जापानी चाइल्ड केयरसहित अन्य देशका शिक्षकले खेलकुद र नाचगानका माध्यमबाट शिक्षण-सिकाइ गराउनुहुन्छ। किताबमा आधारित शिक्षण-सिकाइ हुँदैन।'

*बाँकी पृष्ठ २*



जापानस्थित नेपाली विद्यालयमा पठनपाठनमा सहभागी शिक्षक-विद्यार्थी। *तस्बिर : नागरिक*

> जापानमा नेपाली पाठ्यक्रम पढाउने एभरेस्ट इन्टरनेसनल स्कुलमा नेपाली मूलका साथै जापानी र अन्य देशका विद्यार्थीसमेत अध्ययनरत छन्।

# मोदीलाई चुनौती बन्दै युवा आक्रोश

नागरिक संवाददाता
*काठमाडौं, साउन १९*

भारतमा विभिन्न प्रवेश परीक्षाका प्रश्नपत्र पटकपटक चुहावट भएको विरोधमा जेनजी पुस्ताका युवा सडकमा उत्रिएपछि शिक्षामन्त्री धर्मेन्द्र प्रधान केही दिनअघि पदबाट राजीनामा दिन बाध्य भए। प्रधानको राजीनामाले नरेन्द्र मोदी नेतृत्वको सरकारलाई तत्कालीन संकटबाट केही राहत दिए पनि युवामा बढ्दो असन्तुष्टि र बेरोजगारी समस्या सम्बोधन तथा शिक्षा प्रणालीमा सुधार ठुलो चुनौती देखिएको छ।

प्रश्नपत्र चुहावटका घटनामा संलग्नमाथि छिटो कारबाही गर्न मोदी सरकारले 'फास्ट ट्र्याक' अदालत गठनको घोषणा गरेको छ। साथै सरकारले परीक्षा प्रणालीमा सुधार गर्न प्रविधिविद् नन्दन निलेकणीलाई नेतृत्व दिएको छ। तर विज्ञका अनुसार युवाको असन्तुष्टि सम्बोधन गर्न यति मात्र पर्याप्त छैन। युवाको गुनासो छ- अहिलेको प्रणालीले उनीहरूलाई पर्याप्त रोजगारी अवसर दिन सकेको छैन र रोजगारी पाउने किसिमको शिक्षा पनि छैन।

'इन्डिया आउट अफ वर्कः रिथिंकिङ इन्डियाज ग्रोथ स्टोरी' पुस्तकका लेखक सन्तोष मेहरोत्राले बिबिसीसँग भने, 'पछिल्लो १० वर्षमा श्रमबजार निकै कठिन बनेको छ। गैरकृषि क्षेत्रमा रोजगारी अवसर बढ्न सकेको छैन र वास्तविक ज्यालामा पनि वृद्धि भएको छैन।' उनका अनुसार भारत अहिले दुई वटा समस्यासँग एकैपटक जुधिरहेको छ। 'अर्थतन्त्र संरचनागत रूपमा कमजोर भएकाले श्रमको माग बढ्न सकेको छैन। अर्कोतर्फ शिक्षा प्रणाली पनि यति कमजोर छ कि यसले रोजगारीका लागि आवश्यक नयाँ कामदार उत्पादन गर्न सकेको छैन', उनले भने।

सरकारले पूर्वाधार क्षेत्रमा ठुलो लगानी गरेपछि भारतको कुल गार्हस्थ उत्पादन (जिडिपी) मा तीव्र वृद्धि भएको छ।

*बाँकी पृष्ठ २*



जुलाई अन्तिम साता कक्रोच जनता पार्टीले नयाँदिल्लीमा गरेको विरोध प्रदर्शनमा सहभागीलाई नियन्त्रणमा लिँदै प्रहरी। *तस्बिर : गेटी इमेजेज*



नर्स ज्योति रानाभाटको अनशनप्रति ऐक्यबद्धता जनाउँदै मंगलबार वीर अस्पताल परिसरमा प्रदर्शन गर्दै नर्सहरू। *तस्बिर : विजय राई/नागरिक*

# जापानमा नेपाली पाठ्यक्रम

**पृष्ठ १ बाट**

उनले जापान सरकारले किन्डर गार्टेनमा अध्ययन गर्ने निजी विद्यालयका बालबालिकाको समेत शिक्षण खर्च बेहोर्ने बताए।

संस्थापक श्रेष्ठका अनुसार उनी नेपालबाट जापान आएर एउटा कम्पनीमा कार्यरत थिए। जापानमा नेपाली समुदायको संख्या विस्तार हुँदै जाँदा यहाँ बस्ने नेपाली अभिभावकका बालबालिकालाई नेपाली पाठ्यक्रममा आधारित शिक्षा आवश्यक रहेको महसुस भएपछि साथीभाइसँग छलफल गरी उनी विद्यालय खोल्न जुटेका थिए। 'जापानमा नेपालीहरूको संख्या विस्तार हुँदै गएपछि नेपाली पाठ्यक्रममा आधारित विद्यालयको आवश्यकता महसुस भयो,' अध्यक्ष श्रेष्ठले विगत सम्झिए, 'नेपालबाट पढ्दापढ्दै बिचमै पढाइ छाडेर जापान आउने र जापानमा पढ्दापढ्दै बिचमै पढाइ छाडेर परिवारसहित नेपाल फर्किने बच्चाहरूको पढाइ निरन्तरताका लागि विद्यालय स्थापना आवश्यक भयो।' उनले थपे, 'जापानी स्कुलमा अंग्रेजी कोर्स हुँदैन, जापानी कोर्स मात्र हुन्छ। यसकारण यो समस्या समाधान गर्न मैले अंग्रेजी र नेपाली माध्यममा पढाइ हुने गरी स्कुल खोलें। अर्को जापानमै जन्मेका बच्चालाई नेपाली भाषा, संस्कृति र पठनपाठनसँग जोड्न विद्यालय खोल्नु अत्यन्त आवश्यक थियो।'

नेपाली पाठ्यक्रम अंग्रेजीमा पनि पढाइने भएकाले यी विद्यार्थीलाई अन्तर्राष्ट्रिय स्तरमा जुनसुकै देशमा पनि अध्ययन गर्ने बाटो खुल्ने विद्यालयको भनाइ छ। सन् २०१५ मा नेपालको शिक्षा मन्त्रालयबाट स्वीकृति लिएर तथा पाठ्यक्रम विकास केन्द्रबाट मान्यता प्राप्त गरी जापानमा कक्षा सञ्चालन गरिएको हो। स्थानीय पाठ्यक्रमका रूपमा जापानी भाषा पढाइने गरिएको अध्यक्ष श्रेष्ठले बताए। उनले जापानमा अपुग शिक्षक नेपालबाट मगाउने गरिएको बताए। 'जापानमा खुला प्रतिस्पर्धामा शिक्षक आह्वान गरेर नियुक्त गर्छौं। अपुग शिक्षक नेपालबाट पनि झिकाउँछौं,' अध्यक्ष श्रेष्ठले भने, 'हाल ८२ शिक्षक-कर्मचारीमध्ये दुई जना नेपालबाट आउनुभएको छ। अरू जापानमै रहेका नेपाली शिक्षक हुनुहुन्छ।'

सन् २०२० मा पहिलो एसइईमा सहभागिता जनाएको हो। यो विद्यालयबाट हालसम्म ६ ब्याचले एसइई दिइसकेका छन्। चार ब्याच कक्षा १२ उत्तीर्ण भइसकेका छन्।



विद्यालयले सधैं उत्कृष्ट नतिजा दिँदै आएको जनाइएको छ। एसइई र कक्षा १२ को प्रश्नपत्र नेपालको राष्ट्रिय परीक्षा बोर्डबाटै आउने गरेको प्रिन्सिपल विष्णुप्रसाद भट्टले बताए। विशेषगरी नेपाली मूलका साथै अन्य देशका बालबालिका पनि यहाँ अध्ययनरत रहेको उनले जानकारी दिए। शिक्षकतर्फ नेपाली शिक्षकसँगै भारत, फिलिपिन्स, सिंगापुर, बेलायतलगायत देशका रहेको प्रिन्सिपल भट्टले सुनाए। 'जापानी भाषा पढाउन जापानी शिक्षक हुनुहुन्छ,' उनले भने।

प्रिन्सिपल भट्टका अनुसार जापानको एभरेस्ट नेपाल सरकारको शिक्षा मन्त्रालयबाट वदेशी भूमिमा मान्यता प्राप्त विश्वकै एक मात्र नेपाली विद्यालय हो। यस विद्यालयले जापान सरकारको शिक्षा मन्त्रालयबाट पनि मान्यता प्राप्त गरेको छ,' प्रिन्सिपल भट्टले नागरिकसँग भने, 'एसइई र कक्षा १२ को अनुगमन तथा नियमन जापानस्थित नेपाली दूतावासले गर्छ। परीक्षाका उत्तरपुस्तिका दूतावासमार्फत नेपाल पठाइन्छ। नतिजा प्रकाशन नेपालमै हुन्छ। शैक्षिक प्रमाणपत्र दूतावासमार्फत नेपालबाट जापान आइपुग्छ।' जापान सरकारले पनि जापानी हाई स्कुलको मापदण्ड पुगेको विद्यालयका रूपमा मान्यता दिएको यस विद्यालयमा क्याम्ब्रिजका कोर्ससमेत पढाइन्छ। 'अब नेपालीसँगै अरू पाठ्यक्रम जस्तै ए-लेभल, आइबी पनि पठनपाठन गराउने तयारीमा छौं,' प्रिन्सिपल भट्टले भने, 'हाम्रो स्कुलमा पढेका बच्चा जापानबाहिर पनि जान सक्ने भएकाले पढाइको कन्टेन्ट जापानको तुलनामा बढी छ। व्यावहारिक र सैद्धान्तिक दुवै शिक्षण-सिकाइ पद्धतिमा आधारित शिक्षा हामीले दिँदै आएका छौं।'

जापानको टोकियोलगायत विश्वका अन्य विश्वविद्यालयमा पनि यहाँका विद्यार्थी अध्ययन गर्न सक्ने गरी एभरेस्टले पठनपाठन गराइरहेको उनले बताए। 'मल्टिमिडिया, स्मार्ट बोर्ड, अनलाइन, आइटी कक्षा यहाँ सञ्चालनमा छन्,' उनले भने, 'विदेशी गेस्ट लेक्चररहरूले पनि अनलाइनबाटै कक्षा लिने भएकाले विद्यार्थीले अन्तर्राष्ट्रिय एक्सपोजर पाउने अवस्था छ।' विद्यालयले नेपाली र अंग्रेजी माध्यममा नियमित कक्षा सञ्चालन गर्नुका साथै नेपाली भाषा, सामाजिक अध्ययन, नैतिक शिक्षा तथा सांस्कृतिक कार्यक्रमलाई पाठ्यक्रममा समेटेको छ। सप्ताहान्त कक्षामा जापानी विद्यालयमा अध्ययनरत नेपाली मूलका बालबालिकालाई अतिरिक्त रूपमा नेपाली भाषा तथा संस्कृति सिकाउने व्यवस्था गरिएको छ। जापान महँगो र साँघुरो स्थान भएकाले बालबालिकाका लागि विद्यालयभित्रै खेलकुद मैदानको व्यवस्थापन चुनौतीपूर्ण रहेको प्रिन्सिपल भट्टले बताए। नेपालीहरूको आयआर्जनलाई ध्यानमा राखेर शुल्क निर्धारण गरिएको उनको भनाइ छ। शिशु कक्षामा सरकारले शुल्क बेहोर्ने भए पनि अन्तर्राष्ट्रिय स्तरको निजी विद्यालयको शुल्क अभिभावक आफैंले तिर्नुपर्ने हुन्छ। प्रिन्सिपल भट्टका अनुसार खेलकुद मैदानका लागि सार्वजनिक स्थान लिएर पनि व्यवस्थापन गरिएको छ।

'जापानमा भारत, इन्डोनेसिया, कोरिया, श्रीलंकालगायत देशका विद्यालय पनि छन्। सम्बन्धित देशका सरकारले ती विद्यालयलाई आर्थिक सहयोग गरेका छन्,' उनले भने, 'तर नेपाल सरकारले नेपालबाहिर खोलिएका विद्यालयका लागि नीति निर्माण गर्न एउटा सहयोग डेस्क स्थापना गर्नुपर्छ। नीतिनियम, पाठ्यक्रमलगायतमा सहजता गर्न शिक्षा मन्त्रालय र जापानस्थित दूतावासमा छुट्टै हेल्प डेस्क स्थापना हुनुपर्छ।' यसका अतिरिक्त जापानका टोकियो, सैतामा, कानागावा, आइची, ओसाकालगायत क्षेत्रमा नेपाली समुदायले सप्ताहान्त कक्षा तथा नेपाली भाषा विद्यालय पनि सञ्चालन गर्दै आएका छन्। ती संस्थाले नेपाली भाषा, संस्कृति, इतिहास र परम्परागत मूल्यहरूको शिक्षा दिँदै आएका छन्।

जापानमा हजारौं नेपाली परिवार स्थायी वा दीर्घकालीन रूपमा बसोबास गर्न थालेपछि त्यहाँ जन्मिएका वा बाल्यकालमै पुगेका बालबालिकामा नेपाली भाषा प्रयोग घट्दै गएको अभिभावकहरूको अनुभव छ। धेरै बालबालिकाले जापानी भाषा सहज रूपमा सिके पनि नेपाली भाषा पढ्न-लेख्न कठिनाइ हुने अवस्था देखिएपछि नेपाली पाठ्यक्रम सञ्चालनको आवश्यकता महसुस गरिएको हो। यसले नेपाल फर्किएर अध्ययन गर्नुपर्ने अवस्था आए विद्यार्थीलाई नेपाली शिक्षा प्रणालीमा समायोजन हुन सहयोग पुग्ने विश्वास गरिएको छ। नेपाली पाठ्यक्रम वा नेपाली भाषा शिक्षासम्बन्धी विद्यालय तथा कक्षाहरू मुख्यतः टोकियो महानगर क्षेत्र, सैतामा, चिबा, कानागावा, आइची (नागोया), ओसाका, गुन्मा, फुकुओकालगायत नेपालीको उल्लेख्य बसोबास रहेको क्षेत्रमा सञ्चालन भइरहेका छन्।

**यस्ता छन् चुनौतीहरू**

विदेशमा खोलिने विद्यालयहरूसामु चुनौतीहरू पनि अनेकौं छन्। यस्ता विद्यालयले शिक्षक अभाव झेल्नुपर्छ। नेपालबाट पाठ्यपुस्तक ल्याउने समस्या पनि ठुलो छ। यस विद्यालयले आर्थिक स्रोतको सीमितता, जापानी कानुनी प्रक्रिया, पर्याप्त भवन तथा पूर्वाधार व्यवस्थापनजस्ता चुनौतीको सामना गरिरहनुपरेको छ। नेपाली समुदायको आर्थिक सहयोग र अभिभावकको सहभागितामा विद्यालय सञ्चालन भइरहे पनि दीर्घकालीन स्थायित्वका लागि नेपाल र जापान दुवै देशका सम्बन्धित निकायको सहयोग आवश्यक रहेको विद्यालय सञ्चालकहरूको भनाइ छ।

(जापानबाट फर्केपछि)

# कप्तानगन्ज घटनाका घाइते रवीन्द्र मेहताको मृत्यु

**पृष्ठ १ बाट**

कप्तानगन्ज घटनालाई लिएर सिरहाको गोलबजारमा बिहीबार भएको प्रदर्शनमा गोली चल्दा गणेश यादवको गोली लागेर मृत्यु भएको थियो।

कप्तानगन्ज घटनाका घाइते रवीन्द्रको उपचारका क्रममा मंगलबार मृत्यु भएपछि स्थानीय आक्रोसित बनेका छन्। कप्तानगन्ज र आसपास क्षेत्रमा मंगलबार स्थानीयले सडकमा रुख ढालेर अवरोध गरेका छन्। प्रहरी अवरोध हटाए सडकमै सुतेर विरोध गर्ने चेतावनी पीडित पक्षले दिएको छ। 'रवीन्द्रको मृत्युले कप्तानगन्जवासी आक्रोसित भएर फेरि आन्दोलन थालेका हुन', स्थानीय उपेन्द्रप्रसाद मेहताले भने।

स्थानीय विरोधमा उत्रिएपछि देवानगन्ज गाउँपालिका अध्यक्ष वेचन मेहताले दिउँसो पत्रकार सम्मेलन गरी सरकारले दोषीलाई तत्काल पक्राउ गरी कारबाही गर्नुपर्ने माग गरेका छन्। 'हिन्दुले गल्ती गरेका छन् भने उनीहरूमाथि कारबाही हुनुपर्छ, मुस्लिमले गल्ती गरेका छन् भने उनीहरूमाथि कारबाही हुनुपर्छ', अध्यक्ष मेहताले भने, 'अहिले त लास जलाइसकियो, कुरा सकियो जस्तो भयो।'

गृहमन्त्री सुधन गुरुङले बिहीबार राति मृतक ओमप्रकाश र जयप्रकाशका अभिभभावकसँग दुवै जनालाई सहिद घोषणा प्रक्रिया अघि बढाउने र दुवै परिवारलाई १०/१० लाख रुपैयाँका दरले राहत उपलब्ध गराउने सहमति गरेका थिए। सहमतिपत्रमा घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्ने तथा परिवारका एकएक जना सदस्यलाई रोजगारीको अवसर दिने पनि उल्लेख छ। सहमति भएको भोलिपल्ट परिवारले शव जिम्मा लिएर दाहसंस्कार गरेका थिए। यसरी जनजीवन सामान्य हुन थालेपछि जिल्ला प्रशासन कार्यालय सुनसरीले जारी गरेको निषेधाज्ञा पनि सोमबार साँझबाट हटाइएको थियो। सामान्य बन्दै जान थालेको कप्तानगन्जलाई घाइते रवीन्द्रको मृत्युले फेरि चोट दिएको छ।

गाउँपालिका अध्यक्ष वेचन मेहताले फेरि गाउँलेलाई सम्हाल्न गाह्रो हुने भएकाले घटनाका दोषीलाई कारबाहीको दायरामा ल्याउन सरकारसँग माग गरेका छन्। 'बाँच्ने अधिकार सवैलाई छ, जनतालाई न्याय दिलाउनु राज्यको दायित्व हो, गृहमन्त्री नै आएर गरेको सहमति पालना हुनुपर्छ। स्थिति नियन्त्रणबाहिर जान नदिन दोषीलाई कारबाही गर्नुपर्छ।'

उनका अनुसार मृतकका आफन्त र घाइतेका आफन्तले सुनसरीका प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालसमक्ष नौबुँदे ध्यानाकर्षणपत्र बुझाएका छन्। ध्यानाकर्षणपत्रमा चारजनालाई कप्तानगन्ज घटनाको दोषी देखाइएको छ। सहायक प्रमुख जिल्ला अधिकारी पोषणा लामिछानेले भने किटानी जाहेरी नपर्दा कारबाही प्रक्रिया अघि बढाउन ढिलाइ भएको बताए। 'मृतक र घाइतेका आफन्तलाई प्रहरीमा किटानी जाहेरी दिन भनिसकिएको छ, जाहेरी नपरीकन पक्राउ गर्दा प्रक्रिया पुग्दैन,' उनले भने। उनले रवीन्द्रको शव काठमाडौंबाट ल्याउन गृह मन्त्रालय नै जुटेकाले चाँडै आउने बताए।

प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालले ओमप्रकाश र जयप्रकाशका परिवारसँग गृहमन्त्रीले गरेको सम्झौताअनुरुप नै रवीन्द्रको परिवारलाई पनि राहत प्रदान गर्न सरकार प्रतिबद्ध रहेको बताए।

मुस्लिम समुदायको मोहर्रम मेलाका अवसरमा असार १४ गते कप्तानगन्ज बजारको बिच भागमा झण्डा गाडिएको थियो। त्यही स्थानमा साउनमा हिन्दु समूदायले बोलबमको झण्डा गाँडेका थिए। यही भन्डा विवाद भइरहेका बेला साउन १० गते बोलबम जान लागेका युवाले डिजे ठूलो आवाजमा बजाएको विषयलाई लिएर कप्तानगन्जमा दुई समुदायका युवाबिच झडप हुँदा अप्रिय अवस्था उत्पन्न भएको हो। बेलैमा वडाध्यक्षले झण्डा विवाद मिलाएको र प्रहरीले विवेक पुऱ्याएर झडपका क्रममा गोली नचलाएको भए अप्रिया स्थिती नआउने दुवै पक्षको जिकिर छ।

# युरोपमा भीषण डढेलो क्षतिपूर्तिको चिन्ता

**पृष्ठ १ बाट**

'डढेलो नियन्त्रणबाहिर गई मध्यम आकारका सहरसम्म पुग्यो भने त्यो बिमा उद्योगका लागि वास्तविक संकट बन्न सक्छ। त्यस अवस्थामा हुने क्षतिको आकार अहिलेको भन्दा पूर्णतः फरक हुनेछ,' मर्निङस्टार डिबिआरएसका प्रबन्ध निर्देशक मार्कोस आल्भारेजले समाचार संस्था रोयटर्सलाई भने।

यो क्षति गत वर्ष अर्थात् सन् २०२५ मा अमेरिकाको क्यालिफोर्नियाको प्यालिसेड्सको डढेलोबाट भएको करिब ४० अर्ब डलरबराबरको बिमित क्षतिभन्दा निकै कम भए पनि फ्रान्समा इतिहासकै सबैभन्दा महँगो डढेलो हुन सक्ने सम्भावना छ।

घर, व्यवसाय र भौतिक संरचनामा भएको क्षतिसँगै ठुलो संख्यामा गरिएको उद्धार तथा विस्थापनका कारण आफ्नो सम्पत्ति र थातथलोसम्म पुग्न नपाएका नागरिकबाट व्यवसाय अवरोध, आपूर्ति शृंखला प्रभावित तथा विद्युत् सेवा अवरुद्ध जस्ता अप्रत्यक्ष क्षतिको दाबी पनि आउने बिमा कम्पनीहरूको आकलन छ।

तत्कालका लागि डढेलोपीडितलाई पुनःस्थापना गर्दा लाग्ने अधिकांश खर्च निजी बिमा कम्पनीले नै बेहोर्ने देखिएको छ। फ्रान्समा बाढी र खडेरीजस्ता प्राकृतिक विपद्का लागि राहत योजना भए पनि डढेलो त्यसअन्तर्गत पर्दैन।

'फिच रेटिङ्स' नामक रेटिङ संस्थाले गत साता सार्वजनिक गरेको अध्ययनमा ठुला आवासीय, व्यावसायिक वा औद्योगिक क्षेत्रमा डढेलो नफैलिने हो भने सन् २०२६ मा बिमा कम्पनीहरूको आम्दानीमा यसको प्रभाव सीमित रहने उल्लेख गरेको छ।

गत साता 'द इन्स्युरर' नामक पत्रिकाले फ्रान्सका बिमा कम्पनीहरूले बोर्डो सहर आसपास डढेलोका कारण विस्थापित भएका बिमितलाई अधिकतम तीन सातासम्म होटलमा बस्न लाग्ने खर्चका लागि बिमाबाट रकम उपलब्ध गराउने आपत्कालीन व्यवस्था गरेको जनाएको थियो।

बोर्डो सहर नजिकको मार्सीप्रिमका फार्मासिस्ट निकोलास मुलाकले जुलाई २४ मा डढेलो घरनजिक आइपुगेपछि जीवनसाथीसँगै घर छाड्नुपरेको थियो। घरमा क्षति नभए पनि उनले बसोबास र खानपान खर्चका लागि बिमा दाबी गरेका थिए। उनले दाबी प्रक्रिया अत्यन्त सहज रहेको पनि बताए।


फ्रान्सको कोरेन्स नजिकै फैलिएको डढेलो। *तस्बिर : रोयटर्स*

**जलवायु बिमामा ठुलो खाडल**

यस पटक डढेलोले युरोपमा बिमा सुरक्षाको खाडल (प्रोटेक्सन ग्याप) को बहसलाई फेरि तीव्र बनाएको छ। यसको अर्थ प्राकृतिक विपद्बाट भएको कुल क्षति र बिमाबाट भरपाइ हुने रकमबिचको अन्तर हो।

जुरिचस्थित बिमा ब्रोकर मार्सका ग्लोबल प्लेसमेन्ट प्रमुख टाइसन विकरीका अनुसार स्पेनमा सन् २०२५ को डढेलोबाट करिब ५ अर्ब युरोबराबरको क्षति भएको थियो। तर त्यसमध्ये एक अर्ब युरोभन्दा निकै कम रकम मात्र बिमाबाट भरपाइ भएको थियो।

युरोपेली केन्द्रीय बैंक (इसिबी) र युरोपेली संघअन्तर्गतका बीमा नियामक निकायले सन् १९८० देखि २०२४ सम्म युरोपमा जलवायुजन्य विपद्बाट भएको कुल क्षतिको केवल एक चौथाइ मात्र बिमित रहेको चेतावनी दिएका छन्। डढेलोसम्बन्धी बिमा प्रणाली अमेरिकाको तुलनामा युरोपमा कम विकसित छ। 'स्पेनले यसअघि पनि ठुला डढेलो भोगिसकेको छ र बिमा उद्योगसँग यस्ता घटनाको व्यवस्थापन गर्ने पर्याप्त अनुभव ऊसँग छ। तर अहिले परिवर्तन भइरहेको भनेको जलवायुजन्य जोखिमको आवृत्ति र तीव्रता दुवै बढ्नु हो', स्पेनस्थित बिमा ब्रोकर ग्यालाघर स्पेनकी प्रमुख कार्यकारी अधिकृत आना मातारान्जले भनिन्।

विश्लेषक र जलवायु विज्ञहरूले युरोपमा ऐतिहासिक डढेलोसम्बन्धी तथ्यांक सीमित भएकाले बिमा कम्पनीहरूले जोखिम मूल्यांकन र बिमा शुल्क निर्धारण गर्न कठिनाइ हुने बताएका छन्। बिमा ब्रोकर मिलर कम्पनीका फ्रान्स प्रमुख रोडोल्फ मानका अनुसार आगामी जनवरीमा बिमा नवीकरण हुँदा उच्च जोखिम भएका क्षेत्रमा घर बिमाको प्रिमियम बढ्ने सम्भावना छ। उनका अनुसार फ्रान्समा अधिकांश घरधनीसँग सम्पत्ति बिमा हुन्छ। किनकि बैंकबाट ऋण लिएर घर किन्नेहरूले अनिवार्य रूपमा बिमा गर्नुपर्छ। भाडामा बस्नेको पनि घर बिमा हुनुपर्ने कानुनी व्यवस्था छ।

पुनर्बिमा कम्पनी 'म्युनिख रे'को तथ्यांकअनुसार सन् २०१६ देखि २०२५ सम्म विश्वभर डढेलोबाट भएको कुल १७३ अर्ब युरोबराबरको क्षतिमध्ये युरोपको हिस्सा ५ प्रतिशत मात्र थियो। बिमा कम्पनी एक्साको जलवायु अनुसन्धान एकाइले जुलाईमा सार्वजनिक गरेको प्रतिवेदनअनुसार सन् २०५० सम्म फ्रान्सका सहरवरपर उच्च जोखिमयुक्त डढेलो हुने दिनको संख्या औसतमा करिब ७० प्रतिशतले बढ्न सक्छ।

बिमा सहकारी संस्थाहरूको युरोपेली संगठन एमाइसकी महासचिव सारा गोडार्डले बढ्दो प्राकृतिक विपद्का जोखिमले युरोपको बिमा संरक्षण खाडल घटाउनुपर्ने आवश्यकता अझ स्पष्ट बनाएको बताइन्। युरोपेली संघस्तरमा यससम्बन्धी पहल भने अझै प्रारम्भिक चरणमै रहेको उनको भनाइ छ।

'डढेलोको अन्तिम आर्थिक क्षति यकिन गर्न अझै चाँडो भए पनि क्यालिफोर्निया र अस्ट्रेलियामा डढेलोको जोखिममा रहेका केही क्षेत्रमा जस्तै विषम मौसमी अवस्था युरोपमा पनि बढ्दै गएको स्पष्ट देखिन्छ', लन्डनस्थित कानुनी फर्म क्लाइड एन्ड कोका विन लरेन्सले भने। (रोयटर्समा आधारित)

## जुटेन...

'नौ दिन बितिसक्दा पनि कोही दोषी पक्राउ परेका छैनन,' उनले भने, 'गृहमन्त्रीसहितले छानबिन समितिको प्रतिवेदन आएपछि दोषीलाई पक्राउ गरिने भन्ने जवाफ दिए पनि त्यो प्रतिवेदन कहिले आउने टुंगो छैन्।' उनका अनुसार गृहमन्त्री गुरुङ नेतृत्व टोलीसँग शव शवगृहमा राख्ने सहमति भने भएको छ। अरु कुनै पनि सहमति भएको छैन।

दुईपक्षीय वार्तामा सहभागी सुनसरी क्षेत्र नं. २ का सांसद लालविक्रम थापाले भने आफन्तले शव बुझेर शवगृहमा राख्ने सहमति भएको र बाँकी बुधबार बसेर टुंग्याउने बताए। 'अहिले कसैलाई पक्राउ गर्न कानुनी जटिलता पनि रहेकाले गर्दा मृतकका आफन्तले राखेको माग जसरी अघि बढ्न अप्ठेरो भएकाले भोली (बुधबार) फेरि बस्ने कुरा भएको छ,' राति सांसद थापाले टेलिफोनमा भने।

सरकारका तर्फबाट गृहमन्त्री गुरुङ, स्वास्थ्यमन्त्री निशा मेहता, गृहसचिव, सांसद थापा, सुनसरी ४ का सांसद दीपक साहसहितको टोलीले रविन्द्रका आफन्तसँग वार्ता गरेका थिए। मृतक रविन्द्रका आफन्तले गृहमन्त्री गुरुङविरुद्ध दिउँसो नाराबाजीसमेत गरेका थिए। उनीहरूले दोषीलाई पक्राउ नगरिएको गृहमन्त्रीविरुद्ध नाराबाजी गरी राजीनामासमेत मागेका थिए।

## नियुक्तिमा...

**कोको नियुक्ति भए ?**

रिक्त थुप्रै पदमा सरकारले नियुक्ति गरिसकेको छ भने केहीमा नियुक्ति प्रक्रिया अघि बढाइएको छ। केही पदमा भने अन्तर्वार्ता लिने काम भइरहेको छ। हालसम्म गोरखापत्र संस्थानको महाप्रबन्धकमा हिक्मतबहादुर रावल, राष्ट्रिय प्रकृति संरक्षण कोषको सदस्य सचिवमा डा. चिरञ्जीवीप्रसाद पोखरेल, शिक्षक सेवा आयोगको अध्यक्षमा किशोर थापा र पशुपति क्षेत्र विकास कोषको सदस्य सचिवमा तीर्थ श्रेष्ठ नियुक्ति गरिएका छन्।

यसैगरी प्रेस काउन्सिलको अध्यक्षमा उमेश श्रेष्ठ नियुक्त भएका छन्। नेपाल नागरिक उड्डयन प्राधिकरणको महानिर्देशकमा मुकेश डंगोल, दूरसञ्चार प्राधिकरणको अध्यक्षमा अर्जुन घिमिरे, धितोपत्र बोर्डको अध्यक्ष डा. गोपाल भट्ट, रेल्वे बोर्डको प्रबन्ध निर्देशक परिवेश पराजुली र अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको अध्यक्ष डा. आनन्दसिंह भाटलाई नियुक्त गरिएको छ। नेपाल स्काउटको प्रमुख आयुक्तमा सन्तोषकुमार थापा नियुक्त भएका छन्। विद्युत् नियमन आयोगको अध्यक्ष, डा. रामप्रसाद घिताललाई नियुक्ति दिइएको छ। उनी उक्त पदमा दोहोरिएका हुन्। पुष्पकमल दाहाल नेतृत्वको सरकारमा पनि उनी सोही पदमा नियुक्ति भएका थिए। त्यसअघि उनलाई वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको कार्यकारी निर्देशक पदमा नियुक्त गरिएको थियो।

नयाँ नियुक्तिमा बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपतिमा डा. स्मृति कार्की, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपतिमा नवीनमानसिंह प्रधान, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपति डा. सूर्यमान मेन्याङबा, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपति डा. नारायणसिंह गुरुङ, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपतिमा डा. अजयकुमार मिश्र नियुक्ति गरिएका छन्। त्रिभुवन विश्वविद्यालयमा प्राध्यापक डा. भोला थापा, सुदूरपश्चिम विश्वविद्यालयमा किसनदत्त भट्ट, मध्यपश्चिम विश्वविद्यालमा राजन सुवाल, कृषि तथा वन

पृष्ठ १ बाट

विज्ञान विश्वविद्यालयमा ऋषिराज कट्टेल, पूर्वाञ्चल विश्वविद्यालयमा सुजनबाबु मरहट्टा, पोखरा विश्वविद्यालयमा देवेन्द्र अधिकारी, राजर्षि जनक विश्वविद्यालयमा श्यामनारायण लाभ तथा नेपाल संस्कृत विश्वविद्यालयमा प्राध्यापक डा. भीमप्रसाद खतिवडा नियुक्ति भएका छन्।

सरकारले गत साउन ४ गते सिभिल अस्पतालको कार्यकारी निर्देशकमा डा. जीवन परियारलाई नियुक्त गरेको छ। घाँटीको बिरामीलाई पाठेघर फालेको अभियोगमा उनी २०६८ सालमा नेपाल मेडिकल काउन्सिलकबाट निलम्बनमा परेका थिए। सरकारले भूमि समस्या समाधान समितिका पदाधिकारीहरू पनि नियुक्त गरेको छ। अध्यक्षमा बलभद्र बास्तोला तथा सदस्यमा भूमि व्यवस्थापन विभागका पूर्वमहानिर्देशक पदमनिधि सोतीलाई नियुक्ति गरिएको थियो। सरकारले पूर्वकर्मचारीलाई धेरै ठाउँमा नियुक्ति गरेको छ।

## मोदीलाई...

असमान आर्थिक विकासबारे हुने आलोचनाबाट बच्न सरकारका लागि यो प्रमुख आधार बनेको छ। तर विज्ञका अनुसार शिक्षा प्रणालीमा सुधार र युवा बेरोजगारी दर घटाउनु सरकारका लागि गम्भीर चुनौती बनेको छ।

अर्थशास्त्री मेहरोत्राका अनुसार सरकारले प्रत्यक्ष नगद हस्तान्तरण (डाइरेक्ट बेनिफिट ट्रान्सफर-डिबिटी) लगायतका विभिन्न कल्याणकारी योजनामार्फत समस्यालाई कम्तीमा पहिचान गरेको संकेत दिएको छ। तर समाधानको बाटो निकै कठिन रहेको उनको भनाइ छ।

बढ्दै शिक्षित बेरोजगारी

भारत विश्वमै धेरै युवा जनसंख्या भएको देश हो। भारतमा १५ देखि २९ वर्ष उमेर समूहको जनसंख्या ३६ करोड बढी छ।

पछिल्ला दुई दशकमा शिक्षित युवाको संख्या उल्लेख्य बढेको छ। निजी कलेज र व्यावसायिक तालिम संस्थाको संख्या पनि तीव्र रूपमा बढेको छ। तर अजिम प्रेमजी विश्वविद्यालयको 'स्टेट अफ वर्किङ इन्डिया २०२६' नामक प्रतिवेदनमा शिक्षा र रोजगारीबिचको दुरी अझै ठुलो चुनौती बनेको उल्लेख छ। प्रतिवेदनअनुसार युवा बेरोजगारी दर वृद्ध र अन्य उमेर समूहको तुलनामा करिब चार गुणा बढी छ, जुन विश्वव्यापी औसतभन्दा निकै उच्च हो।

यो समस्या नयाँ भने होइन। पछिल्ला २५ वर्षदेखि स्नातक युवाको बेरोजगारी दर करिब ३५ देखि ४० प्रतिशत आसपास रहँदै आएको छ।

बढ्दो जनसंख्या, श्रम बजारमा प्रवेश गर्ने युवाको संख्या र शिक्षाको विस्तारका कारण पछिल्ला वर्षमा भारतमा यो समस्या गम्भीर बनेको छ।

सन् १९८३ मा २० देखि २९ वर्ष उमेर समूहका ४ प्रतिशत मात्र स्नातक थिए। तीमध्ये १३ प्रतिशत बेरोजगार थिए। २०२३ सम्म आइपुग्दा यही उमेर समूहका स्नातक २८ प्रतिशत पुगे, जसमध्ये ६७ प्रतिशत बेरोजगार छन्।

रोजगारीयोग्य क्षमता निर्धारण गर्न नसक्नु शिक्षा क्षेत्रको प्रमुख चुनौती बनेको छ। स्नातक तह उत्तीर्ण संख्या बढे पनि त्यसअनुसार रोजगारी सिर्जना हुन सकेको छैन। प्रतिवेदनमा लेखिएको छ, 'सन् २००४-५ देखि २०२३ सम्म प्रत्येक वर्ष करिब ५० लाख स्नातक श्रम बजारमा थपिएका छन्। जसमा करिब २८ लाख युवाले मात्र रोजगारी पाएका छन्। त्यसमा पनि नियमित तलब पाउनेको हिस्सा अझ कम छ।'

यसले स्नातक बेरोजगार बढाएको र आम्दानी वृद्धिको गति सुस्त बनाएको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनअनुसार स्नातक वा स्नातकोत्तरमध्ये केवल ३.७ प्रतिशतले मात्र उच्चस्तरको रोजगारी र ७ प्रतिशतभन्दा कमले स्थायी तलबयुक्त जागिर पाएका छन्।

*(बिबिसीमा आधारित)*

# संसद्मा नौ विधेयक दर्ता

## वैकल्पिक विवाद समाधान र दोहोरो सुविधा नियन्त्रण, अस्थायी राहदानी र बालबालिकालाई हलुका काम गर्न पाइनेलगायतका व्यवस्था

ईश्वरी सुवेदी

*काठमाडौं, साउन १९*

सरकारले कानुनी सुधार तथा प्रशासनिक चुस्तता कायम गर्ने उद्देश्यले संघीय संसद् सचिवालयमा केही महत्त्वपूर्ण विधेयक दर्ता गराएको छ। सरकारले 'मेलमिलापसम्बन्धी ऐन २०६८' र 'संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाका सर्त र सुविधासम्बन्धी ऐन २०५३' लाई संशोधन गर्न बनेका विधेयकसहित विभिन्न नौ विधेयक दर्ता गरेको छ। प्रतिनिधिसभामा सात र राष्ट्रियसभामा दुई विधेयक दर्ता भएका छन्।

प्रतिनिधिसभामा दर्ता मेलमिलाप विधेयकले स्थानीय तह र प्रविधिलाई प्राथमिकता दिएको छ। अदालतको कार्यबोझ घटाउन र वैकल्पिक विवाद समाधान एडिआर प्रणालीलाई सुदृढ बनाउन ल्याइएको मेलमिलापसम्बन्धी संशोधन विधेयक २०८३ ले स्थानीय तहको न्यायिक समितिलाई 'मुद्दा हेर्ने निकाय' का रूपमा स्पष्ट मान्यता दिएको छ।

पाँच वा सोभन्दा बढी न्यायाधीश रहेका जिल्ला अदालतमा आधारभूत तालिमप्राप्त जिल्ला न्यायाधीशले पारिश्रमिक नलिने गरी मेलमिलापकर्ताको भूमिका निर्वाह गर्न सक्ने व्यवस्था गरिएको छ। आधुनिक प्रविधि आत्मसात गर्दै भिडियो कन्फरेन्समार्फत पनि मेलमिलाप प्रक्रिया अघि बढाउन सकिने व्यवस्था गरिएको छ।

व्यावसायिक विवाद द्रुतरूपमा सुल्झाउन 'वाणिज्य क्षेत्र मेलमिलाप प्रवर्धन समिति' को प्रस्ताव गरिएको छ भने विदेशमा प्रचलित कानुनअनुसार भएका मेलमिलापका लिखतलाई सर्त पूरा भएमा जिल्ला अदालतबाट कार्यान्वयन गराउन सकिनेछ। संघीयताअनुकूल प्रदेश तथा जिल्लास्तरमा मेलमिलाप समन्वय समिति गठन गरिनेछ।

यसैगरी प्रतिनिधिसभामा आएको संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाका सर्त र सुविधासम्बन्धी (पहिलो संशोधन) विधेयक २०८३ ले सरकारी कोषबाट हुने दोहोरो सुविधा (पेन्सन र तलब) पूर्णरूपमा रोक्ने लक्ष्य लिएको छ। सर्वोच्च अदालतले कयोदेवी यमीको मुद्दामा दिएको निर्देशनात्मक आदेश पालना गर्दै ल्याइएको यस विधेयकका मुख्य व्यवस्थामा सरकारी कोषबाट निवृत्तिभरण (पेन्सन) पाइरहेका व्यक्ति संवैधानिक निकायको प्रमुख वा पदाधिकारीमा नियुक्त भएमा उक्त पदमा बहाल रहेसम्म निवृत्तिभरण पाउने छैनन्। यदि कुनै पदाधिकारीले आफ्नो अघिल्लो सरकारी सेवा र संवैधानिक निकायको पदावधि जोडेर कुल सेवा अवधि कायम गर्न चाहेमा संवैधानिक पदमा छँदा लिएको पेन्सन रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्नेछ।

यी दुवै विधेयक पारित भई लागु भएपछि एकातिर स्थानीय तथा व्यावसायिक तहमा न्याय सम्पादन छरितो र प्रविधिमैत्री हुने अपेक्षा गरिएको छ भने अर्कातिर राज्यकोषको दोहोरो व्ययभार नियन्त्रण भई सुशासन कायम गर्न मद्दत पुग्ने विश्वास लिइएको छ।

प्रतिनिधिसभामा आएको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) पहिलो संशोधन विधेयक २०८३ ले नेपालको कानुनलाई संयुक्त राष्ट्रसंघीय पालेर्मो प्रोटोकल र राष्ट्रिय नीति, २०८२ सँग अनुकूल बनाउँदै मानव बेचबिखन नियन्त्रणमा संघ, प्रदेश र स्थानीय गरी तीनवटै तहका सरकारलाई जिम्मेवार बनाएको छ।

विदेशमा बसी अपराध गर्ने नेपाली नागरिकमाथि पनि यो ऐन लागु हुनेछ। साथै, विद्युतीय माध्यमबाट हुने यौन शोषण, जबर्जस्ती श्रम र अंग झिक्ने कार्यलाई स्पष्टरूपमा शोषणको दायरामा ल्याइएको छ। बालबालिकाको हकमा निजको सहमति रहेकै भए पनि शोषणको उद्देश्यले घर/अभिभावकबाट छुट्याइएमा त्यसलाई ओसारपसार मानिनेछ। मानव बेचबिखन नियन्त्रणका लागि जिल्ला, प्रदेश र स्थानीय तह (गाउँपालिका/नगरपालिका) मा छुट्टाछुट्टै समिति गठनको व्यवस्था गरिएको छ। मानिस खरिद-बिक्री गर्नेलाई २० वर्ष कैद र चार लाख जरिवानाको व्यवस्था छ। कसुरदारबाट असुल पारिने जरिवानाको शतप्रतिशत रकम पीडितलाई क्षतिपूर्तिबापत भराइनेछ। पीडितको अनुमतिबिना नाम/तस्बिर सार्वजनिक गर्न नपाइने र अदालत वा अनुसन्धानका क्रममा पीडितका लागि दोभाषे तथा मनोविमर्शकर्ताको सेवा अनिवार्य गरिएको छ।

प्रतिनिधिसभामा आएको अर्को बालश्रम (निषेध तथा नियमित गर्ने) सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०८३ को मस्यौदामा बालबालिकालाई जोखिमपूर्ण तथा शोषणमूलक श्रमबाट पूर्णरूपमा मुक्त गराउने र अन्य अवस्थामा सुरक्षा तथा अधिकार सुनिश्चित गर्दै नियमन गर्ने व्यवस्था गरिएको छ। विधेयक प्रमाणीकरण भएको ३१औं दिनदेखि लागु हुने व्यवस्था छ। १८ वर्ष उमेर पूरा नगरेको व्यक्तिलाई बालबालिका भनिएको छ। १५ वर्ष नपुगेका बालबालिकालाई बाल विकाससम्बन्धी कामबाहेक अन्य काममा लगाउन नपाइने व्यवस्था छ। बालबालिकालाई हल्का कामको छुट पनि दिइएको छ।

१३ वर्ष पूरा भएका बालबालिकालाई अभिभावकको सहमतिमा विद्यालय समयबाहेक (दैनिक अधिकतम दुई घन्टा, हप्ताको १२ घन्टा) अनुसूची- १ बमोजिमका हल्का काममा लगाउन सकिने व्यवस्था गरिएको छ। विधेयकको अनुसूची-२ मा उल्लिखित इँटाभट्टा, गिटी कुट्ने, मदिरा/चुरोट उद्योग, सार्वजनिक यातायात, क्यासिनो आदि जोखिमपूर्ण काममा बालबालिकालाई लगाउन पूर्ण प्रतिबन्ध लगाइएको छ। दैनिक अधिकतम ६ घन्टा र हप्तामा ३६ घन्टा (लगातार तीन घन्टा कामपछि आधा घन्टा विश्राम) हुनुपर्ने छ।

रात्रिकालीन काममा रोक लगाइएको छ। साँझ ६ बजेदेखि बिहान ६ बजेसम्म काममा लगाउन नपाइने व्यवस्था गरिएको छ। समान कामका लागि समान पारिश्रमिक, सामाजिक सुरक्षा कोष (एसएसएफ) मा आबद्धता र वार्षिक रूपमा अनिवार्य निःशुल्क स्वास्थ्य परीक्षण हुनुपर्ने व्यवस्था छ। कसुरको प्रकार सजाय तथा जरिवाना साधारण बालश्रम गराएमा तीन महिनासम्म कैद वा एक लाखसम्म जरिवाना (वा दुवै) हुने व्यवस्था गरिएको छ।

अतिरिक्त समय वा हल्का कामको नियम उल्लंघन गरेमा ६ महिनासम्म कैद वा एक लाखसम्म जरिवाना (वा दुवै) सजाय हुने व्यवस्था गरिएको छ। जोखिमपूर्ण काम वा इच्छाविपरीत श्रम गराएमा एक वर्षसम्म कैद वा दुई लाखसम्म जरिवाना (वा दुवै) सजाय हुने व्यवस्था गरिएको छ। समूहमा बालश्रम गराएमा दुईजनाभन्दा बढी भए प्रति बालबालिका थप ५० हजार गरिने छ। पटकैपिच्छे कसुर गरेमा दोब्बर सजाय हुने व्यवस्था गरिएको छ। घटना भएको ६ महिनाभित्र उजुरी दिन सकिने (उजुरीकर्ताको पहिचान गोप्य रहने) व्यवस्था गरिएको छ। यो कसुरमा नेपाल सरकार वादी हुने र अनुसन्धान अधिकृत तोकिएको ३० दिनभित्र मुद्दा दायर गर्नुपर्ने व्यवस्था गरिएको छ।

यसैगरी प्रतिनिधिसभामा दर्ता भएको प्रस्तावित राहदानी (पहिलो संशोधन) विधेयक, २०८३ मा राहदानीलाई जैविक/इलेक्ट्रोनिक पहिचानसहित नेपाल सरकारले वाहकलाई कूटनीतिक संरक्षण प्रदान गर्ने आधिकारिक दस्तावेजका रूपमा परिभाषित गरिएको छ। साथै, सरकारी निर्णयबमोजिम हुने तालिम, सभा-सम्मेलन वा विदेशस्थित नियोगमा खटिने कार्यलाई 'सरकारी काम' भित्र स्पष्ट पारिएको छ।

बायोमेट्रिक दिन उपस्थित हुन नसक्ने वा १६ वर्ष पुगेर पनि नागरिकता नबनेका नाबालिगका लागि दुई वर्ष अवधिको अस्थायी राहदानीको व्यवस्था गरिएको छ। विदेशमा जन्मिएका नाबालिगको हकमा नियोगको जन्म दर्ताका आधारमा ५ वर्षको साधारण राहदानी दिन सकिने र बाबु पत्ता नलागेकाको हकमा आमाको स्वघोषणालाई मान्यता दिने प्रावधान छ।

विदेशमा बायोमेट्रिक तथा आवेदन संकलनका लागि निजी वा अन्य संस्थालाई संलग्न गराउन सकिने व्यवस्था छ। राहदानी आवेदनका लागि सक्कल नागरिकता/परिचयपत्र देखाए पुग्ने र विदेश वा नेपाल जहाँबाट आवेदन दिए पनि पायक पर्ने नियोग वा विभागबाट राहदानी लिन सकिने बनाइएको छ। संघ, प्रदेश र स्थानीय तहका पदाधिकारीका लागि कूटनीतिक/विशेष राहदानी जारी गर्ने प्रक्रिया स्पष्ट पारिएको छ। यस्तो राहदानी निजी भ्रमणका लागि बढीमा ३० दिन (नियोगका कर्मचारीको हकमा रमाना हुँदा ९० दिन) मात्र प्रयोग गर्न पाइने र पदमुक्त भएमा फिर्ता बुझाउनुपर्ने नियम छ। नक्कली/किर्ते नागरिकता प्रयोग गरी राहदानी लिएमा वा विवरण फेरबदल गरेमा दुई लाखदेखि पाँच लाखसम्म जरिबाना वा एक वर्षदेखि तीन वर्ष कैद (वा दुवै) को कडा सजाय प्रस्ताव गरिएको छ। झुटो विवरण पेस गरेमा एकदेखि दुई लाख र एक वर्षभन्दा बढी जन्म मिति फरक पारेमा १० हजार जरिबाना हुनेछ। राहदानी दुरुपयोगसम्बन्धी कतिपय कसुरमा राहदानी विभागका महानिर्देशकलाई नै जरिवाना गर्ने अधिकार दिइएको छ, जसको निर्णयउपर ३५ दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न सकिनेछ।

# 'सुकुम्बासीको व्यवस्थापन हुन्छ'

काठमाडौं, साउन १९ (नागरिक)- नदी किनारका वास्तविक सुकुम्बासी बस्तीहरूमा विनापूर्वतयारी र विकल्प डोजर प्रयोग गरी बस्ती उठाइएको विषयमा प्रतिनिधिसभामा गम्भीर बहस भएको छ। मंगलबारको बैठकमा सुकुम्बासी व्यवस्थापनसम्बन्धी जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमाथि छलफल गर्दै सांसदहरूले उचित पुनर्बास व्यवस्थाविना नागरिकलाई घरवारविहीन बनाउन नहुनेमा जोड दिए।

प्रस्तावमाथिको छलफलमा भाग लिँदै सांसदहरूले स्थानीय तह र सम्बन्धित निकायहरूले मानवीय संवेदनालाई बेवास्ता गर्दै डोजर आतंक सिर्जना गरेको आरोप लगाए। वास्तविक सुकुम्बासी, भूमिहीन र अव्यवस्थित बसोबासीको पहिचान नगरी एकैपटक डोजर चलाउँदा महिला, बालबालिका र वृद्धवृद्धा सबैभन्दा बढी प्रभावित भएको सांसदहरूले बताए। नेपालको संविधानले प्रत्येक नागरिकलाई आवास र मौलिक हकको ग्यारेन्टी गरेकाले कानुन र प्रक्रिया नपुर्‍याई नागरिकका घर-टहरा भत्काउनु संविधानको मर्मविपरीत भएको तर्क सांसदहरूले प्रस्तुत गरेका थिए।

भूमिसम्बन्धी समस्या स्थायी रूपमा समाधान गर्न राष्ट्रिय भूमि आयोगलाई सक्रिय बनाएर लालपुर्जा वितरण तथा व्यवस्थित बसोबासको प्रबन्ध नमिलाएसम्म बल प्रयोग रोक्नुपर्ने माग उनीहरूको थियो। सदनमा उठेका प्रश्नहरूको जवाफ दिँदै भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले नदी कोरिडोरको सौन्दर्यीकरण, मापदण्ड पालना र सार्वजनिक जग्गाको संरक्षण राज्यको दायित्व भएको स्पष्ट पारिन्। यद्यपि, वास्तविक सुकुम्बासीलाई घरबारविहीन बनाउने सरकारको नीति नरहेको र सम्बन्धित स्थानीय तहहरूसँग समन्वय गरी दीर्घकालीन हल खोजिने प्रतिबद्धता जनाइन्। यसका लागि अहिलेसम्मकै ठूलो बजेट छुट्याइएको उनले बताइन्।

काठमाडौं उपत्यकाका बागमती, विष्णुमती र मनोहरा नदी किनारमा लामो समयदेखि अव्यवस्थित रूपमा बसोबास गर्दै आएका बस्ती हटाउने विषयमा स्थानीय सरकार र सर्वसाधारणबिच पटकपटक झडप र विवाद हुँदै आएको छ। यसबिचमा सरकारले यी सबैलाई हटाएको छ। राष्ट्रियस्तरमै एकीकृत नीति नबन्दा यो विषय पुनः प्रतिनिधिसभामा बहसको केन्द्र बनेको हो। कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले 'वास्तविक भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान गरी नागरिकको संरक्षण र पुनर्स्थापनाका लागि सरकारले आवश्यक व्यवस्था गरी सुरक्षित आवास, आधारभूत सेवा, खाद्य, स्वास्थ्य, शिक्षा र जीविकोपार्जनको निरन्तरतालाई ध्यान दिई उचित क्षतिपूर्ति, स्थायी पुनर्स्थापनाको प्रत्याभूति दिलाउन र वास्तविक भूमिहीन एवम् सुकुम्बासीलाई यथाशीघ्र लालपुर्जा वितरण गराउन आवश्यक भएकाले' भन्ने विषयको जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव प्रस्तुत गरेका थिए।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. ३४१२
फोन नं. ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट : www.nimb.com.np

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति : २०८३/०४/२०)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुत्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । **अत : यो सूचना प्रकाशित भएको मितिले ०७ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गरिने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरि लिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
**२०८३/०४/२६**

**तपसिल**

**बोलपत्र खोलिने मिति**
**२०८३/०४/२७ दिउँसो ३ बजे**

| क्र. सं. | ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार/ व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण |
|---|---|---|
| १. | **ऋणी : प्यासन कलेक्सन (नगद क्रेडिट कर्जा)**<br>प्रा.फ.र.नं. १४४८२९/०७५/७६, ठेगाना : ललितपुर म.न.पा. १८, ललितपुर<br>**ऋण प्रवाह गर्ने शाखा : लगनखेल**<br>**प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. सुशिला दाहाल-प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ३०-०१-०६६-००५१७, मिति २०६६/०८/१८ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको)<br>पति : प्रवीण चौलागाई, ससुरा : आश्वीन प्रसाद चौलागाई<br>**२. प्रवीण चौलागाई-जमानीकर्ता** (ना.प्र.नं. ३०१०४७/१६११५६, मिति २०६४/०२/२८ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको)<br>बाबु : आश्वीन प्रसाद चौलागाई, बाजे : राम प्रसाद चौलागाई<br>**३. आश्वीन प्रसाद चौलागाई-जमानीकर्ता** (ना.प्र.नं. २११२/८०४, मिति २०४४/१२/०१ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको)<br>बाबु : राम प्रसाद चौलागाई, बाजे : चुडामणि चौलागाई<br>**४. निर्मला चौलागाई-जमानीकर्ता** (ना.प्र.नं. ७५२७५, मिति २०५४/१२/०६ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको)<br>पति : आश्वीन प्रसाद चौलागाई, ससुरा : राम प्रसाद चौलागाई | आश्वीन प्रसाद चौलागाईको नाममा काभ्रेपलाञ्चोक जिल्ला मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला, बनेपा गा.वि.स./न.पा. वडा नं. ३ (क) स्थित कि.नं. ३५२ (०-५-०-३ रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय बनेपा, काभ्रेपलाञ्चोक |
| २. | **ऋणी : प्रजापती कन्सट्रक्सन प्रा.लि. (विविध कर्जा),** दर्ता नं. ६६९५८/०६६/०६७, ठेगाना : बनेपा ५, काभ्रेपलाञ्चोक, **ऋण प्रवाह गर्ने शाखा : बनेपा**<br>**शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. निरज प्रजापती-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. बने १०५३, मिति २०४०/०४/१० मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको)<br>बाबु : जनक लाल प्रजापती, बाजे : हरि लाल प्रजापती<br>**२. मैया प्रजापती-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ३००१-०६७-९२५९, मिति २०६७/०६/०४ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको)<br>पति : निरज प्रजापती, ससुरा : जनक लाल प्रजापती<br>**३. प्रविण प्रजापती-जमानीकर्ता** (ना.प्र.नं. ११०२५१, मिति २०५९/०३/१६ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको)<br>बाबु : निरज प्रजापती, बाजे : जनक लाल प्रजापती | मैया प्रजापतीको नाममा काभ्रेपलाञ्चोक जिल्ला मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला, श्रीखण्डपुर वडा नं. ६ स्थित कि.नं. ३६१३ (०-२-०-३ रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट :** माथि उल्लेखित धितो बाहेक बैंकको नाममा दर्ता कायम रहेको TATA MOTOR/2020, सवारी दर्ता नं. बागमती प्रदेश-०१००३ क ८१२९ को सवारी साधन बैंकको कब्जामा नरहेको हुनाले उक्त सवारी साधनको लिलामी ननिकालिएको ।<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय बनेपा, काभ्रेपलाञ्चोक/सम्बन्धित मालपोत नजिकको शाखा |
| ३. | **ऋणीहरु : क) रिच्ची एग्रो फर्म (आवधिक कर्जा),** उद्योग दर्ता नं. ७६३८/५८६/०७७/०७८, दर्ता मिति : २०७७/०९/०५, दर्ता कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय ठेगाना : सम्सी ३, महोत्तरी<br>**ख) रिच्ची कुमारी साह (घर कर्जा)** (ना.प्र.नं. ४४१३२७३५, मिति २०६०/०७/२० मा जि.प्र.का. धनुषाबाट जारी भएको), बाबु : राम लखन साह सुडी, बाजे : रज्जु साह, पति : बिजय कुमार साह, ससुरा : राम नारायण साह, **ऋण प्रवाह गर्ने शाखा : नयाँ बानेश्वर**<br>**संचालक/व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. रिच्ची कुमारी साह-संचालक/जमानीकर्ता (ऐ.ऐ.)**<br>**२. बिजय कुमार साह-जमानीकर्ता** (ना.प्र.नं. १८-०१-७३-०५९८८, मिति २०७३/०८/३० मा जि.प्र.का. महोत्तरीबाट जारी भएको), बाबु : राम नारायण साह, बाजे : राम अवतार साह | रिच्ची कुमारी साहको नाममा धनुषा जिल्ला मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर गा.वि.स./न.पा. वडा नं. १३ स्थित कि.नं. २१५ (०-०-१५-२ विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय जनकपुर, धनुषा/सम्बन्धित मालपोत नजिकको शाखा |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरी/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

**नोट :**
क) बोलपत्र फारम यस बैंकको कर्जा असुली विभाग राइजिङ्ग मल कमलादी काठमाडौं वा बैंकको सम्बन्धित शाखाबाट दस्तुर रु. १०००/- तिरी लिन सकिनेछ ।
ख) बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । सो सूचना प्राप्त भए पश्चात स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम (धरौटी वापत जम्मा गरेको रकम घटाई बाँकी) तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम मध्ये धरौटी राखेको रकम घटाई बाँकी रकम दाखिला नगरेमा/गर्न नसकेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
ग) उल्लेखित सम्पत्तिहरुमध्ये अचल सम्पत्तिको हकमा सम्बन्धित निकायमा हालसम्मको तिर्न बाँकी अचल सम्पत्ति (घर-जग्गा) कर, राजस्व, मालपोत, अचल सम्पत्ति नामसारी वापत तिर्नुपर्ने रजिष्ट्रेशन दस्तुर तथा पूँजीगत लाभकर लगायतका सम्पूर्ण राजस्व, कर एवं खर्च तथा सवारी साधनको हकमा सम्बन्धित निकायमा हालसम्म तिर्न बाँकी सवारी साधन कर, प्रदुषण कर, राजस्व, सवारी साधन नामसारी वापत तिर्नु पर्ने नामसारी दस्तुर लगायतका सम्पूर्ण राजस्व एवं सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण खर्च/दस्तुर बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।
घ) कुनै अड्डा, अदालत वा संवैधानिक निकायबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम फिर्ता दिईनेछ, तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
ङ) बोलपत्र फाराममा उल्लेखित शर्तहरु समेत लिलामी कार्यको लागि निः शर्त लागु हुनेछ ।

# गण्डकीको गाँजा विधेयक प्रदेश प्रमुखबाट प्रमाणीकरण

सन्देश श्रेष्ठ

*पोखरा, साउन १९*

गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टले दोस्रोपटक गाँजा विधेयक प्रमाणीकरण गरेका छन्। प्रदेशसभाबाट पारित भई प्रदेश प्रमुखसमक्ष पहिलोपटक आएको औषधीजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजा खेतीलाई नियमन र उपयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक फिर्ता गरेका प्रदेश प्रमुख भट्टले दोस्रोपटकमा भने विधेयक प्रमाणीकरण गरेका हुन्। प्रदेश प्रमुखको कार्यालयबाट जारी सूचनामा भनिएको छ, 'औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजा खेतीलाई नियमन र उपयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' संविधानको धारा २०१ को उपधारा ४ बमोजिम प्रदेश प्रमुखबाट प्रमाणीकरण भएको छ।'

यसअघि गण्डकी प्रदेशसभाले असार २५ मा पारित गरेको विधेयक नेपालको संविधान र संघीय कानुनसँग बाझिएको भन्दै सन्देशसहित फिर्ता गरेका थिए। नेपालको संविधान र संघीय कानुनले गाँजालाई लागुऔषधका रूपमा परिभाषित गर्नुका साथै सोको उत्पादन र बिक्री वितरण गर्न प्रतिबन्ध लगाएकाले गाँजा विधेयकमाथि पुनर्विचार गर्न भन्दै पारित विधेयक प्रदेशसभामै फिर्ता पठाएका थिए।

प्रदेश प्रमुखले संघीय कानुनले गाँजालाई लागुऔषधका रूपमा परिभाषित गरेको तथा लागुऔषध नियन्त्रण ऐन २०३३ ले गाँजालाई पूर्णरूपमा निषेध गरेको, उक्त ऐनको दफा ३ को खण्ड 'क' को उपखण्ड १ मा गाँजा र उपखण्ड २ मा औषधोपयोगी गाँजालाई लागुऔषधका रूपमा परिभाषित गरेको, सोही ऐनको दफा ४ को खण्ड 'क' ले गाँजाको खेती गर्न, उत्पादन गर्न, खरिद गर्न र बिक्री वितरण गर्न निषेध गरेको गर्नुका सार्थ गाँजाको निकासी वा पैठारी गर्न, ओसारपोसार गर्न, सञ्चय गर्न वा सेवन गर्ने कार्यलाई समेत बन्देज लगाएकाले त्यसविपरीत पारित गाँजा विधेयक पुनर्विचार गर्न भन्दै फिर्ता गरेका थिए।

# नियमित चल्दैन भेरी अस्पतालको 'सिटी स्क्यान'

अर्जुन ओली

*नेपालगन्ज, साउन १९*

नेपालगन्जस्थित भेरी अस्पतालले 'सिटी स्क्यान' सेवा सुरु गरेको एक दशक नाघिसकेको छ, तर अस्पतालमा पुग्ने धेरैजसो सेवाग्राहीलाई भेरीमा सिटी स्क्यान मेसिन छ भन्ने थाहा छैन। सिटी स्क्यान जडान भए पनि मेसिन नचल्ने यहाँको प्रमुख समस्या हो।

अस्पतालमा व्यवस्थापन समिति र प्रमुख मेडिकल सुपरिटेन्डेन्ट (मेसु) फेरिनेबित्तिकै हरेकपटक सिटी स्क्यानको मुद्दा उठ्ने गर्छ, तर मेसिनलाई केही समयसम्म चलाएर बन्द गर्ने प्रवृत्ति छ। यसले गर्दा अस्पतालमा उपचारका लागि आउने बिरामीले भेरी अस्पतालको सिटी स्क्यान सेवा प्रयोग गर्न पाइरहेका छैनन्।

अस्पतालको सिटी स्क्यान बिग्रिएको भन्दै बिरामीलाई चिकित्सककै सिफारिसमा निजी स्वास्थ्य संस्थामा पठाउने गरिन्छ। करिब दुई वर्षसम्म अस्पतालले न मेसिन मर्मत गर्‍यो, न त नयाँ खरिद गरेरै बिरामीलाई सेवा दिन सक्यो। यसबिचमा थुप्रै बिरामीले भेरीका चिकित्सकलाई स्वास्थ्य जाँच गराए पनि सिटी स्क्यानका लागि भने निजी संस्थामा महँगो शुल्क तिरेर गराउन बाध्य भए।

हालै सरुवा भएर आएका भेरी अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. नवीन दर्नालले सिटी स्क्यान मेसिन मर्मत गराएर पुनः सञ्चालनमा ल्याएका छन्, तर अस्पतालमा आउने सेवाग्राहीलाई यो मेसिन फेरि पनि नियमितरूपमा चल्नेमा शंका मानिरहेका छन्। 'भेरी अस्पतालमा गएर कतिपटक उपचार गराउन गइयो, सिटी स्क्यान मेसिन कहिल्यै चलेको थाहा पाइएन', नेपालगन्ज- १० की स्थानीय शर्मिला खड्काले भनिन्, 'आफ्नो मेसिन चलाउन छाडेर भेरी अस्पतालकै डाक्टरले बाहिर निजीमा पठाउने चलन छ।' अस्पतालले अहिले पुनः सिटी स्क्यान मर्मत गरेर सञ्चालन गरे पनि नियमितरूपमा चल्नेमा विश्वास नलागेको उनले बताइन्।

अस्पताल प्रशासनले विगत दुई वर्षदेखि बन्द अवस्थामा रहेको सिटी स्क्यान मेसिनलाई 'प्राविधिक' कारणले बन्द भएको भनी सार्वजनिक सूचनामा उल्लेख गरेको छ।

स्रोतका अनुसार अस्पतालमै कार्यरत चिकित्सक तथा कर्मचारीको मिलेमतोमा भेरीको सिटी स्क्यान मेसिनलाई बिगारेर थन्क्याउने प्रवृत्ति रहेको छ। निजी संस्थाका सिटी स्क्यान मेसिनमा भेरी अस्पतालका कर्मचारीको लगानीसमेत रहेको स्रोतको दाबी छ। अस्पताल मेसु डा. दर्नाल अब भने सिटी स्क्यान मेसिन नियमित रूपमा चल्ने दाबी गर्छन्। आफू नेतृत्वमा रहँदासम्म मेसिनलाई बन्द हुन नदिने बताउँछन्। अस्पतालमा आउने सम्पूर्ण सेवाग्राहीले विशेषज्ञ चिकित्सकको सिफारिसअनुसार आवश्यक सिटी स्क्यान सेवा सहज, सुरक्षित र गुणस्तरीय रूपमा भेरी अस्पतालबाट प्राप्त गर्न सक्ने डा. दर्नालको विश्वास छ।

# लालबकैया र झाझ खोलाको बाढीले धानखेत जलमग्न

मदन ठाकुर

*रौतहट, साउन १९*

लगातार दुई दिन परेको साउने झरीसँगै लालबकैया र झाझ (लमहा) खोलामा आएको बाढीले रौतहटका मध्य तथा दक्षिणी भेगका सयौं बिघा धानखेत डुबानमा परेका छन्। बोरिङमार्फत सिँचाइ गरी रोपिएको धानबाली एकै रातको बाढीले जलमग्न भएपछि किसान चिन्तित बनेका छन्।

गत आइतबारदेखि सोमबारसम्म निरन्तर परेको वर्षाका कारण झाझ खोलाको बाढीले दुर्गा भगवती गाउँपालिकाका बडहर्वा, पचरुखी, मत्सरी, पिपरा र भलोहियासहित पाँचै वडा, यमुनामाई गाउँपालिकाका चार वडा तथा माधवनारायण नगरपालिका र गरुडा नगरपालिकाका सयौं बिघा क्षेत्रफलमा लगाइएको धानबाली डुबानमा परेको स्थानीयले बताए। यस्तै बकैया खोलामा आएको बाढीले यमुनामाई गाउँपालिकाको राजपुरतुलसी, जिंगडवा, झुन्खुन्वास्थित किसानले लगाएको धानबाली जलमग्न भएको राजपुर तुलसीका राजदेव मुखियाले बताए। बाढी लामो समयसम्म नघटे धानका बोट कुहिने, उत्पादन घट्ने र लाखौं रुपैयाँबराबरको लगानी डुब्ने जोखिम बढेको किसानको भनाइ छ।

रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसाल झाझ खोलाको बाढीका कारण सयौं बिघा कृषि भूमि डुबानमा परेको बताउँछन्। प्रभावित क्षेत्रमा नेपाल प्रहरी र स्थानीय प्रशासनले निरन्तर निगरानी गरिरहेको छ। सम्भावित जनधनको क्षति रोक्न उद्धार तथा विपद् व्यवस्थापन टोलीलाई २४ सै घन्टा तयारी अवस्थामा राखिएको प्रजिअ भुसालले बताए।

सफलताको सूत्र पुस्तकमा होइन, मेहनतमा हुन्छ ।
– अब्राहम लिंकन

# तिर्खाएको मधेस

मधेस प्रदेशमा पानीको हाहाकार अब कुनै मौसमी र क्षेत्रीय समाचारको विषय रहेन। यो नेपालको जल सुरक्षा मात्र होइन, खाद्य सुरक्षा र सामाजिक-आर्थिक स्थायित्वसँग जोडिएको राष्ट्रिय चुनौतीको विषय हो। केही वर्षअघिसम्म गर्मीयाममा मात्र देखिने खानेपानी अभाव अहिले प्रत्येक वर्ष झन् गहिरिँदै गएको छ। गत वर्ष मधेस प्रदेशलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गर्नुपर्‍यो तर त्यो अवस्था दिनानुदिन बढ्दै गएको छ। पानीको संकट भविष्यका लागि होइन, वर्तमानको यथार्थ र चुनौती बन्न पुगेको छ।

यही पृष्ठभूमिमा राष्ट्रियसभाको विकास, आर्थिक मामिला तथा सुशासन समितिले सार्वजनिक गरेको मधेस प्रदेशमा खानेपानी, सरसफाइ तथा जलस्रोत व्यवस्थापनसम्बन्धी अध्ययन प्रतिवेदन-२०८३ अत्यन्तै महत्त्वपूर्ण दस्तावेजका रूपमा आएको छ। यो प्रतिवेदनले संकटको चित्रण मात्र गरेको छैन, समस्याको जरो र समाधानको स्पष्ट मार्ग पनि देखाएको छ। प्रतिवेदनको सबैभन्दा महत्त्वपूर्ण निष्कर्ष के हो भने मधेसको पानी अभाव कुनै एक वर्ष कम पानी परेका कारण उत्पन्न भएको होइन। यो जलवायु परिवर्तन, भूमिगत जलको अनियन्त्रित दोहन, चुरे-भावर क्षेत्रको विनाश, कमजोर योजना र अव्यवस्थित जल व्यवस्थापनको संयुक्त परिणाम हो। अर्थात् प्राकृतिक र मानवीय दुवै कारणले दशकौंदेखि सञ्चित समस्या अहिले विस्फोटक अवस्थामा पुगेको मात्र हो।

अध्ययनका नतिजा आफैंमा भयावह छन्। मधेशमा भूमिगत जलसतह औसतमा दुईदेखि तीन मिटरले घटिसकेको छ भने कतिपय क्षेत्रमा तीन मिटरभन्दा तल झरेको छ। करिब ६० प्रतशित हातेपम्प, इनार र ट्युबवेल सुकिसकेका छन्। धनुषाको हंसपुरमा त ९० प्रतिशत हातेपम्पले पानी दिन छाडेका छन्। विडम्बना के छ भने मधेशका करिब ७१ प्रतिशत घरधुरी अझै पनि यिनै हातेपम्पमा निर्भर छन्। पानीको अभावले विद्यालय, स्वास्थ्य संस्था, कृषि उत्पादन र स्थानीय अर्थतन्त्रसम्म प्रभावित भएको छ। यसले देखाउँछ, पानीको संकट अब केवल खानेपानीको समस्या रहेन, यो विकास र मानव जीवनको संकट बनिरहेको छ।

यसैगरी, जलवायु परिवर्तनले परिस्थितिलाई झन् जटिल बनाएको छ। वर्षाको समय बदलिएको छ। वर्षा छोटो अवधिमा अत्यधिक हुने र लामो समयसम्म खडेरी रहने क्रम बढेको छ। तापक्रम वृद्धि र वाष्पीकरणको दर बढ्दा जमिनमा पानी टिक्ने क्षमता घटेको छ। यो समग्र घटनाक्रमको दोष केवल प्रकृतिलाई दिएर उम्किने ठाउँ छैन। मधेशको जीवनरेखा मानिएको चुरे-भावर क्षेत्रमाथि दशकौंदेखि भइरहेको वन विनाश, गिट्टी-बालुवाको अनियन्त्रतित उत्खनन र अव्यवस्थित भू-उपयोगले प्राकृतिक जल पुनर्भरण प्रणालीलाई तहसनहस बनाइदिएको छ। एकातिर पानी जमिनभित्र पुग्ने मार्गहरू बन्द गरिएका छन् भने अर्कातर्फ कृषि, उद्योग र सहरी विस्तारका लागि भूमिगत पानीको दोहन निरन्तर बढदो छ। पुनर्भरण घट्दै जाने र दोहन बढ्दै जाने असन्तुलनले अन्ततः आजको संकट जन्माएको हो।

> अब ट्यांकरबाट पानी वितरण गर्ने होइन, जमिनभित्र पानी फर्काउने राष्ट्रिय अभियान सुरु गर्नुपर्छ। चुरे संरक्षण गर्दै जल पुनर्भरणलाई विकास नीतिको केन्द्रमा राख्नुपर्छ।

यही कारण संसदीय समितिले समाधानको केन्द्रमा जल पुनर्भरणलाई राखेको छ। वर्षाको पानीलाई खोलाबाट बगेर सीमापार जान दिनुभन्दा जमिनभित्र फर्काउने नीति अब राष्ट्रिय प्राथमिकता बन्नुपर्छ। वर्षा पानी संकलन, कृत्रिम पुनर्भरण प्रणाली, रिचार्ज पोखरी, परम्परागत पोखरी र तालको पुनर्जीवन, नदी-खोलाको प्राकृतिक बहाव संरक्षण तथा भूजल पुनर्भरण आयोजनालाई विकासका वैकल्पिक कार्यक्रमका रूपमा लिन सकिँदैन। यो कार्य समग्र मधेसको भविष्य र अस्तित्व जोगाउने अपरिहार्य आवश्यकता हो।

प्रतिवेदनले चुरे-भावर संरक्षणलाई पनि जल सुरक्षाको आधार मानेको छ। वास्तवमा चुरे जोगियो भने मात्र मधेसको जलभण्डार जोगिन्छ। त्यसैले चुरे संरक्षणलाई वन मन्त्रालयको सीमित जिम्मेवारीमा राखेर पुग्दैन। यसलाई जल नीति, कृषि नीति, भूउपयोग नीति र जलवायु अनुकूलन रणनीतिसँग एकीकृत गर्नुपर्छ। अवैध उत्खनन रोक्ने, वन पुनर्स्थापना गर्ने र पुनर्भरण क्षेत्रहरूलाई कानुनी संरक्षण दिने काममा अब कुनै ढिलाइ हुनुहुँदैन। यससँगै पाइपयुक्त खानेपानी प्रणाली विस्तार, भूमिगत जलको वैज्ञानिक अनुगमन, अत्यधिक दोहनमा कडाइ, स्थानीय तहको क्षमता अभिवृद्धि, पानी बचत गर्ने सिँचाइ प्रविधि र जलवायु-अनुकूल कृषि प्रणालीको विकास पनि समान रूपमा आवश्यक छन्। सबैभन्दा महत्त्वपूर्ण कुरा पानीलाई असीमित प्राकृतिक स्रोत होइन, सीमित राष्ट्रिय सम्पत्तिका रूपमा हेर्ने सोच विकास गर्नुपर्छ।

त्यसो त नेपालमा प्रतिवेदन धेरै बन्छन् तर कार्यान्वयन सधैं कमजोर हुन्छ। मधेसको पानी संकटका सन्दर्भमा यो पुरानो प्रवृत्ति दोहोरिनु घातक हुनेछ। आज गरिने लगानीले भोलिको विपद् रोक्न सक्छ तर आजको बेवास्ताले भविष्यमा ठुलो मानवीय, आर्थिक र सामाजिक मूल्य चुकाउनुपर्नेछ। जलवायु परिवर्तनको युगमा पानीको सुरक्षा नै राष्ट्रिय सुरक्षा हो। त्यसैले अब ट्यांकरबाट पानी वितरण गर्ने होइन, जमिनभित्र पानी फर्काउने राष्ट्रिय अभियान सुरु गर्नुपर्छ। चुरे संरक्षण गर्दै जल पुनर्भरणलाई विकास नीतिको केन्द्रमा राख्नुपर्छ। त्यसले मधेसको मात्र होइन, सिंगो देश र भोलिका सन्ततिको भविष्य सुरक्षित गर्न सकिनेछ। अन्यथा आज सुकेका हातेपम्पले नेपालको विकास मात्र होइन, भविष्यमाथि नै प्रश्न खडा गर्नेछ।



डा. प्रकाश बुढाथोकी

# रेबिजविरुद्ध सचेतना र रोकथाम



**रेबिजबाट बच्न सकिन्छ तर नेपालको सामाजिक, सांस्कृतिक र आर्थिक कारणले रेबिज उन्मूलन भने लक्ष्यअनुसार सम्भव देखिँदैन ।**

देशभर सरकारी स्वास्थ्य संस्थामा निःशुल्क उपलब्ध रेबिजविरुद्धको खोपको चरम अभावका कारण निजीमा महँगोमा खोप किन्न तथा लगाउन बाध्य भएका बेला टेकु अस्पतालमा चन्द्रागिरि नगरपालिकाका एक ४८ वर्षीय पुरुषको असार पहिलो साता मृत्यु भयो। जेनजी आन्दोलनपश्चात् दुई पटक टेन्डर खारेज भएपछि खोपको उपलब्धतामा कमी आयो। सरकारले खोपभन्दा रोकथामका नाममा कुकुरको टोकाइबाट जोगिन, भुस्याहा कुकुर नष्ट गर्नेलगायतका सूचना सम्प्रेषण गरिरहेको छ।

संघीय सरकार तथा इडिसिडीले नदिएपछि टेकु अस्पतालले स्थानीय तहसँग हारगुहार गर्‍यो। त्यसपछि केही हजार मात्रा काठमाडौं महानगरपालिकाले दिएको छ। दैनिक दुई सय रेबिजविरुद्धको खोप लगाउन आउने अस्पतालमा हाल रिफर भई देशभरबाट आठ सय जनासम्म आइरहेका छन्, जसले मौज्दात निकट भविष्यमै रित्तिने पक्का छ।

क्यान्सरका औषधि- कार्बोप्लाटिन, सिसप्लाटिन र रेबिजविरुद्धको खोपको देशभरका अस्पतालमा अभाव र हाहाकार भन्दै छापाहरूमा हेडलाइन बन्न थालेको पनि तीन महिनाभन्दा बढी भइसकेको छ। केही सीमित अस्पताल र आयातकर्ताहरूसँग मात्र रहँदा निःशुल्क खोप पनि ज्यादै महँगो, खोपका लागि काठमाडौं रिफर लिएर आउनुपर्ने तथा भारतमा गएर औषधि लिन परेको गुनासो गर्ने सेवाग्राहीहरू यत्रतत्र बग्रेल्ती भेटिन्छन्।

महिनौं हुँदासम्म पनि उपलब्धताभन्दा ५० हजार मौज्दात रहेको, वितरण व्यवस्थापनमा समस्या भएको, पटक-पटक टेन्डर आह्वान गर्दा लागत अनुमान सस्तो भएकाले आवेदन नै नपरेको र स्वचालित मूल्य समायोजन प्रणालीलगायतका शब्दमा सरकार अलमलिएको देखिन्छ।

**भयानकता**

विश्व स्वास्थ्य संगठनका अनुसार विश्वभर प्रत्येक ९ मिनेटमा एक जना अर्थात् वार्षिक ५९ हजारभन्दा बढी रेबिजका कारण मृत्यु हुन्छ, जसमा अधिकांश बालबालिका र विपन्न वर्ग पर्छन्। नेपालले सन् २०३० सम्ममा कुकुरको टोकाइबाट हुने रेबिजलाई शून्यमा झार्ने प्रतिबद्धता जाहेर गरे पनि स्वास्थ्य मन्त्रालयको तथ्यांकले घटना र मृत्यु बर्सेनि बढेको देखाउँछ।

सबैभन्दा बढी शंकास्पद रेबिजका बिरामी आउने टेकु अस्पतालमा मात्र आव २०८०/८१ मा ६३ हजार ८१५ जनालाई एक लाख ४२ हजार १४९ मात्रा खोप लगाइएको थियो भने आव २०८१/८२ मा ८० हजार ३७९ जनालाई एक लाख ६० हजार ४०८ मात्रा र आव २०८२/८३ मा जेठ मसान्तसम्म एक लाख ७७ हजार ७८७ मात्रा खर्च भइसकेको छ। हरेक वर्ष तीन लाखभन्दा बढी मात्रामा खोप खरिद गर्दै आएको र बढाउँदै गरेको भए पनि दशकदेखि अभावको समाचारमा कमी आएको छैन।

नेपालमा लाखौंलाई टोक्ने वा चिथोर्ने गरिए पनि सरकारी स्वास्थ्य संस्थामा खोप लगाउन ६० हजारभन्दा बढी व्यक्ति आउने र एक सय जतिको मृत्यु हुने गर्छ, जसमा सबै निजी अस्पताल, स्वास्थ्य संस्था र सीमापारि गई खोप लगाउने तथा सम्पर्कमा नआएकाहरूको आँकडा संलग्न छैन।

**बौलाहा अर्थात् रेबिज रोग**

हाम्रो समुदायमा कुकुरले टोक्ने, बिरालो, बाँदरले चिथोर्ने घटना नौला होइनन्। तथापि, कहीं एन्टिरेबिज भ्याक्सिन छैन, कतै बिरामी घरबाट, समाजबाट निष्कासित, कुनै सहरमा भुस्याहा कुकुर मार्ने होडबाजी, कतै रेबिज लागेका पशुमाथि गोली हान्ने हिम्मतजस्ता समाचार बारम्बार छापाहरूमा आइरहेका छन्।

रेबिज धेरै पहिलेदेखि चिनिएको पुराना रोगहरूमध्येको खतरनाक, डरलाग्दो, पशुबाट मानिसमा सर्ने रोग हो। विश्व स्वास्थ्य संगठनको अनुमानअनुसार विश्वभर प्रतिवर्ष २० लाखभन्दा बढी मानिसले रेबिजविरुद्धको खोप लगाउँछन् र बढीमा ६० हजार मानिसको मृत्यु रेबिज रोग लागेर हुन्छ। रेबिज रोग एक प्राणघातक सरुवा रोग तथा विश्वकै एक प्रमुख जनस्वास्थ्य समस्याका रूपमा आज पनि छ। नेपालमा बर्सेनि करिब ६० हजारभन्दा बढीले खोप लगाउने गर्छन्। औसत १२ देखि १४ जनाको मृत्यु भएको आधिकारिक तथ्यांक छ। विगतको सर्वेक्षण हेर्दा नेपालमा ९४ प्रतिशत बहुला कुकुरको टोकाइ, ४ प्रतिशत जंगली जनावरहरू स्याल, फ्याउरो, ब्वाँसो आदि र २ प्रतिशत पाल्तु जनावरको टोकाइबाट बचावट गर्न रेबिजविरुद्धको खोप लिएको देखिन्छ। त्यसैगरी रेबिज रोगबाट भएको मृत्युमा ९६ प्रतिशत बहुला कुकुरको टोकाइबाट नै भएको पाइन्छ।

**रोग सर्ने तरिका**

रेबिज तातो रगत भएको जुनसुकै प्राणीलाई लाग्न सक्ने रोग हो र मासु खाने जीवजन्तु, विशेष गरी कुकुर, स्याल, फ्याउरो, बिरालो, ब्वाँसोको टोकाइबाट सर्छ। यस रोगको मुख्य स्रोत जंगली जनावरहरू हुन्। जंगली जनावरद्वारा घरपालुवा जनावरमा र त्यसपछि मानिसमा रेबिज सर्ने गर्छ।

रेबिज रोग लागेको वा बहुलाएको जनावरले टोकेमा वा उसको र्‍याल हाम्रो घाउ, चोटपटक लागेको ठाउँमा पर्न गएमा प्रत्यक्ष रूपमा र रेबिज रोगीको आँखादान स्वस्थ व्यक्तिमा हाल्दा पनि अप्रत्यक्ष रूपमा सर्न सक्छ। तसर्थ जनावरको टोकाइ, चाटाइ, श्वासप्रश्वास र व्यक्ति-व्यक्तिको सम्पर्कबाट यो रोग सरेको पाइँदैन।

> रेबिज लागिसकेपछि उपचार नभई मृत्यु अवश्यम्भावी भएकाले रोकथामका उपाय र टोकी हालेपछि प्राथमिक उपचार गर्न उत्प्रेरित गर्नुपर्छ। प्राथमिक उपचार मात्रै पनि सकेसम्म छिटो गर्न सकेमा रेबिज लागेको जनावरले टोक्दा पनि रोग सर्ने सम्भावनामा ९० प्रतिशतसम्म कमी आउँछ।

**लक्षणहरू**

बुलेट आकारको लिसा भाइरस मानिसको शरीरमा पसेदेखि रोगका लक्षणहरू देखिन्छन्। टोकेको स्थान, त्यस ठाउँबाट मस्तिष्कको दुरी, स्नायुसँगको सम्बन्ध, टोकाइको प्रकार, जीवाणुको उग्रता र मात्रा, घाउको संख्या, टोक्ने जनावर तथा मानिसको रोगप्रतिरोध शक्ति इत्यादिमा भर पर्छ। साधारणतया तीनदेखि आठ हप्तासम्म लक्षणहरू देखिन समय लाग्छ। केहीमा ६ दिनमै त केहीमा ६ वर्षसम्म ओथारो समय देखिएको छ। नेपालमा भने १२ दिनदेखि दुई वर्षसम्म ओथारो समय रहेको तथ्यांक छ।

रोगको लक्षण देखिनुअघि देखिने लक्षणहरूमा टाउको दुख्नु, निद्रा नलाग्नु, ज्वरो आउनु, थकाइ लाग्नु, भोक नलाग्नु, शरीरका मांसपेशी र घाँटी दुख्नु हुन्। त्यस्तै अन्य लक्षणमा छिनछिनमा थुक्न मन लाग्नु, टोकेको घाउ वरिपरि सियोले रोपेजस्तो अनुभव हुनु, दुख्ने र झमझमाउने आदि पर्छन्।

उपरोक्त लक्षण देखिएको २४ घण्टामा रोगका लक्षणहरू छालामा छोएको थाहा नहुने, मांसपेशीको कार्यमा अवरोध हुने, श्वासप्रश्वास क्रिया अनियमित र अस्वाभाविक हुने तथा अन्त्यमा दिमागका काम बिस्तारै कम हुँदै जान्छन्। रोगले ग्रसित पार्दै लैजाँदा तरल पदार्थ पनि पिउन नसक्ने, आवाज सुन्दा अत्तालिने, उज्यालोमा हेर्न नसक्ने, आँखामा डेढोपना हुने, एउटै वस्तु दुईवटा देख्ने, हल्ला मन नपर्ने, जाडो सहन नसकी शिरशिर हावामा पनि झर्को र डर मान्ने तथा पानीदेखि डराउने हुन्छ। कहिलेकाहीं रोगी बढी उत्तेजित भएर वरपरका सामान फ्याँक्ने, टोक्ने र जता मन लाग्यो उतै लड्ने गर्छ।

आँखाबाट आँसु झरिरहने, धेरै पसिना आउने, र्‍याल धेरै झार्ने र मुखभित्र धेरै र बाक्लो र्‍याल जम्मा भई फिँज बाहिर निस्कन्छ। यति हुँदाहुँदै बिरामीलाई दिक्क लाग्छ, सोचग्रस्त हुन्छ र मर्छु कि भन्ने त्रास हुन्छ। झोल कुरा निल्न सक्दैन, पानीको आवाज सुन्नेबित्तिकै र कम्पनबाट डराउँछ। पानीसँग डराउने अवस्था भइसकेपछि कोही पक्षाघात भई त कोही त्यसै मर्छन्। मुख र आँखा बन्द गर्न नसक्ने, श्वासप्रश्वास अनियमित र अस्वाभाविक हुने गर्छ। अन्तमा, कडा स्नायु तरंग भएको बेला श्वासप्रश्वाससम्बन्धी मांसपेसी रोकिन गई बिरामीको मृत्यु हुन्छ। नेपालमा रेबिज रोगको लक्षण देखा परेको दुईदेखि आठ दिनसम्ममा रोगीको मृत्यु भएको पाइन्छ।

**प्राथमिक उपचार**

घरमा : साबुनपानीले १० मिनेटसम्म मज्जाले घाउ धुने, त्यसपछि स्पिरिट वा अल्कोहल वा टिन्चर आयोडिन लगाउने। टोकेको कुकुर पत्ता लगाउने, घरपालुवा कुकुर भए एन्टिरेबिज खोप दिए-नदिएको र कुकुरलाई १० दिनसम्म बाँधी रेबिज भए-नभएको पत्ता लगाउने गर्नुपर्छ।

अस्पतालमा : टोकेको घाउ राम्रोसँग प्रत्येक दिन सफा गर्ने र ठुलो भए खुकुलो टाँका लगाउने, अन्यथा टाँका नलगाउने, टिटानस टक्सोइडको सुई लगाउने, नदुख्ने र नपोल्ने सुई लगाउने तथा खोप डाक्टरको सल्लाहअनुसार लगाउनुपर्छ। कुकुर मर्‍यो भने उसको गिदी जाँच्न पठाउने, कुकुरलाई गाड्ने तथा बिरामीलाई सुई दिन सुरु गर्नुपर्छ।

**रोकथाम**

रेबिज सयमा सय प्रतिशत बचावट गर्न सकिने तर रोगको लक्षण देखिइसकेपछि सयमा सय प्रतिशत उपचार नहुने रोग भएकाले यो रोगप्रति समयमै सतर्कता अपनाई रोकथामका उपायहरू अपनाउनु नै मृत्युबाट जोगिनु हो। कुकुरलगायत सम्पूर्ण पाल्तु जनावरलाई खोप लगाउने, लाइसेन्स दिने, पञ्जीकरण गर्ने, भुस्याहा कुकुरहरूलाई नियन्त्रण गर्नुपर्छ। रोगका स्रोतहरू तथा वाहक जंगली जनावरहरूलाई निगरानी गर्ने, आयातित जनावरहरूलाई नियन्त्रण र क्वारेन्टाइन जाँच गर्ने तथा गाउँघरमा मरेका जनावरहरूलाई जथाभावी नफाली माटोमुनि गाड्नुपर्छ।

त्यसैगरी टोकेको घाउलाई विसंक्रामकयुक्त पानीले सफा गर्ने, साबुनपानीले सफा गरी अल्कोहल, टिन्चर आयोडिन वा स्पिरिट लगाउनुपर्छ। रोगप्रति जनचेतना अभिवृद्धि गर्ने काम हर समय गर्नुपर्छ। जोखिम समूहका जनावर र मानिसलाई रेबिजविरुद्धको खोप लगाउनुपर्छ।

कुकुर वा अन्य जीवजन्तुले टोक्नासाथ पानीको धारा खोलेर घाउमा साबुनपानीले कम्तीमा १५ देखि ३० मिनेटसम्म धोएर सफा गर्दा पनि करिब ९० प्रतिशत रेबिज सङ्क्रमणको जोखिम कम हुने गर्छ। त्यसलगत्तै ढिलोमा ७२ घण्टाभित्र अस्पताल पुगेर टिटी होइन, रेबिज खोप ०, ३ र ७ दिनमा ३ मात्रा लगाउने। घाउ गहिरो वा ठुलो वा धेरै ठाउँमा टोकेको भए इम्युनोग्लोबुलिन खोप लगाउनुपर्छ।

रेबिज लागिसकेपछि उपचार नभई मृत्यु अवश्यम्भावी भएकाले रोकथामका उपाय र टोकी हालेपछि प्राथमिक उपचार गर्न उत्प्रेरित गर्नुपर्छ। प्राथमिक उपचार मात्रै पनि सकेसम्म छिटो गर्न सकेमा रेबिज लागेको जनावरले टोक्दा पनि रोग सर्ने सम्भावनामा ९० प्रतिशतसम्म कमी आउँछ।

# हाइब्रिड राष्ट्रवाद र राजनीतिक अन्योल



लाओस राई

इतिहास साक्षी छ, जब-जब कुनै समाजले आफ्नो आन्तरिक स्वाभिमान र रैथाने चिन्तनको धरातल गुमाउँछ, तब त्यसको मानसिक संकट लुकाउन 'उग्र र प्रदर्शनकारी देशभक्ति'को जन्म हुन्छ। त्यसले एकप्रकारले अन्योलता वा द्विविधा उत्पन्न गराउँदै जान्छ। त्यही प्रसंगसँग मेल खाने विचार इटालेली चिन्तक एन्टोनियो ग्राम्सीले 'शासक वर्गले आफ्नो शक्ति जोगाउन समाजमा एउटा यस्तो झुटो चेतना पैदा गरिदिन्छ, जहाँ सर्वसाधारण नागरिक आफ्ना वास्तविक समस्या बिर्सेर सत्ताकै स्वार्थलाई आफ्नो भाग्य ठान्न पुग्छन्।' फ्रान्ज फ्याननले यसलाई अझ स्पष्ट पार्दै लेखेका छन्- 'तेस्रो विश्वका बुद्धिजीवीहरू बाहिर जतिसुकै उग्र राष्ट्रवादको नारा लगाए पनि भित्रभित्रै पश्चिमा मालिकहरूको विकृत अनुकरण र गुलामी गरिरहेका हुन्छन्।' यस्तै विरोधाभासलाई समात्दै अर्का विद्वान् थिओडोर एडोर्नोले चेतावनी दिएका थिए कि आधुनिक युगको राष्ट्रवाद कुनै आत्मिक विवेक होइन, बरु बजार र सत्ताले आफ्नो स्वार्थका लागि नागरिकलाई अल्झाउन तयार पारेको एउटा 'देखावटी भावुकता' मात्र हो।' यिनै झुटो चेतना, मानसिक गुलामी र देखावटी भावुकताको आधुनिक रूपलाई नै 'हाइब्रिड राष्ट्रवाद' भनिन्छ। त्यसलाई नेपालीमा वर्णशंकर राष्ट्रवाद हुन्छ।संसारमा कुनै पनि मानव सभ्यता, भाषा, संस्कार-संस्कृति र विचारहरू निरपेक्ष वा शुद्ध हुँदैनन्। ऐतिहासिक आदानप्रदानको क्रममा यिनीहरू कुनै न कुनै रूप एकअन्तर भई वर्णशंकर बनेकै हुन्छन्। सभ्यताको विकासक्रममा यस्तो विचार वा संस्कृतिको शंकरणले समाजलाई गतिशील र रूपान्तरणकारी बनाउन कति योगदान दियो भन्ने कुरा नै महत्त्वपूर्ण पाटो हो। तर, समकालीन नेपालको सन्दर्भमा भने यस्तो वर्णशंकर विचार वा राष्ट्रवादले समाजलाई कुनै सकारात्मक रूपान्तरण र निकास दिनुको सट्टा झन् उग्र, छद्म र अन्योलग्रस्त बनाएको छ।

यस परिप्रेक्ष्यमा ग्राम्सीले भनेको झुटो चेतना, फ्याननले औंल्याएको मानसिक गुलामी र एडोर्नोले देखाएको नक्कली भावुकताको कसीमा उभिएर अनि 'सायारेम्मा'ले निर्देश गरेको मुन्दुमी स्वाभिमानको ऐना हेरेर आजको यो खोक्रो हाइब्रिड राष्ट्रवादको मनोवैज्ञानिक एवं दार्शनिक शल्यक्रिया गर्नु अपरिहार्य भइसकेको छ। त्यसैले यहाँ क्रमशः इतिहासको विद्रोही चेत, वर्तमानको वैचारिक परनिर्भरतालगायत वर्णशंकर, राजनीतिक विचार सिद्धान्त र आयामहरूलाई समेट्दै, नेपाली बौद्धिक वृत्त र युवा मानसमा जरो गाड्दै गएको हाइब्रिडराष्ट्रवादी भ्रमको मुकुण्डो उतार्ने र वास्तविक, स्वाभिमानी राष्ट्रप्रेमतर्फको यात्रालाई पुनर्जीवित गर्ने प्राज्ञिक प्रयास गरिएको छ। मेरो पूर्ववर्ती पुस्तक 'सायारेम्मा : राष्ट्रवाद कि राष्ट्रप्रेम'मा मीमांसा गरिएझैं सायारेम्मा भनेको मानिसको भित्री शीर उठाउने र रैथाने स्वाभिमान जागृत गराउने कुरा, जुन सात्विक राष्ट्रप्रेमको शाश्वत धरातल र विविध राष्ट्रियताहरूको संयुक्त विचारधारा राष्ट्रवादको अर्गानिक स्वरूप हो।

हाइब्रिड राष्ट्रवाद बहस : हाइब्रिड राष्ट्रवादको वकालत गर्नेहरू एउटा कुनामा मात्र छैनन्, उनीहरू राष्ट्रका प्रायः सबै स्थानमा ह्वात्तै बढिरहेका छन्। दिन दुई गुणा रात चौगुणा बढिरहेको हाइब्रिड राष्ट्रवादीहरू बाहिर प्रगतिशील र क्रान्तिकारी देखिने शीर्ष राजनीतिक नेतृत्वदेखि लिएर, कुनै विचारबिनाको उग्र नारा बेच्ने नयाँ 'पपुलिस्टहरू' र पश्चिमा फन्डिङमा हुर्किएका सुकिला थिंक-ट्यांकका 'बौद्धिक दलाल'हरू सबैको विचार आज एउटै बिन्दुमा छन्। दक्षिणपन्थी संकीर्णता र वैचारिक आत्मसमर्पणजस्ता पश्चगामी विचारबाट ग्रसित, दृश्य-अदृश्य पात्रहरू संघीय लोकतान्त्रिक गणतन्त्रलाई वास्तविक रूपमा संस्थागत गर्ने मुद्दाहरूलाई ओझेलमा र आफ्नो असफलता लुकाउन जनतालाई खोक्रो र कृत्रिम राष्ट्रवादको अफिम खुवाइरहेका छन्।

आजको दिनसम्म आइपुग्दा राजनीतिक र प्राज्ञिक परिदृश्यमा 'हाइब्रिड राष्ट्रवादी विचार'को वकालत कुनै एउटा व्यक्ति वा दलले मात्र गरेका छैनन्, विभिन्न शक्ति, समूह र पात्रहरूको एउटा अनौठो गठजोडबाट सञ्चालित छ, जहाँ सबैको राजनीतिक र वैचारिक पृष्ठभूमि फरक-फरक छन् तर पनि भित्रभित्रै उनीहरूको चरित्र एउटै छ। बाहिर प्रगतिशील/उग्र नारा, भित्र दक्षिणपन्थी अजेन्डा र वैचारिक परनिर्भरता। त्यसो हुनाले नेपालको सन्दर्भमा यो हाइब्रिड राष्ट्रवादको वकालत सैदान्तिक रूपमा कसले गर्छ र कसले मलजल गर्छ भन्ने मूलतः चार प्रमुख पात्र/समूहमा वर्गीकरण गरी चिरफार गर्‍यो भने बुझ्न अझै सहज हुनेछ।

पहिलो कुरा उनीहरू प्रगतिशील मुकुण्डोधारी राजनीतिक नेतृत्व गरिरहेका हुन्छन्। नेपालमा हाइब्रिड राष्ट्रवादका सबैभन्दा ठुला वाहक स्थापित ठुला दल कम्युनिस्ट र समाजवादी/प्रजातान्त्रिक पार्टी र शीर्ष नेताहरू नै छन्। उनीहरूको चरित्र बाहिर समाजवाद, संघीयता, समावेशिता र साम्राज्यवाद-विरोधी चर्को भाषण दिन्छन्। तर, व्यवहारमा उनीहरूको विचार पूरै दक्षिणपन्थी, पश्चगामी र वैदेशिक शक्तिहरूसँगको गुप्त सम्झौतामा आधारित हुन्छ। विशेषतः उनीहरूको चरित्र भाषण र व्यवहारमा विरोधाभासपूर्ण देखिन्छ। उनीहरू सडक र चुनावी सभाहरूमा 'राष्ट्रिय स्वाभिमान'को उग्र नारा उराल्दै बेच्ने तर सत्तामा पुगेपछि राज्यका स्रोतसाधन शक्ति राष्ट्रहरूको पुँजीपतिहरूलाई बुझाउने र भूराजनीतिक शक्तिहरूसँग आत्मसमर्पण गर्ने दोहोरो चरित्र नै उनीहरूको हाइब्रिड रूप हो। यति मात्र होइन, उनीहरूबाहेकका उदाइरहेका नयाँ शक्ति नयाँ 'लोकप्रियतावादी' र भर्चुअल भिडका अगुवाहरू पनि हाइब्रिड राष्ट्रवादी हुन्। उनीहरूको चरित्र प्रणालीको विरोध गरेझैं गर्छन् र कुनै वैचारिक धरातल वा दर्शनबिनाको 'विशुद्ध देशभक्ति'को नारा दिन्छन्। उनीहरूसँग संघीय गणतन्त्रलाई सुदृढ बनाउने वा देशको वर्गीय संकट हल गर्ने कुनै स्पष्ट राजनीतिक-आर्थिक मार्गचित्र छैन। त्यो पक्षमा खासै अगाडि बढ्न चाहँदैनन्। उनीहरूले फैलाउने राष्ट्रवाद केवल सतही, भर्चुअल आक्रोश र दक्षिणपन्थी संकीर्णता (जात, धर्म वा कृत्रिम शत्रु) मा आधारित हुन्छ। त्यसैगरी तेस्रो आधार भनेको 'प्रोजेक्टेड' बुद्धिजीवी र दाता-पोषित थिंक-ट्र्यांकहरू पनि हाइब्रिड राष्ट्रवादीहरू हुन्। उनीहरू नेपालका प्रमुख विश्वविद्यालय, काठमाडौंका 'सुकिला-मुकिला' अध्ययन संस्थान थिंक थ्यांक र विदेशी अनुदान संस्थाहरूमा आधारित प्राज्ञिक दलाल र विश्लेषकहरू आदि पर्छन्। मूलतः उनीहरूको चरित्र आफूलाई स्वतन्त्र, नागरिक समाज वा भू-राजनीतिक विज्ञका रूपमा प्रस्तुत गर्छन्। तर उनीहरूको विचार र व्यवहारमा यथेष्ट विरोधाभास हुन्छन्। उनीहरू प्रायः पश्चिमा ज्ञानका कारखाना वा बाह्य दातृ निकायबाट उत्पादित भाष्यहरूलाई नेपाली माटोमा राष्ट्रिय हितको लेबल लगाएर आयात गरिरहेका हुन्छन्। बाहिर रैथाने वा समावेशी कुरा गर्ने तर भित्रभित्रै नेपालको रैथाने दर्शन सायारेम्मा र मौलिक आलोचनात्मक चेतलाई ध्वस्त पार्ने काम उनीहरूबाटै गराइरहेका हुन्छन्। त्यसैगरी अर्को आधार भनेको दक्षिणपन्थी-संरक्षक मिडिया र डिजिटल इको-चेम्बर मुख्यधारका कर्पोरेट मिडिया हाउसहरू र सामाजिक सञ्जालका संगठित 'ट्रोल' वा 'पेज' सञ्चालकहरू। मूलतः उनीहरू राष्ट्रवादलाई एउटा बिक्री हुने सामग्री बनाउँछन्। जस्तै देशमा भ्रष्टाचार, संघीयताको निष्प्रभाविता वा नीतिगत टाटपल्टाइमाथि प्रश्न उठ्नेबित्तिकै उनीहरूले कुनै उग्र भावनात्मक वा दक्षिणपन्थी मुद्दा उछालेर जनताको ध्यान मोड्न उद्दत हुन्छन्। दक्षिणपन्थी संरक्षकहरूले नै सत्य बोल्ने अर्गानिक बुद्धिजीवीहरूलाई देशद्रोहीको बिल्ला भिराउने काम गर्छन्।

हाम्रो यथार्थ : हाम्रो समाजको मौलिक धरातल पूरै खण्डित कर्म अन्त्य हुनुपर्ने र स्वतःस्फुर्ट राष्ट्रप्रेम र राष्ट्रवादी भावनाले उद्वेलित हुनुपर्ने थियो तर वर्तमान राजनीतिको विरूप यो व्यवस्थाले संस्थागत आकार लिन नपाउँदै हाइब्रिड राष्ट्रवादको चपेटामा परेर अन्योलता र दिशाहीनको बाटोमा पुग्यो। दलहरू उनीहरूको आदर्श र ऐतिहासिक अजेन्डाहरूबाट पूरै च्युत भई नीतिगत रूपमा शून्यमा प्रायः हुनुपुग्यो। बाहिरी लेपबाट हेर्दा यो व्यवस्था बलियो र स्थिरजस्तो देखिए पनि भित्रभित्रै दलहरू भित्रको वैचारिक परनिर्भरता र शक्ति संघर्षले गर्दा संघीयताको जग नै हल्लिएको छ। यो छद्म राष्ट्रवादी होहल्लाले व्यवस्थाका वास्तविक चुनौतीहरूजस्तै प्रदेशहरूको स्वायत्तता, साधन-स्रोतको न्यायिक बाँडफाँड र संवैधानिक निकायहरूको निष्पक्षतामाथि हुनुपर्ने गम्भीर राजनीतिक विमर्शहरू पूरै ओझेलमा परेको छ। जसले समग्र गणतान्त्रिक पद्धतिलाई नै एउटा अकल्पनीय अन्योलको भुमरीमा धकेलिदिएको अवस्था छ। संसद् जनताको निम्ति नीति निर्माणको थलो हुनुको सट्टा क्षणिक चुनावी दाउपेच र दक्षिणपन्थी विचारसँगको गुप्त लेनदेनको अखडा बन्न पुग्यो। यी कमजोरीले गर्दा समग्र गणतान्त्रिक पद्धतिमाथि नै आमनागरिकको अनास्था तीव्र रूपमा बढ्दै गयो। यसरी एकातिर राज्यको संघीय संरचना चरम नीतिगत शून्यताबाट गुज्रिनु र अर्कातिर प्रगतिशील भनिएका शक्तिहरूको विचार पूरै दक्षिणपन्थी अजेन्डासँग मिल्न जानुले नेपाली राजनीतिलाई कतै नभेटिने अँध्यारो सुरुङनजिकै पुर्‍याएको छ र समग्र व्यवस्था नै कुनै पनि बेला दुर्घटनामा पर्न सक्ने गम्भीर खतरा पैदा भएको छ।



## बजार

सुन तोला - २८३,८००
चाँदी तोला - ४३८०

| विदेशी मुद्रा | | खरिद | बिक्री |
|---|---|---|---|
| अमेरिकी डलर | - | १५२.३१ | १५२.९१ |
| युरो | - | १७५.३१ | १७६.०० |
| पाउन्ड स्टर्लिङ | - | २०४.७४ | २०५.५५ |

# ग्यास नपाउँदा उपभोक्तालाई सास्ती

**सन्तोष पोखरेल**

*पोखरा, साउन १९*

पोखरामा दुईसातादेखि ग्यास अभाव छ। उपभोक्ताले ग्यास नपाउँदा सास्ती खेपिरहेका छन्। नियमितभन्दा केही घटेर ग्यास आपूर्ति भएकाले वितरणमा थोरै कमी भए पनि अहिले नै अभाव हुन नहुने ग्यास उद्योगीको दाबी छ। उपभोक्ताले भने ग्यास पाउन नसकेर सास्ती खेपेका छन्। एक सिलिन्डर ग्यास पाउन चारघन्टासम्म पालो कुर्नुपरेको पनि उपभोक्ताको भनाइ छ।

स्थानीय प्रशासनले ग्यास आपूर्ति सहज बनाउन, बाहिरबाट आपूर्ति गर्ने उद्योगीलाई पोखराका लागि सिलिन्डर संख्या बढाइ दिन आग्रह पनि गरेको छ। त्यत्ति मात्र नभई उद्योगले वितरण गर्नका लागि डिलर कहाँ पठाएको ग्यास उपभोक्तासम्म सहजै पुगोस् भनेर प्रहरी नै परिचालन गरेको भनाइ स्थानीय प्रशासनको छ। कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले ग्यास वितरणलाई सहज बनाउन प्रहरी नै परिचालन गरेको जानकारी दिए। उनका अनुसार डिलर वा बिक्रेताले आफ्ना नियमित ग्राहकलाई मात्र ग्यास दिने गरेको र जो कोही उपभोक्ताले ग्यास पाउन नसकेको गुनासोपछि प्रहरी खटाएर पालैपालो उपभोक्तालाई ग्यास दिन थालिएको छ।

'उपभोक्ता जोसुकै होस्, उसले ग्यास पाउनुपर्छ। पसलका नियमित ग्राहकले मात्र ग्यास पाउने अरुले नपाउने भन्ने हुनुभएन', उनले भने, 'सबैलाई बराबरी तरिकाले ग्यास वितरण गर्नकै लागि प्रहरी परिचालन गरिएको छ। एक सिलिन्डर ग्यास पनि दायाँबायाँ हुँदैन।'

उनका अनुसार पोखरामा विभिन्न १७ वटा उद्योगले ग्यास बिक्री गर्छन्। तीमध्ये दुईवटा उद्योग मात्र पोखराभित्र सञ्चालन हुँदै आएका छन्। अरु उद्योगले बाहिरबाटै ग्यास ल्याउने हुन्। सहायक प्रजिअ बरालले पोखरामा ग्यास बिक्री गर्ने सबै उद्योग पहिचान गरेर पोखरा क्षेत्रमा देखिएको अभावलाई पूरा गर्न आपूर्ति बढाउन अनुरोध गरेको बताए।

'१७ वटामध्ये दुईवटा स्थानीय उद्योग हुन्। अरु सबैले बाहिरैबाट ग्यासका भरी सिलिन्डर ल्याउने गरेका छन्। बाहिरबाट आपूर्ति गर्ने ती उद्योगले पनि अहिलेको अप्ठेरोमा पोखरा जस्तो सहरका लागि आपूर्ति बढाइदिनुपर्छ। सहज हुने बेलामा मात्र ल्याएर बेचेर हुँदैन', उनले भने, 'हामीले सबै कम्पनीका आधिकारिक व्यक्तिलाई नै फोन गरेर अहिलेको आपूर्ति बढाउन अनुरोध गरेका छौं।' त्यसबाहेक स्थानीय प्रशासनले जिल्लामा रहेका ग्यास उद्योगी तथा बिक्रेताले आफूलाई प्राप्त परिमाण र वितरीत परिमाणको अभिलेख दैनिक राखेर पहिले आउने उपभोक्तालाई पहिलो चरणमा बिक्री गर्न अनुरोध गरेको छ।

त्यस्तै ७५ वर्ष उमेरमाथिका ज्येष्ठ नागरिक, पूर्ण रूपले अशक्त र अपांगता भएका व्यक्ति एवं भाडामा बस्ने विद्यार्थीलाई प्राथमिकताका आधारमा न्यूनतम परिमाणमा ग्यास वितरण गर्न पनि प्रशासनले निर्देशन दिएको छ। प्रशासनले अनावश्यक रूपमा ग्यास सञ्चित नगर्न पनि अनुरोध गरेको छ।

उद्योगले वितरण गरेको ग्यास उचित रूपमा बिक्रेताबाट बिक्री वितरण भए नभएको, अनावश्यक सञ्चिति भए नभएको, मूल्य वृद्धि भए नभएको सम्बन्धमा ग्यास उद्योगका सञ्चालकले नियमित अनुगमन गर्ने पनि प्रशासनले बताएको छ। उद्योगीले भने पहिलेको भन्दा केही कम मात्रामा आपूर्ति भएकाले पोखरामा ग्यासको अभाव देखिएको बताएका छन्। एक उद्योगीले भने, 'अहिले नै यत्तिसारो अभाव नहुनुपर्ने हो। पहिलेको तुलनामा यतिबेला ग्यासको आयात केही घटेको पक्का हो। केही मात्रामा घट्दैमा अहिले नै अभाव नहुनुपर्ने हो।' पहिले भन्दा २० प्रतिशत हाराहारीमा ग्यास आपूर्ति घटेको पनि उद्योगीले बताएका छन्।

उद्योगी र व्यवसायीले उपभोक्तालाई बढी मात्रामा ग्यास सञ्चित गरेकाले यो अभाव देखिएको आरोप समेत लगाउने गरेका छन्। केही समय अघि आधा सिलिन्डर मात्र ग्यास पाएका उपभोक्ताले अहिले भरी सिलिन्डर पाउँदा अनावश्यक सञ्चित गरेको उनीहरूको आरोप छ। उपभोक्ताले भने सहजै ग्यास नपाएको गुनासो गर्दै आएका छन्।

'ग्यास नपाउने हो भने त मेरो व्यवसाय नै ठप्प हुन्छ। गरिरहेको पेसा नै रोकिने अवस्था आउन थालेको छ', एकजना खाजाघर सञ्चालक राजु भुजेलले भने, 'एक सिलिन्डर ग्यास पाउन पनि मुस्किल छ।' ग्यासकै लागि दिनहुँ भौंतारिनुपरेको समेत उनले बताए। केही दिन अघि एक सिलिन्डर ग्यास पाउन चार घण्टासम्म पानीमा भिजेर पालो कुरेको पनि उनले सुनाए।

एलपी ग्यास बिक्रेता संघ कास्कीका नारायण दाहालका अनुसार एकातिर पोखराका लागि लोड कम हुनु र अर्कोतिर पहुँचयुक्त उपभोक्ताले आवश्यका भन्दा बढी संख्यामा ग्यास राख्ने गर्न'ले अहिले अभाव सिर्जना भएको हो। 'भारतको ग्यास रिफाइनरी सेन्टरमा समस्या भएकाले पोखराका लागि आयात घट्दा त्यसले अभाव सिर्जना गरेको हो। पोखराका लागि लोड कम भएकाले पनि समस्या हो। अर्कोतिर उपभोक्ताले भरी सिलिन्डर पाएपछि मौज्दात राख्न थाल्दा समस्या थपिएको हो', उनले भने।

पोखरा क्षेत्रमा गृहलक्ष्मी र शक्ति कम्पनीले लेखनाथ क्षेत्रमा आफ्नै प्लान्टमार्फत पोखरामा ग्यास भरेर बजारमा पठाउँछन्। यीबाहेक अरु कम्पनीले पनि पोखरामा ग्यास बिक्री गर्छन्। पोखरामा सबैगरी १७ वटा कम्पनीले ग्यास बिक्री गरिरहेका छन्। पोखरामा जाडोको बेला मासिक डेढलाख र गर्मीको बेला मासिक एक लाख ४० हजार हाराहारी ग्यास सिलिन्डर खपत हुने गरेको छ। पर्यटकीय क्षेत्र लेकसाइडमा सबैभन्दा बढी मात्रामा ग्यास खपत हुने गरेको छ।

## ग्यासको कृत्रिम संकट

**ईश्वरी सुवेदी**

*काठमाडौं, पुस १९*

पछिल्लो समय देशभर एलपी ग्यास अभावले सर्वसाधारणलाई सास्ती दिइरहेको छ। बालाजु, टेकुलगायतका डिपो र उद्योगहरूमा रित्तो सिलिन्डर बोकेर घन्टौं लाइन बस्नुपर्ने बाध्यता उपभोक्ताले भोग्नुपरेको छ। नेपाल आयल निगमले भने बजारको माग धान्न पर्याप्त ग्यास आयात भइरहेको दाबी गर्दै आएको छ। यही विरोधाभासबिच सरकार र संसद् दुवैतर्फबाट समाधानका लागि पहल तीव्र भएको छ।

निगमका अनुसार पश्चिम एसियाको द्वन्द्वपछि आपूर्ति सहज बनाउन केही समयअघि ७.१ किलोग्राम ग्यास राखिएको सिलिन्डर वितरण गरिँदै आएकोमा गत असार ३१ देखि पुनः १४.२ किलोग्रामको पूरा तौलको सिलिन्डर बिक्री गर्न निर्देशन दिइयो। वितरण प्रणालीमा आएको यही परिवर्तनले बजारमा माग अचानक बढाइदियो। साथै उपभोक्ताको अत्यधिक भण्डारण प्रवृत्ति र आपूर्ति चक्रको असन्तुलनले समस्या थप जटिल बनाएको व्यवसायीको भनाइ छ। निगमले भने बजारमा हल्ला फैलिएजस्तो ग्यास वा अन्य पेट्रोलियम पदार्थको वास्तविक अभाव नरहेको बताउँदै उपभोक्तालाई अनावश्यक भण्डारण नगर्न आग्रह गर्दै आएको छ।

समस्या समाधानका लागि मुख्य सचिव गोविन्दबहादुर कार्कीको अध्यक्षतामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्बद्ध मन्त्रालय, निकाय, उद्योगी र ग्यास वितरण व्यवसायीसहितको बृहत् छलफल भएको छ। छलफलमा सहभागी व्यवसायीहरूले पहिलेभन्दा बढी नै ग्यास आयात भइरहेको तर उपभोक्ताको अत्यधिक भण्डारणका कारण अभाव सिर्जना भएको दाबी गरे।

बैठकले आगामी दसैं तथा चाडपर्वको उच्च मागलाई मध्यनजर गर्दै आगामी तीन महिनासम्म हरेक महिना ५० हजार मेट्रिक टनभन्दा बढी एलपी ग्यास आयात गर्ने निर्णय गरेको छ। साथै अभाव देखिएका जिल्लाहरूमा वितरण थप प्रभावकारी र नियमित बनाउन सम्बन्धित निकायबिच समन्वय तीव्र पार्ने टुंगो लागेको छ। मुख्य सचिव कार्कीले दीर्घकालीन समाधानका लागि सरोकारवालासँग छुट्टै ढंगले छलफल जारी राख्ने प्रतिबद्धता जनाएका छन्। बैठकमा मन्त्रिपरिषद् कार्यालयका सचिव वीरेन्द्रकुमार यादव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव नारायणप्रसाद शर्मा दुवाडी, आयल निगमका कार्यकारी निर्देशक दीपक बराललगायत उद्योगी समुदायका प्रतिनिधिहरूको सहभागिता थियो।

अर्कातर्फ प्रतिनिधिसभाअन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले ग्यासको कृत्रिम अभाव, कालोबजारी र अनुदान दुरुपयोग अन्त्य गर्न देशभरका करिब एक करोड ७५ लाख सिलिन्डरको तत्काल 'डिजिटल म्यापिङ' र 'ट्र्याकिङ' प्रणाली लागु गर्न सरकारलाई निर्देशन दिएको छ।

समितिका सभापति रहबर अन्सारीले प्रत्येक सिलिन्डरमा बारकोड वा क्युआर कोड जडान गरी डिजिटल प्रणालीमार्फत अनुगमन गर्न र नेपाल विद्युत् प्राधिकरणको घरधुरी विवरणसँग सिलिन्डरको डाटा जोड्न निगमलाई यो समिति निर्देशन दिन्छ भन्दै निर्देशन सुनाए। अघिल्लो निर्देशन १७ दिनसम्म कार्यान्वयन नभएकोमा असन्तुष्टि जनाउँदै उनले गतिसँगै काम गर्न नसके निगम नेतृत्वलाई जिम्मेवारीबाट अलग हुन चेतावनीसमेत दिए।

बैठकमा सांसदहरूले ग्यास आयात र खपतको सरकारी तथ्यांकमै ठूलो अन्तर रहेको भन्दै आक्रोश व्यक्त गरे। रास्वपा सांसद अरविन्द साहले मासिक खपत कहिले ४७ हजार त कहिले २८ हजार मेट्रिक टन भनी प्रस्तुत हुने गरेको गलत तथ्यांकले बजार अस्तव्यस्त बनाएको बताए, जबकि सांसद प्रकाश पाठकले पेट्रोलियम नियमन कानुन ल्याउनुपर्ने माग राखे। सांसद सिर्जना श्रेष्ठले टेकुस्थित गुणस्तर परीक्षण प्रयोगशाला क्षतिग्रस्त रहेकाले लेदो मापन प्रक्रियामाथि नै प्रश्न उठाइन् भने सांसद बदन भण्डारीले अनुगमनअघि नै सूचना चुहावट हुने गरेको आरोप लगाए। सभापति अन्सारीका अनुसार, सरकारले अहिले हरेक सिलिन्डरमा ९३८ रुपैयाँ घाटा बेहोर्दै आएको छ। यसैबिच, पाँचतारे होटल र ठुला उद्योगले पनि सस्तो घरेलु दरकै ग्यास प्रयोग गरिरहेकाले राज्यलाई महिनैपिच्छे ६५ करोडभन्दा बढी थप भार परिरहेको छ।

यसै सन्दर्भमा उनले ठूला उद्योगका लागि पचास, सय र चार सय पचास केजीका व्यावसायिक सिलिन्डर र साना उपभोक्ता तथा विद्यार्थीका लागि पाँच केजीका सिलिन्डर ल्याउन सुझाव दिए। छलफलमा सांसदहरूले साना आकारका सिलिन्डरको विकल्प, कर्णालीमा डिपो स्थापना र वैकल्पिक ऊर्जा प्रवर्धनजस्ता विषय पनि उठाए।

समितिले अन्ततः तथ्यांक व्यवस्थापन, गुणस्तर परीक्षण प्रयोगशालाको पुनर्स्थापना र अनुदानको वास्तविक लक्षित वर्गसम्म पहुँच सुनिश्चित गर्न आयल निगम र मन्त्रालयलाई तत्काल कार्ययोजना पेस गर्न निर्देशन दिएको छ।


WALTON

**अधिकतम खुद्रा विक्रि मूल्य (MRP) प्रकाशनको सूचना**

यस फर्म कम्पनीले बंगलादेशबाट WALTON Brand का Refrigerator पैठारी गरेको देहायको मालवस्तुको अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| S.N. | Product Name | Model no. | Capacity | unit | MRP |
|---|---|---|---|---|---|
| 1 | Walton Single Door Refrigerator | WFA-NP200-GDXX-XX-EXP | 200 Ltr | 10000 | 35,500.00 |

**Seller Name:**
Kerona Tradelink Pvt. Ltd.
New Baneshwor, Kathmandu
Exim Code:- 3025969440101NP
Telephone number:- 015902689,015902723

**Seller Name:**
Thapa Business Group Pvt. Ltd.
New Baneshwor, Kathmandu
Exim Code:- 6003760190134NP
Telephone number:- 015902689,015902723

**Note: Price List Valid for 6 months only.**

WORLD SHARE

**Karnali Network for Integrated Development (KNFID Nepal)**

**Request for Quotation (RFQ) Notice**

KNFID Nepal, under the WASH Project, invites sealed quotations from eligible suppliers for the supply and delivery of fiber-made, child-friendly desks and benches to schools in Mohati (Ward No. 2) and Muralikhola (Ward No. 4), Bheriganga Municipality, Surkhet.

**Procurement Details**

| S.N. | Description | Estimated Quantity | Unit |
|---|---|---|---|
| 1 | Fiber-made child-friendly desk and bench - 6 ft length, 3 ft height | 100 | Set |
| 2 | Fiber-made child-friendly desk and bench - 5 ft length, 2.5 ft height | 50 | Set |

Note: Quantities above are estimates. Final order quantities may increase or decrease depending on the unit price quoted, within the approved project budget.

**Terms and Conditions**

1. All items must be new, durable, well-finished, and suitable for school use.
2. The supplier is responsible for transportation and delivery to the designated schools.
3. Samples may be requested before final selection.
4. Quoted prices must include all taxes, transportation, and loading/unloading costs.
5. Order quantities may be adjusted based on the quoted unit cost, within budget.
6. KNFID Nepal reserves the right to accept or reject any or all quotations without assigning any reason.

**Required Documents**

- Company/Firm Registration Certificate
- PAN/VAT Registration Certificate
- Latest Tax Clearance Certificate
- Company Profile
- Signed and stamped quotation with detailed specifications
- Experience certificates for similar work (if available)

**Submission**

Deadline: Shrawan 27, 2083 B.S., 5:00 PM (Nepal Time)
Address: KNFID Nepal, Birendranagar-3, Surkhet, Nepal
Phone: +977-9744631622 | Email: knfidnepal14@gmail.com
Email subject line: "Quotation for Supply of Fiber-Made Child-Friendly Desks and Benches"
*Quotations received after the deadline will not be considered.*

**डकुमेन्ट हरायो**

मिति २०८३/०४/१६ गते असनदेखी चोभारसम्म जाँदा मेरो नागरिकता, राष्ट्रिय परिचयपत्र, लाइसेन्स, ब्लुबुक र पासपोर्ट सहितको झोला हराएको हुँदा पाउनुहुने महानुभावहरुले फोन नं. ९७६६३७५८२५ वा नजिकको प्रहरी कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछु ।
नाम: मेख बहादुर श्रेष्ठ
नागरिकता नं.: २२-०१-७५-०२०५४
राष्ट्रिय परिचयपत्र नं.: ७८१-४६८-४८९-७
पासपोर्ट नं.: PA0388871
लाइसेन्स नं.: ०३-०६-८५०३७६०१

**कार्यालय सार्ने बारे सार्वजनिक सुचना**

*त्रिनेत्र वचत तथा ऋण सहकारी संस्था लि. साविक कटुन्जे ५ मा दर्ता भई आफ्नो कार्य क्षेत्र भित्र पर्ने भ.न.पा. वडा नं. ०३ मा कार्यालय राखी सदस्यलाई सेवा पुन्याउँदै आएकोमा मिति २०८३ भाद्र २४ गते बुधबारका दिन देखि सुर्यविनायक नगरपालिका वडा नं. ०६ सुर्यविनायकमा आफ्नो कार्यालय राखी/सरी सेवा पुन्याउने व्यहोरा शेयर सदस्य लगायत सबै सरोकारवाला निकायमा जानकारीको लागि अनुरोध छ ।*

**त्रिनेत्र वचत तथा ऋण सहकारी संस्था लि.**
*सुर्यविनायक, भक्तपुर, ०१-६६१३५३५, मो. ९७४७६६५७६६,*
www.Trinetrasaccoss.com.np

**वर्गीकृत विज्ञापन/डिस्प्ले**

**मोटरसाइकल हरायो**

मिति २०८३/०४/०५ गते दिनको १०-७ बजेको समयमा काठमाडौं म.न.पा. वडा नं. १२, फोहोर मैला टेकुमा पार्किङ्ग गरिराखेको अवस्थाबाट कालो रंगको बा.प्र.०२-०५७ प. ५२५६ नम्बरको Bajaj Pulsar NS200 मोटरसाइकल हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।
**सवारी धनी: बिदुर काफ्ले**
*इन्जीन नं.:* JLXCRG75919
*च्यासिस नं.:* MD2A36FX0RCG 84379
*ठेगाना:चौतारा साँगाचोकगढी न.पा.-२, सिन्धुपाल्चोक*
*फोन:* ९८६१०७३४३६, ९८४३३३७९३०

**वर्गीकृत डिस्प्ले**

कलर प्रति बक्स
१X ५ = रु.१८००/-* मात्र
१X १० = रु.४०००/-* मात्र

श्याम/श्वेत प्रति बक्स
१X ५ = रु.१२५०/-* मात्र
१X १० = रु.२८००/-* मात्र

*मू.अ.क. बाहेक

मार्केटिङ विभाग: ४२६५१०० एक्सटेन्सन ३१२
email: classified@nagariknews.com


# कर्णाली निर्माण व्यवसायी महासंघको अध्यक्षमा बम

**गोविन्द केसी**

*वीरेन्द्रनगर, साउन १९*



नेपाल निर्माण व्यवसायी महासंघ, कर्णाली प्रदेशको सातौं साधारण सभा तथा तेस्रो अधिवेशनबाट मानव बमको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको छ। द'ई दिनसम्म कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा स'रु भएको अधिवेशनमा अध्यक्ष मानव बमको सहजीकरणमा सर्वसम्मत रूपमा प्रदेश कार्यसमिति चयन भएको हो।

नेपाल निर्माण व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष निकोलस पाण्डेले अधिवेशनको उद्घाटन गरेको साधारण सभामा १० जिल्लाका निर्माण व्यवसायीहरू सहभागी थिए। बमको नेतृत्वमा उपाध्यक्ष त'लाराज शाही, सचिव नविनक'मार थापा, कोषाध्यक्ष मनोजक'मार सिंह, सहकोषाध्यक्ष शिमिला खड्का सदस्यहरूमा मनबहाद'र चँदरा, ठानबहाद'र भण्डारी, रतनबहाद'र शाही, खड्कबहाद'र शाही र पिछडिएको क्षेत्रबाट ध्वजबहाद'र शाही रहेका छन्।

महासंघको अध्यक्ष भएका बम कर्णाली प्रदेशका पूर्व महासचिव र बसना निर्माण सेवाका निर्देशक ह'न्। लामो समयदेखि निर्माण व्यवसाय र संगठनमा सक्रिय बमलाई अन'भवी, समन्वयकारी तथा व्यवसायीहरूको साझा आवाजका रूपमा हेरिएको छ।

## परिवार सुरक्षा बचत खाताबाट १० लाखको बिमा दाबी भुक्तानी



काठमाडौं, साउन १९ (नागरिक)- कुमारी बैंक लिमिटेडले आफ्नो 'परिवार सुरक्षा बचत खाता' अन्तर्गत प्रदान गरिने बिमा सुविधाबापत १० लाख रुपैयाँको बिमा दाबी रकम हस्तान्तरण गरेको छ। बैंकको गौमुल शाखाले परिवार सुरक्षा बचत खाताका ग्राहक बनादेवी बोहराका श्रीमान्को दुर्घटनाजन्य निधनपछि बिमा दाबी प्रक्रिया पूरा गरी लाभग्राहीलाई १० लाख रुपैयाँ हस्तान्तरण गरेको जनाएको छ। बैंकका अनुसार उक्त रकमले शोकाकुल परिवारलाई कठिन परिस्थितिमा आर्थिक राहत पुग्ने अपेक्षा गरिएको छ।

कुमारी बैंकले ग्राहकको वित्तीय सुरक्षा र परिवारको आर्थिक संरक्षणलाई प्राथमिकतामा राख्दै विभिन्न बचत योजनासँग बिमा सुविधा जोड्दै आएको जनाएको छ। परिवार सुरक्षा बचत खाताअन्तर्गत उपलब्ध बिमा सुविधाले अप्रत्याशित घटनाबाट प्रभावित परिवारलाई तत्काल आर्थिक सहयोग उपलब्ध गराउनुका साथै दीर्घकालीन वित्तीय सुरक्षामा समेत टेवा पुऱ्याउने बैंकको विश्वास छ। बैंकले विशेषगरी ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिकसम्म बैंकिङ सेवा र बिमा सुरक्षाको पहुँच विस्तार गर्ने उद्देश्यले यस्ता योजनाहरू सञ्चालन गर्दै आएको जनाएको छ।

## नेपाल लिकर्सका तुलाधरलाई 'सिइओ अफ द इयर' सम्मान



काठमाडौं, साउन १९ (नागरिक)- नेपाल लिकर्स प्रालिका प्रमुख कार्यकारी अधिकृत अभनिश वीरसिंह तुलाधर सिंगापुरमा आयोजित 'एसिया बिजनेस लिडर्स अवार्ड्स' अन्तर्गत प्रतिष्ठित 'सिइओ अफ द इयर' अवार्डबाट सम्मानित भएका छन्। कम्पनीले यस उपलब्धिलाई नेपाली निजी क्षेत्र तथा कर्पोरेट नेतृत्वका लागि अन्तर्राष्ट्रिय मान्यता प्राप्त भएको महत्त्वपूर्ण उपलब्धिका रूपमा व्याख्या गरेको छ।

आयोजक संस्थाले प्रत्येक वर्ष एसियाका उत्कृष्ट व्यावसायिक नेतृत्वकर्तालाई नेतृत्व क्षमता, रणनीतिक नवप्रवर्तन र उद्योग क्षेत्रमा पुऱ्याएको योगदानका आधारमा सम्मान गर्दै आएको छ। नेपाल लिकर्सका अनुसार तुलाधरले यसअघि कम्पनीको डाइरेक्टर अफ अपरेसन्सका रूपमा कार्यसम्पादन गरेपछि प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी सम्हालेका हुन्। युनिभर्सिटी अफ रिचमन्ड र इसेक बिजनेस स्कुलबाट उच्च शिक्षा हासिल गरेका उनले अन्तर्राष्ट्रिय ज्ञान र व्यावहारिक अनुभवलाई संयोजन गर्दै कम्पनीको व्यवसाय विस्तार तथा व्यवस्थापनमा नयाँ दृष्टिकोण अवलम्बन गरेको कम्पनीको दाबी छ।

अवार्ड ग्रहणपछि तुलाधरले यो सम्मान सम्पूर्ण नेपाल लिकर्स परिवारको सामूहिक प्रयासको परिणाम भएको बताए। उनले उक्त सम्मान कम्पनीका संस्थापक स्वर्गीय भक्तवीर सिंह तुलाधरको दूरदृष्टि तथा आफ्नो परिवारको साथलाई समर्पित गर्दै संस्थालाई अझ उच्च स्थानमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गरे।

## नबिलको बैंकिङ र परामर्श सेवा एकै थलोमा




काठमाडौं, साउन १९ (नागरिक)- नबिल बैंक लिमिटेडले उच्च शिक्षाका लागि विदेश जान चाहने विद्यार्थीलाई लक्षित गर्दै काठमाडौंको पुतलीसडकमा 'नबिल बैंक एजुकेसन हब' सञ्चालनमा ल्याएको छ।

बैंकिङ सेवा र शैक्षिक परामर्शलाई एकै स्थानबाट उपलब्ध गराउने उद्देश्यले स्थापना गरिएको हबको उद्घाटन सोमबार नेपालका लागि अष्ट्रेलियाका राजदूत साइमन अर्न्स्ट, बैंकका अध्यक्ष निर्वाणकुमार चौधरी तथा प्रमुख कार्यकारी अधिकृत मनोजकुमार ज्ञवालीले संयुक्त रूपमा गरे। बैंकका अनुसार एजुकेसन हबबाट विद्यार्थी, अभिभावक, शैक्षिक परामर्शदाता संस्था तथा शिक्षा क्षेत्रसँग सम्बन्धित सरोकारवालाले बैंकिङ, वित्तीय तथा परामर्श सेवा प्राप्त गर्न सक्नेछन्।

अध्यक्ष निर्वाणकुमार चौधरीले शिक्षामा लगानी गर्नु भनेको राष्ट्रको भविष्यमा लगानी गर्नु भएकाले विद्यार्थीलाई आवश्यक वित्तीय पहुँच र मार्गदर्शन उपलब्ध गराउन हब स्थापना गरिएको बताए। उनले आगामी दिनमा देशभरका शाखामा कम्तीमा एउटा एजुकेसन हब काउन्टर विस्तार गरिने जानकारी दिए। राजदूत साइमन अर्न्स्टले यस पहलले नेपाल-अष्ट्रेलिया सम्बन्धमा शिक्षामार्फत मानव पुँजी विकासको साझा प्रतिबद्धतालाई बलियो बनाउने बताए। पारदर्शी र भरपर्दो प्रणालीले विद्यार्थी, अभिभावक, शैक्षिक संस्था तथा वित्तीय सेवा प्रदायक सबैलाई लाभ पुग्ने उनको भनाइ थियो।

## एनएमबी बैंकको नाफा ४० प्रतिशतले बढ्यो




काठमाडौं, साउन १९ (नागरिक)- एनएमबी बैंक लिमिटेडले आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमाससम्ममा चार अर्ब एक करोड रुपैयाँभन्दा बढी खुद नाफा आर्जन गरेको छ। यस अवधिमा बैंकले चार अर्ब रुपैयाँ नाफा गरेको जनाएको छ। बैंकले सार्वजनिक गरेको वित्तीय विवरणअनुसार अघिल्लो आर्थिक वर्षको सोही अवधिको दुई अर्ब ८५ करोड रुपैयाँको तुलनामा खुद नाफा ४०.६ प्रतिशतले वृद्धि भएको जनाएको छ। बैंकको वितरणयोग्य नाफा एक अर्ब ८७ करोड रुपैयाँ पुगेको छ भने प्रतिसेयर वितरणयोग्य नाफा ९.०८ प्रतिशत कायम भएको छ।

समीक्षा अवधिमा प्रभावकारी वासलात व्यवस्थापनका कारण बैंकको खुद ब्याज आम्दानी १७.५ प्रतिशतले वृद्धि भई नौ अर्ब ४२ करोड रुपैयाँ पुगेको छ। डिजिटल तथा ट्रान्जेक्सन बैंकिङ कारोबार विस्तारसँगै शुल्क तथा कमिसन आम्दानी १६.६ प्रतिशतले बढेर दुई अर्ब ८३ करोड रुपैयाँ पुगेको बैंकले जनाएको छ। त्यस्तै ट्रेजरी तथा वैदेशिक मुद्रा कारोबारमा सुधार आएसँगै खुद ट्रेडिङ आम्दानी ८९ प्रतिशतले वृद्धि भएर ६८ करोड १४ लाख रुपैयाँ पुगेको जनाएको छ। वित्तीय सूचकतर्फ पुँजी प्रतिफल ११.५८ प्रतिशत तथा सम्पत्ति प्रतिफल १.०४ प्रतिशत पुगेको छ।

## आधिकारिक स्रोतबाट सूचना लिन प्रभु बैंकको आग्रह




काठमाडौं, साउन १९ (नागरिक)- प्रभु बैंक लिमिटेडले केही सञ्चारमाध्यममा बैंक तथा बैंकका सञ्चालक, पदाधिकारी र व्यवस्थापनसँग सम्बन्धित विषयमा प्रकाशित समाचारप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। बैंकले संस्था सम्बद्ध समाचार प्रकाशन गर्दा आधिकारिक स्रोतबाट सूचना लिन आग्रह गरेको छ। साथै बैंकले कर्मचारी सरुवा, कार्य जिम्मेवारी हेरफेर, आन्तरिक व्यवस्थापन, कर्जा असुली तथा धितो लिलामीजस्ता कार्य नियमित बैंकिङ सञ्चालनका अंग भएको पनि जनाएको छ।

विगतमा उठाइएका केही कर्जा फाइलसम्बन्धी विषयमा नियामकीय निर्देशन र प्रचलित कानुनअनुसार आवश्यक सुधारात्मक उपाय कार्यान्वयन भइसकेको जानकारी पनि प्रेस विज्ञप्ति मार्फत जनाएको छ।

प्रभु बैंकले सञ्चारमाध्यमलाई समाचार प्रकाशनअघि तथ्य, प्रमाण र सम्बन्धित पक्षबाट आवश्यक पुष्टि गर्न आग्रह गर्दै वित्तीय क्षेत्रजस्तो संवेदनशील विषयमा निष्पक्ष, तथ्यपरक र जिम्मेवार पत्रकारिताको अभ्यास गर्न आह्वान गरेको छ।

# ‘निजी क्षेत्रको प्रयासले मात्र आर्थिक विस्तार सम्भव छैन’

नेपाल उद्योग वाणिज्य महासंघमा तीन कार्यकाल कार्यकारिणी सदस्य हुँदै हाल एसोसिएट उपाध्यक्षको जिम्मेवारी सम्हालिरहेका व्यवसायी प्रबलजंग पाण्डे सिटिजन्स बैंक इनटरनेसनल लिमिटेडका अध्यक्ष हुन्। २०८० साल असोजमा सिटिजन्स बैंकको अध्यक्षमा चयन भएका पाण्डे गत वैशाखमा सम्पन्न निर्वाचनबाट उद्योग वाणिज्य महासंघको एसोसिएट उपाध्यक्षमा निर्वाचित भएका हुन्। इन्जिनियरिङमा स्नातक गरेका पाण्डे लोमस फर्मास्युटिकल्स लिमिटेडका निर्देशक र कसमस सिमेन्टका सञ्चालक पनि हुन्। उनी उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष प्रदीपजंग पाण्डेका छोरा हुन्। यस बैंकमा अध्यक्षको जिम्मेवारी सम्हाल्नुअघि पाण्डे बैंकको सञ्चालक थिए। उनी मर्जर तथा एक्विजिसन समितिको सदस्य भएका बेला यस बैंकले तिनाउ मिसन विकास बैंक, सिर्जना फाइनान्स र सहयोगी विकास बैंकलाई प्राप्ति गरेको थियो। बैंकका संस्थापक सेयरधनीका तर्फबाट प्रतिनिधित्व गर्दै हाल अध्यक्षको जिम्मेवारी सम्हाल्दै आएका पाण्डे यस बैंकका प्रमुख लगानीकर्ता पनि हुन्। उत्पादनमूलक उद्योगबाट देशको आर्थिक विकास हुन्छ भन्ने मान्यताका साथ अघि बढिरहेका पाण्डे इस्टन कसमसमा पनि निर्देशक छन्। स्वदेशी औषधि उद्योग लोमस फर्मास्युटिकल्सका सञ्चालक पाण्डे निजी क्षेत्रबाट सञ्चालित डाटा हबमासमेत आवद्ध छन्। बैंक तथा वित्तीय क्षेत्रका साथै निजी क्षेत्रको सम्पूर्ण डाटा यहाँ राखिन्छ। फर्चुना ग्रुपमा पनि पाण्डे सहभागी छन्। फर्चुना ग्रुपले औषधिको प्याकिङ सामग्री उत्पादन गर्दै आएको छ।

बैंक अध्यक्षको जिम्मेवारीसँगै पाण्डेले महासंघलगायत विभिन्न सामाजिक संघ संस्थामा आबद्ध भई नेतृत्वदायी भूमिका निर्वाह गरिरहेका छन्। पाण्डे दुई दशकभन्दा बढी समयदेखि सिमेन्ट, औषधि उत्पादनलगायत विभिन्न व्यवसायमा सक्रिय छन्। सिटिजन्स बैंकका अध्यक्ष तथा उद्योग वाणिज्य महासंघका एसोसियट उपाध्यक्ष पाण्डेसँग नागरिकका लागि **मधुजंग पाण्डे**ले देशको आर्थिक, बैंकिङ र व्यावसायिक अवस्थाबारे गरेको वार्ताको सार संक्षेप :

**तपाईँ उत्पादकत्वलाई बैंकिङ क्षेत्रसँग जोडेर अघिबढिरहेको सफल व्यवसायीका रूपमा चिनिनुहुन्छ। हाल बैंकहरू र देशको समग्र आर्थिक अवस्थाबारे बताइदिनुस् न ?**

अहिले देशको अवस्था त्यति राम्रो छैन। अकस्मात यो अवस्था आएको भने होइन। विभिन्न घटनाक्रमले यस्तो अवस्थामा पुगेको हो। हामीले वित्तीय अनुशासन कायम गर्न सकेनौं। विगतका वर्षहरूमा जग्गाको मूल्य अत्यधिक बढायौं। बढ्दो आयात घटाउन सकेनौं। विभिन्न देशमा श्रम बेचेर नेपाली कामदारले पठाएको रेमिट्यान्स रकम पनि सदुपयोग गर्न सकेनौं। यिनै कारणले देशको आर्थिक अवस्था क्रमशः बिग्रिएको भन्ने निचोड निकाल्न सकिन्छ।

यसैगरी एक समयमा देशभर फैलिएका सहकारी संस्थाहरूलाई पनि नियमन गर्न सकेनौं। रेमिट्यान्सलाई उत्पादनसँग जोड्नै सकनौं। यस्तै विविध कारणले मुलुकको आर्थिक अवस्था बिग्रिएको हो।

स्वदेशी उद्योग कलकारखाना पूर्ण रूपले चलायमान बनाउँदै उत्पादकत्व वृद्धि र निर्यात प्रवर्धनतर्फ सबैको ध्यान जानुपर्ने बेला आएको छ। जसका लागि निजी क्षेत्रले सक्दो प्रयास गरिरहेको छ। देशको अवस्था सुधार्न निजी क्षेत्रको एकतर्फी प्रयासले मात्र सम्भव छैन। त्यसैले निजी क्षेत्रले हरेक समय सरकारसँग नीतिगत सुधारको अपेक्षा राखेर काम गरिरहेको हुन्छ। यसमा सरकारले व्यवसायीको मनोवल बढाउने र लगानीको वातावरण बनाउँदै अघि बढ्न सक्नुपर्छ। अहिले आम व्यवसायीले सरकारसँग यही आशा राखेका छन्।

**रेमिटयान्सलाई उत्पादनसँग जोड्न नसक्नु र सहकारी नियमन नभएको अवस्थाप्रति तपाईँ कसलाई दोषी ठान्नुहुन्छ ?**

स्वदेशमा भनेजस्तो काम नपाएकाले बाध्य भएर वैदेशिक रोजगारीका लागि विभिन्न देशमा पुगेका नेपालीले अनेक दुःख गरेर आफ्नो घरपरिवारको खर्च धान्दै आएका छन्। नेपाली श्रमिकले पठाएको रेमिट्यान्स रकमलाई उत्पादनसँग जोड्न नसक्नु र सहकारी संस्थाहरूलाई नियमन गर्न नसक्नुमा तत्कालीन सरकार दोषी छ। एक समय गाउँघरसम्म थोरै भए पनि नियमित बचत गर्दै आफ्नो घरखर्च चलाउने तथा मुलुकको आर्थिक विकासको संवाहक बनेको सहकारी संस्थाहरूले अनेक वित्तीय अपराध र निक्षेपकर्तालाई नै ठगी गरिरहँदा नियन्त्रण र नियमन हुन सकेन। यो पीडादायी अवस्था हो। यसमा मुख्य दोषी तत्कालीन सरकार र नियमनमा संलग्न हुनुपर्ने सरोकारवालाहरू हुन्। यसैगरी श्रमिकले पठाएको रेमिट्यान्स रकम उत्पादनसँग जोड्न नसकेर अनुत्पादक ठाउँमा खर्च हुँदा समेत सरकारले ध्यान दिन सकेन। यो सरकारको ठुलो कमजोरी हो। विगतमा भएका विविध वित्तीय अपराध एवं सहकारी ठगीका घटनाक्रमलाई हेर्दा यस्तो कमजोरी हुनुमा तत्कालीन सरकार मुख्य दोषी हो भनेर औंल्याउन कठिन छैन। त्यसैले हामीले देशमा स्थायी र बलियो सरकार हुनुपर्छ भन्दै आएका हौं। सरकारमा संलग्न राजनीतिक कार्यकर्ताको छत्रछायाँमा मात्र सञ्चालन हुने यस्ता पुरानै प्रवृत्ति कायम रहे अझै मुलुकमा आर्थिक समृद्धि हुँदैन। खराब प्रवृत्ति नत्यागे उद्योग सञ्चालनका लागि लगानीको वातावरण बन्दैन र नागरिकले पनि अनेक सास्ती भोग्नुपर्ने हुन्छ।

**देशको वर्तमान आर्थिक अवस्थालाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

देशको आर्थिक अवस्थामा अझै अपेक्षाकृतसुधार आएको छैन। लामो समयदेखि अमेरिका र इरानबिचको झगडा चलिरहेको छ। यसक्रममा पश्चिम एसियाली क्षेत्रमा जारी मिसाइल आक्रमणको घटनाले विदेशबाट आयात हुने अत्यावश्यक मालवस्तुसमेत ल्याउन कठिन भइरहेको छ।

यही बेला विगत केही दिनअघि सुनसरी जिल्लाबाट सुरु भएको साम्प्रदायिक आन्दोलनले निजी क्षेत्रलाई आफ्ना लगानी के कसरी सुरक्षित राख्ने भन्ने चिन्ता बढेको छ। पछिल्लो समय सामान्य झगडा लगायत विभिन्न बहानामा हुने तोडफोड, निजी तथा सार्वजनिक सम्पत्तिमा हुने आगजनीका घटना बढ्न थालेसँगै अहिले देशमा लगानीको वातावरण बिग्रिएको छ।

यस्ता घटनाक्रम रोक्न सरकारले बेलैमा सम्बोधन गर्न सक्नुपर्छ। नागरिकको भलाइमा केन्द्रित हुँदै काम गर्न सकेको खण्डमा मुलुकको अर्थतन्त्रमा केही सकारात्मक संकेत देखिन्छन्। केही देखिएका पनि छन्। अहिले बाह्य क्षेत्र सन्तुलित हुँदै गएको छ। विदेशी मुद्रा सञ्चिति पनि सुदृढ छ तर आन्तरिक आर्थिक गतिविधि अझै अपेक्षित रूपमा चलायमान हुन सकेको छैन। निजी क्षेत्रको आत्मविश्वास बढाउन नीतिगत स्थिरता र लगानीमैत्री वातावरण आवश्यक छ। त्यसैले सरकार र निजी क्षेत्र मिलेर उत्पादनमूलक उद्योगबाट देशको आर्थिक विकास हुन्छ भन्ने मान्यताकासाथ अघि बढ्नुपर्ने हुन्छ।



प्रबलजंग पाण्डे, अध्यक्ष, सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

> **आगामी दिनमा सरकारले देशभरका शहरी क्षेत्रभन्दा बाहिर त्यसै खेर गइरहेको बाँझो जग्गा सदुपयोग गरी उत्पादकत्व बढाउन सामूहिक व्यावसायिक खेती प्रणालीको विकास गर्नेतर्फ ध्यान दिनुपर्छ। जसले मुलुकको आयात रोक्न र उत्पादकत्वसँग जोड्न सहज बनाउने छ। स्वदेशी उत्पादनले पर्याप्त माग धान्न सकियो भने आयात प्रतिस्थापन गर्न मदत पुग्छ।**

> **सामूहिक कृषि प्रणाली अवलम्बन गर्न कम्पनी मोडलमा काम गर्नुपर्छ। कृषिलाई पनि कम्पनी मोडलमा ल्याउन सकियो भने समाजमा कृषि पेसा सम्मानित हुँदै जाने छ। कृषि क्षेत्रलाई पनि कम्पनी मोडलमा लैजाने र त्यहाँ काम गर्ने सबैलाई सामाजिक सुरक्षाको सहज पहुँचको अवसर प्रदान गरियो भने विस्तारै कृषि पेसातर्फ युवाको आकर्षण बढ्दै जाने छ।**

**बैंकहरूको हालको वित्तीय अवस्था र कार्यसम्पादनलाई यहाँले कसरी हेर्नुभएको छ ?**

अहिले बैंकहरूमा देखिएको वित्तीय अवस्था र कार्यसम्पादनको अवस्थाबारे भन्नुपर्दा यसमा बैंकहरूको पनि गल्ती छ। मुलुकमा लगानीको वातावरण तथा जनशक्ति के कति हो सोबारे राम्रो जानकारी लिएर बैंकिङ लगानी बढाइनुपर्नेमा केही बैंकहरूले त्यसो नगरेको पनि देखिएको छ। मुलुकमा भएका जनशक्तिको वास्तविक अवस्था नै नबुझी जथाभाबी ऋण दिनु पनि उचित छैन। यसबारेसम्बन्धित नियमक निकायको ध्यान नजानु ठुलो कमजोरी हो। हाल बैंकहरूले क्षमताभन्दा बढी लगानी गरेको छ। अझै देशमा थप लगानीको वातावरण बनेको छैन। पुराना उद्योग तथा होटलहरूले पनि थप लगानी बढाउन खोजिरहेका छैनन्। हाल वित्तीय क्षेत्र तथा पुँजी बजारमा बैंकिङ ऋण लिने माग बढेको छैन। धन्न नियामक निकाय नेपाल राष्ट्र बैंकले बेलाबेलामा हस्तक्षेप गरेर बैंकहरूको अवस्था बिग्रिहाल्न दिएको छैन। लगानीको क्षेत्र पहिचान नगरी हचुवाको भरमा ऋण प्रवाह गरिएको खण्डमा मात्र सो ऋण खराब कर्जामा परिणत हुने हो। नियामक निकाय राष्ट्र बैंकले गर्दै आएको कडा नियमनले नै बैंकहरूलाई वित्तीय अनुशासन भन्दा बाहिर जानबाट रोक्छ। समग्रमा बैंकहरूले लगानीको क्षेत्र पहिचान गर्न यथेष्ट ध्यान दिन सक्नुपर्छ।

**हाल निजी क्षेत्र र बैंकिङ क्षेत्रले सामना गरिरहेका चुनौतीहरू के हुन् ?**

पछिल्लो समय ठाउँ ठाउँमा भइरहेका आन्दोलनलगायत विविध गतिविधिका कारण व्यापारमा आएको मन्दीले केही बैंकहरूमा खराब कर्जा बढ्दै गएको जानकारी सार्वजनिक सञ्चार माध्यममै आइरहेका छन्। बैंकहरूमा देखिने यस्ता खराब कर्जा बढ्न नदिनेतर्फ नेपाल राष्ट्र बैंक निकै सजग छ। नियामक निकाय राष्ट्र बैंकको कडा नियम अनुसार सबै बैंकहरूले विभिन्न धितोबन्धक सल्टाउन नसकेर समस्या भएका खराब कर्जा समेत कम गर्दै लग्नुलाई सकारात्मक नै मान्नुपर्छ।

कर्जा गुणस्तर (एनपिएल), जोखिम व्यवस्थापन र खराब कर्जा नियन्त्रणका लागि बैंकहरूले विशेष रणनीति बनाएको हुन्छ। बैंकहरूले अपनाउने यस रणनीतिमाथि पनि राष्ट्र बैंकले निगरानी गरिरहेकै हुन्छ। त्यसैले बाहिर सुनिए जस्तो बैंकहरूले सजिलै बद्मासी गर्न भने पाउँदैनन्। समग्रमा भन्नुपर्दा नेपाली बैंकिङ क्षेत्र नियामक निकाय राष्ट्र बैंकको बलियो नियमनले सुरक्षित नै देखिन्छन्। बैंकहरूमा लगानीकर्ता र निक्षेपकर्ताको विश्वास अहिलेसम्म सुरक्षित नै छ। बैंकिङ क्षेत्रले छिटफुटबाहेक गम्भीर चुनौतीको सामना गर्नुपरेको छैन।

**लगानीकर्ता र निक्षेपकर्ताको विश्वास बढाउन बैंकहरूले आगामी दिनमा केलाई प्राथमिकतामा राख्नुपर्ने हुन्छ ?**

हाल नियामक निकाय नेपाल राष्ट्र बैंकको बलियो नियमनले सबै बैंक सुरक्षित छन्। यही कारण अहिलेसम्म लगानीकर्ता र निक्षेपकर्ताको विश्वास सुरक्षित हुन सकेको हो। विश्व बैंकले पनि आफ्नो प्रतिवेदनमा नेपालका बैंकहरूमा लगानीकर्ता र बचतकर्ताको विश्वास निकै बलियो रहेको बताएको छ।

हाल बैंकिङ क्षेत्रमा लगानीयोग्य तरलता बढे पनि कर्जा विस्तार अपेक्षित रूपमा हुन नसकेको अवस्था छ। यसप्रति पनि राष्ट्र बैंकलगायत सबै बैंक सचेत छन्। लगानीकर्ता र निक्षेपकर्ताको विश्वास बढाउन बैंकहरूले आफ्ना सेवा प्रवाहलाई थप प्रभावकारी बनाउँदै जानुपर्ने हुन्छ। बढ्दो डिजिटल बैंकिङ र फिनटेक प्रतिस्पर्धाबिच सिटिजन्स बैंकलगायत सबै बैंकले अझ राम्रो सेवा दिन कृत्रिम बुद्धिमत्ता (एआई) को प्रयोग गर्न थालेका छन्। एआईको प्रयोगले ग्राहकलाई धेरै राम्रो सेवा दिएको छ। डिजिटल बैंकिङ, नवप्रवर्तन र ग्राहक सेवाका क्षेत्रमा बैंकहरूले हालको समय अनुकूल विविध प्राथमिकताका क्षेत्रमा काम गरिरहेका छन्, यसलाई सकारात्मक संकेतका रूपमा लिनुपर्छ।

**महासंघ उपाध्यक्षको भूमिकाबाट हेर्दा निजी क्षेत्रको मनोबल बढाउन के गर्नु आवश्यक छ ?**

उद्योगमैत्री ऐन बन्नका लागि अहिले हामीहरूले महासंघको तर्फबाट सरकारसँग सहकार्य गर्दै आएका छौं। सबैको चाहना निजी क्षेत्रमैत्री ऐन बन्नुपर्छ भन्ने नै भएकाले हामीले समग्र बैंकिङ, अर्थतन्त्र, निजी क्षेत्र, नीतिगत सुधार र भविष्यको सम्भावनाबारे सरकारसँग छलफल गरिरहेका छौं। महासंघको तर्फबाट विगतमा भएका सुझावबमोजिम अहिलेको बजेटमा कर फिर्ताको अवसर निजी क्षेत्रले प्राप्त गरेको छ। अहिले विकास खर्च कम भएको अवस्थाबारे पनि हामीले सरकारको ध्यानाकर्षण गराएका छौं। महासंघले यसअघि दिएको सुझावकै आधारमा अहिले सरकारले सार्वजनिक खरिद ऐन संशोधन गरेको छ। अब आर्थिक गतिविधि बढ्ने आशा पलाएको छ। वर्षमा करिब ७० देखि ८० प्रतिशत विकास खर्च हुनुपर्छ भन्ने हाम्रो चाहना हो।

देशलाई आर्थिक रूपले समृद्ध बनाउने मुख्य आधार पर्यटन, ऊर्जा तथा जलविद्युत्‌को विकास, कृषि र सूचना प्रविधिको विकास भएकाले अहिले हामीले पनि यस क्षेत्रको विकासमा सरकारसँग आपसी सहकार्य गर्दै अघि बढ्ने काम गरिरहेका छौं।

निजी क्षेत्रले यसअघि गर्दै आएका विभिन्न सुझावकै आधारमा वर्तमान सरकारले देशको अर्थतन्त्र सुधार गर्न सक्ने खालको बजेट ल्याएको छ। अहिले चालु आर्थिक वर्ष २०८३/८४ को बजेट सुरु भई धमाधम कार्यान्वयनको चरणमा छ। निजीक्षेत्रले यो बजेट आगामी दिनमा के कसरी कार्यान्वयन हुन्छ भन्नेतर्फ निकै चासोकासाथ हेरिरहेको छ।

**अझै निजी क्षेत्रले व्यावसायिक वातावरण सहज नभएको गुनासो गरिरहेका छन्। यसबारे तपाइँको धारणा के छ ?**

हो। अझै निजी क्षेत्रले व्यावसायिक वातावरण सहज नभएको बताउँदै आएका छन्। यसो भनेर हामी चुप लागेर बस्नु हुँदैन। सरकारले मुलुकमा वैदेशिक लगानी भित्र्याउने र स्वदेशी उद्योग प्रवर्धन गर्ने लगायतका व्यावसायिक वातावरण बनाउन हाल भएका ऐन कानुनलाई थप सहज बनाउँदै लैजान सक्नुपर्छ। निजी क्षेत्रको विश्वास बढाउन सरकारले ल्याउने हरेक नीति स्थिर राख्नुपर्छ। प्रशासनिक प्रक्रिया सरल बनाउनुपर्छ र लगानीकर्तालाई स्पष्ट सन्देश दिन सक्नुपर्छ। निजी क्षेत्रलाई साझेदारका रूपमा हेर्दै नीति निर्माण गरियो भने आर्थिक गतिविधि बढ्न सहज हुने भएकाले सरकारले यसतर्फ विशेष चासो राखिरहनुपर्छ। आयात प्रतिस्थापन गरी स्वदेशी उत्पादन बढाउन सरकारले लगानीकर्ताको बनोबल बढाउने काम गर्नुपर्छ। आगामी दिनमा सरकारले देशभरका शहरी क्षेत्रभन्दा बाहिर त्यसै खेर गइरहेको बाँझो जग्गा सदुपयोग गरी उत्पादकत्व बढाउन सामूहिक व्यावसायिक खेती प्रणालीको विकास गर्नेतर्फ ध्यान दिनुपर्छ। जसले मुलुकको आयात रोक्न र उत्पादकत्वसँग जोड्न सहज बनाउने छ। स्वदेशी उत्पादनले पर्याप्त माग धान्न सकियो भने आयात प्रतिस्थापन गर्न मदत पुग्छ। यस्तो सामूहिक कृषि प्रणाली अवलम्बन गर्न कम्पनी मोडलमा काम गर्नुपर्छ। कृषिलाई पनि कम्पनी मोडलमा ल्याउन सकियो भने समाजमा कृषि पेसा सम्मानित हुँदै जाने छ। कृषि क्षेत्रलाई पनि कम्पनी मोडलमा लैजाने र त्यहाँ काम गर्ने सबैलाई सामाजिक सुरक्षाको सहज पहुँचको अवसर प्रदान गरियो भने विस्तारै कृषि पेसातर्फ युवाको आकर्षण बढ्दै जाने छ। यसले थप आम्दानी बढाउने मात्र नभएर रोजगारीको अवसर पनि विस्तार गर्न पनि सघाउने छ।

**हाल बैंकमा तरलता पर्याप्त हुँदा पनि कर्जा विस्तार नहुनुको कारण के हो ?**

अहिले मान्छेसँग खर्च गर्ने क्षमता घटेको छ। लगानीको वातावरण पनि बिग्रिएको छ। हालको समस्या बैंकसँग पैसा नभएर सिर्जना भएको होइन। गुणस्तरीय कर्जाको माग कम भएको अवस्था भने हो। उद्योगी व्यवसायी नयाँ लगानी गर्नका लागि पर्ख र हेरको अवस्थामा छन्। थप लगानी बढाउन पनि निकै सावधानी अपनाइरहेका छन्। बैंकमा कर्जा लिने ग्राहकको संख्या पनि कम छ। अहिले मुलुकको विकास खर्च पनि कम भएको छ। विकास खर्च, सेयर बजार र घरजग्गा कारोबार बढ्यो भने आगामी दिनमा आर्थिक गतिविधि बढेसँगै बैंकमा कर्जाको माग स्वतःबढ्नेछ।

**सिटिजन्स बैंकको प्राथमिकता के हो ?**

हाम्रो प्राथमिकता कृत्रिम बुद्धिमत्ता (एआई) को प्रयोग, ग्राहककेन्द्रित सेवा, डिजिटल बैंकिङको विस्तार, सुशासन र जोखिम व्यवस्थापन हो। साना तथा मझौला उद्यम, कृषि, पर्यटन र उत्पादनमूलक क्षेत्रमा जिम्मेवार वित्तीय सेवा विस्तारमा पनि यस बैंकले जोड दिएको छ। बैंकको प्राथमिकताबारे मैले भन्दा पनि बैंक व्यवस्थापन समिति र प्रमुख कार्यकारी अधिकृतले राम्रो बुझाउने सक्छन्। यसमा मैले यो भन्दाबढी बोल्नु उचित छैन।

**आगामी दिनमा अर्थतन्त्र सुधार्न के कस्ता काम गर्नुपर्ने अवस्था छ ? अब मुलुक समृद्धिको बाटोमा अघि बढ्दै छ भन्नेमा तपाईँ कत्ति आशावादी हुनुहुन्छ ?**

अब विस्तारै देशको अर्थतन्त्र सुधार हुन्छ भन्नेमा निजी क्षेत्र आशावादी छ। सरकार, निजी क्षेत्र र बैंकिङ क्षेत्रबिच राम्रो समन्वय भयो, विकास तथा पुँजीगत खर्च प्रभावकारी रूपमा बढ्यो र लगानीमैत्री वातावरण कायम रह्यो भने हाल सुस्ताएको अर्थतन्त्रले राम्रो गति लिन सक्छ। सबैभन्दा पहिले व्यावसायिक वातावरणमा विश्वास फर्किनुपर्छ। यसका लागि नीतिगत स्थिरता, पूर्वाधार विकास, वित्तीय पहुँच र सरकारी निकायसँग प्रभावकारी समन्वय आवश्यक छ। निजी क्षेत्रले पनि पारदर्शिता र प्रतिस्पर्धात्मक क्षमता थप बढाउनुपर्छ। यस्ता सुधारात्मक गतिविधि बढेसँगै नेपालमा सम्भावना प्रशस्त छ। जसलाई सही नीति र कार्यान्वयनमार्फत परिणाममा रूपान्तरण गर्न सकिन्छ। समग्रमा भन्नुपर्दा हाल विविध कारणले सुस्ताएको मुलुकको आर्थिक गतिविधि चलायमान बनाउन निजी क्षेत्र र सरकारबिचको आपसी सहकार्य दह्रो हुनुपर्छ। अन्यथा अपेक्षाकृत लक्ष्य हासिल गर्न सकिदैन।

बाध्यातावश वैदेशिक रोजगारीमा जाँदै गरेका युवालाई स्वदेशमै राम्रो कामको अवसर सिर्जना गर्न निजी क्षेत्रले सक्दो भूमिका निर्वाह गर्दै आएको छ। युवालाई उद्यमशीलतामा प्रोत्साहन गर्न सहुलियतपूर्ण कर्जा, व्यवसाय विकास सेवा, सिप विकास र नवीन सोचलाई प्रोत्साहन गर्ने कार्यक्रम आवश्यक छ। यसका लागि बैंकहरूले सहज वित्तीय पहुँच दिन सक्छन् भने निजी क्षेत्रले बजार, रोजगारी र साझेदारीका अवसर सिर्जना गर्न सक्ने भएको हुँदा सम्बद्ध सबै पक्षको ध्यान यसतर्फ केन्द्रित हुनुपर्छ।

## व्यापारिक घराना देवनारा समूहको घर र अफिसमा प्रहरीको छापा

चुमन बस्नेत

*मोरङ, साउन १९*



विराटनगरमा सोमबार बिहानै एक व्यापारिक घरानाको घर र अफिसमा प्रहरीले छापा मारेको छ। व्यापारिक घराना देवनारा समूहको घर र अफिसमा प्रहरीले छापा मारेको हो।

विराटनगर महानगरपालिका-७ मा देवनारा समूहको घर र अफिस रहेको छ। देवनारा समूहको नेतृत्व प्रकाश मुन्दडाले गर्दै आएका छन्। प्रकाश मुन्दडा नेपालको पहिलो व्यापारिक संस्था मोरङ उद्योग व्यापार संघका पूर्वअध्यक्ष तथा हाल नेपाल उद्योग परिसंघ कोसी प्रदेशका उपाध्यक्ष हुन्। प्रहरी बिहान करिब ४ बजेदेखि घर र अफिस घेराबन्दी गरेर छापा मारेको हो। मुन्दडाको कार्यालय र घर नजिकै रहेको छ। प्रहरीले उसको घर वरपरको सडक पूरै बन्दै गरेर सर्वसाधारणलाई आवतजावत गर्न दिएको छैन। व्यापक रूपमा प्रहरी परिचालन गरिएको छ।

प्रहरीले किन र केका आधारमा छापा माऱ्यो भन्ने विषयमा केही उल्लेख गर्न चाहेको छैन। घटनाका सम्बन्धमा जानकारी लिन खोज्दा मोरङ प्रहरी प्रमुख एसपी कवित कटवाल र प्रवक्ता डिएसपी मकेन्द्र मिश्र फोन सम्पर्कमा आउन चाहेनन्। यता, कोसी प्रदेश प्रहरी प्रहरीका प्रवक्ता एसएसपी योगेन्द्रसिंह थापाले मोरङ प्रहरीले व्यापारिक घरनामा छापा मारेको विषयमा थाहा नभएको बताए। उनले भने, ‘मलाई थाहा छैन, डिआइजी साहेबलाई भनेको छ कि ? के भएको रहेछ म बुझ्छु।’

मोरङ प्रहरीले करिब साढे ५ घण्टा लगाएर मुन्दडाको घरमा खानतलासी गरेको थियो। प्रहरी स्रोतका अनुसार अवैध रूपमा ठुलो परिमाणमा नगद सञ्चित गरी राखेको विशेष सूचनाका आधारमा मुन्दडाको घर र कार्यालयलाई घेरा हाली खानतलासी सुरु गरेको हो। स्रोतले भन्यो, ‘मुन्दडामाथि विगत लामो समयदेखि अवैध हुन्डी कारोबारमा संलग्न रहेको, कर छलीको आशंका र अवैध चाँदीको कारोबार गर्दै आएको आरोप लाग्दै आएको थियो।’

प्रहरीले खानतालासी गर्दा कसैलाई पनि घर वरपर जान दिएको थिएन। प्रहरीले खानतलासी सकेर गएपछि घर बाहिर आएका प्रकाश मुन्दडा र उनका बुवा बेनीगोपाल मुन्दडाले घरमा प्रहरीले खानतलासी गरेको स्वीकार गर्दै, उनीहरूले केही नभेटेको र केही पनि नलगेको बताए। मुन्दडाले भने, ‘पुलिसले हामीलाई केही इन्फर्मेसन छ हामी चेक गर्न आएका हौं भन्यो। हामीले पनि सहजै ल चेक गर भन्यौं। उहाँहरूले हरेक कोठा, भान्छा घर, भकारी घर, यताउति सबै ठाउँ चेक गरे तर कहीँ कतै केही पनि भेटाउनु भएन।’

घरमा भएका सबै दराज, कोठालगायत घरभित्र र बाहिर राम्रोसँग हेरे केही नभेटाएपछि त्यसै फर्किएको बताउँदै मुन्दडाले भने, ‘उहाँहरूले क्लिन चिट दिएर जानुभयो। केही छैन। यहाँबाट केही लानुभएन। कसैको अपमान होइन। सिस्टम छ नि अब। शंका लागेपछि त खानतलासी हुन्छ नि त। उहाँहरूको जिम्मामा जे छ, उहाँहरूले राम्रो काम गर्नुभयो।’

प्रहरीका एक दर्जनभन्दा बढी गाडी प्रयोग गरिएको थियो भने मोरङ प्रहरी प्रमुख एसपी कवित कटवालको नेतृत्वमा डिएसपी मकेन्द्रकुमार मिश्र, डिएसपी सन्तोष श्रेष्ठ, वडा प्रहरी कार्यालय विराटनगरका डिएसपी लोकेन्द्रसिंह गुरु, इलाका प्रहरी कार्यालय रानीका इन्स्पेक्टर प्रवीण घिमिरे तथा जिल्ला प्रहरी कार्यालयमा कार्यरत अन्य इन्स्पेक्टरहरू समेत अपरेसनमा सहभागी थिए।

## पुँजी बजार सुधार कार्यदल गठन

काठमाडौं, साउन १९ (नागरिक)- नेपाल धितोपत्र बोर्डले प्राथमिक पुँजी बजारलाई थप पारदर्शी, विश्वसनीय र लगानीकर्तामैत्री बनाउने उद्देश्यले ‘प्राइमरी मार्केट रिफर्म फ्यासिलिटेटिङ टास्क फोर्स’ गठन गरेको छ।

बोर्डले आर्थिक वर्ष २०८३/८४ को पुँजी बजार नीतिअन्तर्गत रहेको रेगुलेटरी रिफर्म एजेन्डालाई कार्यान्वयन गर्ने उद्देश्यले बोर्ड नियमन विभागका कार्यकारी निर्देशकको संयोजकत्वमा सात सदस्यीय कार्यदल गठन गरेको जनाएको छ। यस कार्यदलमा बोर्डका तीनजना कर्मचारी, नेप्सेका एक प्रतिनिधि, मर्चेन्ट बैंकर एसोसिएसन अफ नेपालका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघ पुँजी बजार समिति गठन गरिएको हो। धितोपत्र बोर्डका अनुसार कार्यदलले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान), विद्युत् नियमन आयोग (ईआरसी), स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान), स्टक ब्रोकर एसोसिएसन अफ नेपाल, सिडिएस एन्ड क्लियरिङलगायत अन्य सरोकारवाला संघसंस्थाका विज्ञसमेत आवश्यकताका आधारमा आमन्त्रित गर्न सकिने बताएको छ।

मंगलबार बसेको कार्यदलको पहिलो बैठकले प्राथमिक बजार सुधारका विभिन्न विषयमा पनि छलफल गरेको बोर्डले जनाएको छ। कार्यदलले सार्वजनिक निस्कासन, बुक बिल्डिङ, मर्चेन्ट बैंकर, आइपिओ बाँडफाँटको हालको व्यवस्था, डिजिटल आइपिओ, आइपिओ मूल्य निर्धारण, आइपिओमा योग्य कम्पनीका लागि आवश्यक मापदण्ड, संस्थागत लगानीकर्ता बढाउनेलगायत प्राथमिक बजारसँग सम्बन्धित नीतिगत तथा नियामकीय विषयमा सुझाव तथा सुधारका लागि काम गर्नेछ।

यसैगरी आइपिओमा आवेदन दिने लगानीकर्तालाई सेयर कसरी बाँडफाँट गर्ने भन्ने प्रणालीबारे पनि सुझाव दिइने छ। हालको गोलाप्रथामा न्यूनतम १० कित्ता वितरण हुने व्यवस्था छ। त्यस्तै, आइपिओ ल्याउन योग्य कम्पनीका लागि आवश्यक मापदण्डबारे पनि सो कार्यदलले बोर्डलाई सुझाव दिने छ। कम्पनीको नाफा, नेटवर्थ, सुशासन, सञ्चालन अवधि, वित्तीय अवस्थालगायतका आधारलाई अझ स्पष्ट र प्रभावकारी बनाउने विषय सुझाव मापदण्डमा उल्लेख गर्न सकिने भनिएको छ। आइपिओ ल्याउनुअघि कम्पनीको वित्तीय अवस्था, कानुनी पक्ष, जोखिम, व्यवसाय, सम्पत्ति तथा खुलाउनुपर्ने सबै विवरणको विस्तृत जाँच गर्ने प्रक्रियाबारे पनि सो कार्यदलले सुझाव दिनेछ।

# नौ नयाँ प्रशिक्षक, नयाँ युग

**यसपटक उद्घाटन सप्ताहान्तमै ९ वटा क्लब नयाँ मुख्य प्रशिक्षकसहित मैदानमा उत्रने भएका छन्। लिभरपुल, म्यानचेस्टर सिटी, चेल्सी र न्यु क्यासल युनाइटेडजस्ता ठूला क्लबदेखि अन्य टोलीसम्म प्रशिक्षक परिवर्तनको लहर चलेको छ। यसको प्रभावले प्रिमियर लिगको संरचनालाई नै नयाँ स्वरूप दिएको छ।**




लन्डन, साउन १९ (एजेन्सी)- नयाँ सिजन (२०२६-०२७) को इङ्लिस प्रिमियर लिग अझै सुरु भएको छैन तर सिजन सुरु हुनुअघि नै यसले केही इतिहास रचिसकेको छ।

गत सिजनको च्याम्पियन आर्सनलले घरेलु मैदानमा नवप्रवेशी कोभेन्ट्री सिटीविरुद्ध अगस्ट २१ तारिखमा खेलेसँगै प्रिमियर लिग सुरु हुनेछ। जहाँ केही इतिहास पनि बन्ने तयारी हुँदै छ। यसपटक उद्घाटन सप्ताहान्तमै ९ वटा क्लब नयाँ मुख्य प्रशिक्षकसहित मैदानमा उत्रने भएका छन्। यो प्रिमियर लिग इतिहासमै एकै सिजनको सुरुआतमा सबैभन्दा धेरै क्लबले नयाँ प्रशिक्षक नियुक्त गरेको पहिलो पटक हो। लिभरपुल, म्यानचेस्टर सिटी, चेल्सी र न्यु क्यासल युनाइटेडजस्ता ठूला क्लबदेखि अन्य टोलीसम्म प्रशिक्षक परिवर्तनको लहर चलेको छ। यसको प्रभावले प्रिमियर लिगको संरचनालाई नै नयाँ स्वरूप दिएको छ। आर्ने स्लट बर्खास्त भएपछि लिभरपुलले स्पेनिस प्रशिक्षक आन्दोनी इराओलालाई नियुक्त गरेको छ।

दशकभन्दा बढी सफल कार्यकालपछि पेप ग्वार्डिओलाले पनि म्यानचेस्टर सिटी छाडेपछि क्लबले

## इङ्लिस प्रिमियर लिग

**दशकभन्दा बढी सफल कार्यकालपछि पेप ग्वार्डिओलाले पनि म्यानचेस्टर सिटी छाडेपछि क्लबले एन्जो मारेस्कालाई जिम्मेवारी दिएको छ। चेल्सीले लियाम रोजेनियरको असफल कार्यकालपछि जाबी आलोन्सोलाई भित्र्याएको छ।**

एन्जो मारेस्कालाई जिम्मेवारी दिएको छ। चेल्सीले लियाम रोजेनियरको असफल कार्यकालपछि जाबी आलोन्सोलाई भित्र्याएको छ। इराओलाको सम्झौता सकिएपछि बर्नमाउथले मार्को रोजलाई नियुक्त गरेको छ भने भिटोर परेरालाई हटाएर नटिङ्घम फरेस्टले ओलिभर ग्लासनरलाई नयाँ प्रशिक्षक बनाएको छ। ग्लासनरको सम्झौता समाप्त भएपछि क्रिस्टल प्यालेसमा पिएर सेज आएका छन्। मार्को सिल्भाको सम्झौता सकिएपछि फुलहमले अल्भारो आर्बेलोआलाई नियुक्त गरेको छ। किरन म्याकेन्नाले पद त्यागेपछि इप्सविच टाउनले ग्यारी ओ निललाई नयाँ प्रशिक्षक बनाएको छ। एडी हाउले पद छाडेपछि न्यु क्यासल माथियास याइस्लेलाई नियुक्त गर्ने तयारीमा छ।

यससँगै नयाँ सिजन सुरु गर्ने नयाँ स्थायी प्रशिक्षक भएका क्लबको संख्या नौ पुग्नेछ। यसअघि २०१६-१७ को सिजनमा आठ क्लबले नयाँ प्रशिक्षकसहित सिजन सुरु गरेका थिए। त्यही वर्ष पेप ग्वार्डिओला म्यानचेस्टर सिटी पुगेका हुन्। एन्टोनियो कोन्टे पनि चेल्सीमा आएर पहिलो सिजनमै लिग उपाधि जित्न सफल भएका थिए। त्यसभन्दा अघि १९९५-९६ सिजनअघि सात र २०१२-१३ अघि ६ क्लबले प्रशिक्षक परिवर्तन गरेका थिए।

**नयाँ पुस्ताको नेतृत्व**

डिसेम्बर २०१९ मा आर्सनलको जिम्मेवारी सम्हालेका मिकेल आर्टेटा नै अहिले प्रिमियर लिगका सबैभन्दा पुराना प्रशिक्षक हुन्। जबकि उनले सात वर्ष पनि पूरा गरेका छैनन्।

युरोपका पाँच प्रमुख लिगमध्ये उनीभन्दा लामो समय एउटै क्लबमा रहेका प्रशिक्षक एट्लेटिको म्याड्रिडका डिएगो सिमेओने मात्रै हुन्। उनले सन् २०११ डिसेम्बरदेखि क्लब सम्हाल्दै आएका छन्। प्रिमियर लिगमै हेर्दा एस्टन भिल्लाका उनाइ एमरी र लिड्स युनाइटेडका ड्यानियल फार्के तीन सिजनभन्दा







बढी समयदेखि क्लबमा छन्। जुलाई २०२४ मा नियुक्त सन्डरल्यान्डका रेजिस ले ब्रिस अहिले चौथो सबैभन्दा लामो समयदेखि क्लब सम्हालिरहेका प्रशिक्षक बनेका छन्। म्यानचेस्टर युनाइटेडका माइकल क्यारिक यसको अर्को उदाहरण हुन्। जनवरीमा अन्तरिम प्रशिक्षक बनेका उनी मे महिनामा स्थायी भए। तर अहिले पनि उनीभन्दा लामो समयदेखि पदमा रहेका प्रशिक्षकको संख्या १० मात्र छ।

सर एलेक्स फर्गुसनले २०१३ मा युनाइटेड छाडेपछि क्यारिक क्लबका सातौं स्थायी प्रशिक्षक हुन्। मार्चमा नियुक्त टोटेनहमका रोबर्टो डे जेब्री पनि धेरै अनुभवी होइनन्। हरेक नयाँ सिजनमा चर्चा हुने अर्को विषय हो 'न्यु म्यानेजर बाउन्स'। यसको अर्थ नयाँ प्रशिक्षक आएपछि टोलीमा केही समयका लागि सकारात्मक प्रभाव देखिनु हो। नयाँ ऊर्जा, नयाँ रणनीति र मानसिक रूपमा ताजापनका कारण टोलीले छोटो अवधिमा राम्रो प्रदर्शन गर्ने विश्वास गरिन्छ। यसपटक भने यो अवधारणाको सबैभन्दा ठूलो परीक्षा हुन सक्छ। पहिलो सातामै फुलहम र चेल्सी, सिटी र बर्नमाउथ तथा न्युक्यासल र लिभरपुल बिचका खेल हुनेछन्। जहाँ दुवै टोली नयाँ प्रशिक्षकको रणनीतिमा खेल हुनेछन्। लिभरपुलको सुरुआती तालिका निकै रोचक छ। इराओलाको पहिलो ६ वटै प्रिमियर लिग खेल नयाँ स्थायी प्रशिक्षक भएका टोलीविरुद्ध हुनेछ। न्युक्यासलपछि फरेस्ट, इप्सविच, फुलहम, बर्नमाउथ र सिटीसँग उसले खेल्नेछ।

**प्रिमियर लिगको नयाँ युग**

सन् १९८५-८६ यता पहिलोपटक शीर्ष डिभिजन महान् प्रशिक्षक सर एलेक्स फर्गुसन, आर्सेन वेङ्गर, जोजे मोरिन्हो, योर्गान क्लोप वा पेप ग्वार्डिओलामध्ये कोही पनि नरहेको अवस्थामा सुरु हुँदै छ।

यी पाँच प्रशिक्षकले संयुक्त रूपमा ३४ मध्ये २६ प्रिमियर लिग उपाधि जितेका छन्। उनीहरूले उपाधि जितेनन्, इङ्लिस फुटबलकै विभिन्न युगलाई परिभाषित गरे। फर्गुसनले युनाइटेडलाई सफलताको नयाँ उचाइमा पुऱ्याए। वेङ्गरले आर्सनलमा आधुनिक प्रशिक्षण, खेलविज्ञान र पोषणको संस्कृतिलाई स्थापित गरे। मोरिन्होले रणनीतिक अनुशासन र मनोवैज्ञानिक खेललाई नयाँ स्तरमा पुऱ्याए। क्लोपको उच्च तीव्रताको प्रेसिङ शैलीले लिभरपुललाई पुनर्जीवित गऱ्यो। ग्वार्डिओलाको पोजिसनल फुटबलले सिटीलाई इङ्लिस फुटबल इतिहासकै सर्वाधिक प्रभावशाली टोलीमध्ये एक बनायो। फर्गुसन, मोरिन्हो र ग्वार्डिओला लगातार दुई सिजन प्रिमियर लिग जित्न सफल प्रशिक्षक हुन्।

गत सिजन आर्सनललाई उपाधि दिलाएका आर्टेटासँग अहिले त्यो उपलब्धि दोहोऱ्याउने अवसर छ। युनाइटेडका क्यारिकले पहिलो पूर्ण सिजन सुरु गर्दै छन्। उनका परम्परागत प्रतिद्वन्द्वी सबै क्लब नयाँ प्रशिक्षकसहित मैदानमा उत्रँदै छन्। आगामी समयले प्रिमियर लिगको अर्को युगलाई कसले नेतृत्व गर्नेछ भन्ने निर्धारण गर्नेछ। तर तीन दशकभन्दा बढी समय इङ्लिस फुटबलमा प्रभाव जमाएका प्रशिक्षकहरू बाहिरिएसँगै २०२६-२७ सिजनले नयाँ अध्यायको सुरुआत भने निश्चित छ। प्रिमियर लिगका झन्डै आधा क्लब नयाँ नेतृत्वसहित नयाँ सिजनमा प्रवेश गरिरहेका छन्। त्यसैले २०२६-२७ को प्रिमियर लिग पछिल्ला धेरै वर्षयताकै सबैभन्दा अनिश्चित र रोमाञ्चक सिजनमध्ये एक बन्ने अपेक्षा गरिएको छ।

## मित्रश्री र ब्रह्मकुञ्जलाई उपाधि




काठमाडौं साउन १९ (नागरिक)- एलआरआई, मित्रश्री पाठशाला र ब्रह्मकुञ्जले पाँचौं भ्याली पब्लिक अन्तरविद्यालय फुटसल प्रतियोगिताको उपाधि मंगलबार जितेका छन्। बुढानीलकण्ठ नगरपालिकाको भंगालस्थित आयोजक भ्याली पब्लिकमा भएको प्रतियोगितामा एलआरआई यु-१६ ब्वाइज, मित्रश्री पाठशाला यु-१२ ब्वाइज र ब्रह्मकुञ्ज यु-१६ गर्ल्समा च्याम्पियन बने। सिनियर ब्वाइज फाइनलमा एलआरआईले निम्सलाई टाइब्रेकरमा २-० गोलले पराजित गऱ्यो। आशुतोष महोतरा र अभ्युदय पौडेलले पेनाल्टी अवसरलाई सदुपयोग गरे। निर्धारित समयको खेल १-१ गोलको बराबरीमा टुंगिएको थियो। यु-१२ ब्वाइजको फाइनलमा मित्रश्रीले नेसनल ब्लुमिङ फ्लावर एकेडेमी (एनबिएफए) लाई २-१ गोलले हरायो। मित्रश्रीका ऋषभ पहाडी र आक्रिस खत्रीले समान १/१ गोल गरे। मित्रश्रीका सुप्रभ श्रेष्ठले १ गोल फर्काए।

यु-१६ गर्ल्सको उपाधि भिडन्तमा ब्रह्मकुञ्जले कौस्तुभ एकेडेमीलाई १-० गोलले पाखा लगायो। दीक्षा कँडेलले निर्णायक गोल गरिन्। तीनै समूहका विजेताले १५ हजार तथा उपविजेताले १० हजारका दरले नगद पुरस्कार पाए। यु-१६ ब्वाइजमा एलआरआईका आशुतोष महोतरा उत्कृष्ट खेलाडी, एलआरआईका दीक्षान्त शर्मा उत्कृष्ट गोलरक्षक र रिब्सका रिसन लामा (८ गोल) सर्वाधिक गोलकर्ता भए। यु-१२ ब्वाइजमा एनबिएफएका सुप्रभ श्रेष्ठ उत्कृष्ट खेलाडी, मित्रश्रीका कृष श्रेष्ठ उत्कृष्ट गोलरक्षक र रिब्सका आक्रिस खत्री (९ गोल) सर्वाधिक गोलकर्ता बने। यु-१६ गर्ल्समामा ब्रह्मकुञ्जकी दीक्षा कँडेल उत्कृष्ट खेलाडी, ब्रह्मकुञ्जकै वेहेलिङ राई उत्कृष्ट गोलरक्षक र प्याराडाइस रिडर्स एकेडेमीकी आराध्या श्रेष्ठ (७ गोल) सर्वाधिक गोलकर्ता बने। विजेतालाई भ्याली पब्लिकका संस्थापक एवं प्रिन्सिपल कृष्णप्रसाद अधिकारी, सह-संस्थापक सुनीता विष्ट अधिकारी, प्रशासन प्रमुख महेश अधिकारी र भाइस प्रिन्सिपल सुशील वाग्लेले एक कार्यक्रमबिच पुरस्कृत गरे। साताव्यापी प्रतियोगिताको यु-१६ ब्वाइजमा २६ तथा यु-१२ ब्वाइज र यु-१६ गर्ल्समा समान १६-१६ टिम सहभागी थिए।

## जुनियर क्रिकेट लिग आइतबारदेखि



काठमाडौं साउन १९ (नागरिक)- एन्जल्स हार्ट नेसनल स्कुलको आयोजनामा जुनियर क्रिकेट लिग (जेसीएल)- सिजन २ आइतबारदेखि हुने भएको छ।

प्रतियोगितामा २४ टिमको सहभागिता रहने आयोजक एन्जल्स हार्टका प्रधानाध्यापक टकबहादुर थापाले मंगलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए। एन्जल्स स्पोर्ट्स एकेडेमी एन्ड रिक्रिएसन सेन्टरको व्यवस्थापन तथा नेपाल प्रिमियर लिग (एनपिएल) टिम काठमाडौं गुर्खाजको सहयोगमा हुन लागेको प्रतियोगिताको विजेताले ३० हजार र उपविजेताले २० हजार नगद पुरस्कार पाउने आयोजक एन्जल्स हार्टका खेलकुद विभाग प्रमुख सुमन तिमिल्सिनाले जानकारी दिए। सर्वोत्कृष्ट खेलाडी, उत्कृष्ट ब्याट्सम्यान, उत्कृष्ट बलर, उदीयमान खेलाडी र अनुशासित टिमलाई पनि पुरस्कृत गरिने भएको छ। सोही अवसरमा नेपाल ओलम्पिक कमिटीका सचिव रामकृष्ण श्रेष्ठ, राष्ट्रिय पुरुष क्रिकेट टोलीका पूर्वसदस्य शरद भेषावकर र एन्जल्स हार्टका अध्यक्ष लिलबहादुर पुनले सहभागी हुने टोलीका कप्तानको उपस्थितिमा ट्रफी पनि सार्वजनिक गरेका थिए। प्रिन्सिपल थापाले जुनियर क्रिकेट लिग एउटा प्रतियोगिता मात्र नभई विद्यालयस्तरबाट राष्ट्रिय खेलाडी उत्पादन गर्ने सशक्त माध्यम भएको बताए। उनले प्रतियोगिता सञ्चालन गर्न करिब ६ लाख १० हजार रुपैयाँ खर्च हुने बताए। सो अवसरमा एन्जल्स स्पोर्ट्स एकेडेमी एन्ड रिक्रिएसन सेन्टरका अध्यक्ष खिम थापा, प्राविधिक प्रमुख रवीन्द्र गुप्तालगायतको उपस्थिति रहेको थियो। साउन २८ गतेसम्म चल्ने टी टेन इन्डोर क्रिकेटका खेलहरू मनमैजुस्थित एन्जल्स स्पोर्ट्स कम्प्लेक्समा खेलाइनेछ।

## लालीगुराँस र हेराल्ड क्वार्टरफाइनलमा

काठमाडौं साउन १९ (नागरिक)- लालीगुराँस नेसनल एकेडेमी र हेराल्ड इन्टरनेसनल कलेज मंगलबार प्रथम प्याराडाइस अन्तरकलेज बास्केटबल प्रतियोगिताको ब्वाइजतर्फ क्वार्टरफाइनलमा प्रवेश गरेका छन्।

टोखाको साइबाबा चोकस्थित आयोजक प्याराडाइस स्पोर्ट्स एकेडेमीको हलमा लालीगुराँसले भ्याली पब्लिकलाई ४५-३८ ले पराजित गऱ्यो। लालीगुराँसको जितमा सुरेश बिसीले १२ अंक योगदान गरे। डेविड राईको १० अंक सहयोगमा हेराल्डले न्युटनलाई ३६-२९ ले हरायो। ब्वाइजमै जेभियरले गोल्डेनगेटलाई ३८-३४ तथा सिसिआरसीले ग्रिनफिल्डलाई ६०-३४ ले हराउँदै क्वार्टरफाइनलमा स्थान सुरक्षित गरे। जेभियरका प्रिन्स कुसवाहले ११ र सिसिआरसीका जेनिश अधिकारीले १६ स्कोर गरे।

ब्वाइजतर्फ क्वार्टरफाइनल समीकरण तयार भएको छ। क्वार्टरफाइनल निम्स र लालीगुराँस, सिसिआरसी र गोल्डेनगेट, जेभियर र हेराल्ड तथा मनास्लु र सगरमाथाबिच क्वार्टरफाइनल हुनेछ।

# इन्फान्टिनोको योजनाबाट वेङ्गर र ग्राफस्ट्रोम अलग



जेनेभा, साउन १९ (एपी)- चर्चित प्रशिक्षक आर्सेन वेङ्गर र प्रमुख कार्यकारीजस्तै भूमिकामा हुने फिफा महासचिव माटियास ग्राफस्ट्रोमले आफ्ना अध्यक्ष जियानी इन्फान्टिनोको विश्वकपबाट हुने आम्दानीमा निजी लगानीकर्तालाई हिस्सा बेच्ने असफल योजनाबाट आफूहरूलाई अलग राखेका छन्।

वेङ्गर र ग्राफस्ट्रोम अहिले फिफाका दुई वरिष्ठ अधिकारी पनि हुन्। तर, वेङ्गरले २० अर्ब अमेरिकी डलर बराबरको उक्त योजनाबारे कुनै जानकारी नभएको र प्रस्ताव फिर्ता लिनु पूर्ण रूपमा आवश्यक रहेको धारणा राखेका छन्। ग्राफस्ट्रोमले फिफाका सबै कर्मचारीलाई पठाएको इमेलमा पछिल्लो एक सातालाई दुःखद र निन्दनीय घटनाक्रम भन्दै त्यसले बुझ्न र स्वीकार गर्न कठिन हुने खालको अन्योल सिर्जना गरेको उल्लेख गरेका छन्। दुवैले आफ्नो भनाइमा इन्फान्टिनोको नाम भने उल्लेख गरेका छैनन्। न त अहिले आलोचनामा परेका अध्यक्षको समर्थन नै गरेका छन्। वेङ्गर र ग्राफस्ट्रोमको टिप्पणीले फिफाका प्रमुख सञ्चालन अधिकृत (सिओओ) केभिन लामोरले शुक्रबार व्यक्त गरेको आलोचनाको झल्को दिएको छ।

लामोरले कर्मचारीहरूलाई इन्फान्टिनोको निजी इक्विटी योजनाले झुक्याएको बताएका थिए। विश्व फुटबलमा व्यापक विवाद निम्त्याएको उक्त योजनालाई उनले एक व्यक्तिको परियोजना भन्दै फिफाका कर्मचारीहरूले अवहेलना र डरधम्कीभन्दा राम्रो व्यवहार पाउनुपर्ने धारणा राखेका छन्। यी तीनै अधिकारी फिफाका २११ सदस्य संघबीच सम्मानित र विश्वासिला व्यक्तिका रूपमा चिनिन्छन्। विश्वकप सकिएको दुई सातामै इन्फान्टिनोको नेतृत्व अहिले उनीहरूमाथि निर्भर बन्न पुगेको छ। युरोपेली फुटबल महासंघ (युइएफए) का वकिलहरूले इन्फान्टिनोलाई पठाएको पत्रमा वेङ्गर, ग्राफस्ट्रोम र लामोरको नाम पनि उल्लेख छ। उनीहरूसहित १८ जना कार्यकारीको डाटा र सञ्चार अभिलेख सम्भावित प्रमाणका रूपमा सुरक्षित राख्न युइएफएले आग्रह गरेको छ।

'तपाईंहरूले चिन्ता गर्नुपर्दैन। प्रशासनका सदस्यका रूपमा तपाईंहरूलाई अहिलेको राजनीतिक परिस्थितिबाट रक्षा गरिनेछ,' ग्राफस्ट्रोमले ज्युरिच र अमेरिकाको फ्लोरिडास्थित कोरल गेबल्समा कार्यरत सयौं फिफा कर्मचारीलाई पठाएको इमेलमा लेखेका छन्। सन् २०१९ मा इन्फान्टिनोले फिफामा ल्याएका र हाल विश्व फुटबल विकास प्रमुख रहेका वेङ्गरले पनि आफू यो रणनीतिक योजनामा संलग्न नरहेको र मिडिया रिपोर्टमार्फत मात्र पहिलोपटक जानकारी पाएको खुलाए। विश्व फुटबलका अधिकारीहरूको चर्को विरोधपछि इन्फान्टिनोले गत शनिबार बिहान उक्त २० अर्ब डलरको प्रस्ताव फिर्ता लिएका थिए। युइएफएले फिफाका सबै प्रतियोगिता र कार्यक्रम बहिष्कार गर्न सक्ने चेतावनीसमेत दिएको थियो।

फिफा फरवार्ड इन्टरप्राइज (एफएफई) नामक सहायक कम्पनी स्थापना गर्ने इन्फान्टिनोको प्रस्ताव थियो। विश्वकपजस्ता प्रतियोगिता आयोजना गर्ने, प्रसारण अधिकार, प्रायोजन, टिकट र आतिथ्य सेवा बिक्री गर्ने लगायत फिफाका आम्दानीमुखी गतिविधि सञ्चालन गर्ने उक्त प्रस्ताव चर्को विरोधपछि सफल भने भएन। त्यस कम्पनीको करिब २० प्रतिशत स्वामित्व बिक्री गरेर ४.२ अर्ब डलर उठाउने र कम्पनीको मूल्यांकन २० अर्ब डलर गरिएको थियो। मुख्य लगानीकर्ता अमेरिकी भेन्चर क्यापिटल कम्पनी थ्राइभ इटरनल हो। यो कम्पनी जोसुआ कुसनरले स्थापना गरेका हुन्, जो अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका ज्वाइँ जेरेड कुसनरका भाइ हुन्। वेङ्गरले यो परियोजना फिर्ता लिने निर्णय पूर्ण रूपमा आवश्यक रहेको बताए। 'म प्रतिबद्धता, पारदर्शिता र इमानदारीका साथ विश्व फुटबलको सेवा गर्ने स्वतन्त्र फिफामा विश्वास गर्छु,' उनले भने।

फिफाका २११ सदस्य संघमध्ये प्रत्येकलाई २ करोड डलर दिने प्रस्ताव गरिएको थियो। प्रस्ताव स्वीकार गर्ने अन्तिम मिति सेप्टेम्बर १९ तोकिएको थियो। सन् २०३० सम्मको चारवर्षे अवधिका लागि फिफाबाट प्राप्त हुने विकास सहयोग पनि १ करोड डलरबाट बढाएर २ करोड डलर पुऱ्याइने आश्वासन दिइएको थियो। उत्तर अमेरिकामा सम्पन्न विश्वकपको फाइनल भएको एक सातापछि मात्रै इन्फान्टिनोले फिफा व्यवस्थापनसमक्ष यो योजना प्रस्तुत गरेका थिए। उक्त विश्वकपका कारण सन् २०२३-०२६ मा फिफाको आम्दानी १५ अर्ब डलर पुगेको थियो, जुन कतारमा भएको २०२२ विश्वकपको आम्दानीभन्दा झन्डै दोब्बर हो। ग्राफस्ट्रोमले आफ्ना कर्मचारीलाई ४८ राष्ट्र सहभागी विश्वकप सफलतापूर्वक सम्पन्न भएकोमा गर्व गर्न आग्रह गर्दै पत्र लेखेका छन्।

**इन्फान्टिनोको प्रतिक्रियाको प्रतीक्षा**

प्रस्ताव फिर्ता लिएको जानकारीपछि इन्फान्टिनोले सार्वजनिक रूपमा यस विषयमा कुनै प्रतिक्रिया दिएका छैनन्। उनको आधिकारिक इन्स्टाग्राममा भने मोरक्को (२०३० विश्वकप सहआयोजक), कतार र संयुक्त अरब इमिरेट्स (युएई) लगायत केही सदस्य संघले पठाएका समर्थनपत्रहरू प्रकाशित गरिएका छन्। इन्फान्टिनोले १० वर्षभन्दा बढी समयदेखि फिफाको नेतृत्व गर्दै आएका छन् र आगामी मार्चमा मोरक्कोमा हुने निर्वाचनमा उनी निर्विरोध पुनः निर्वाचित हुने अनुमान गरिएको थियो। फिफाले नोभेम्बर १८ तारिखमा चुनौती दिने उम्मेदवारका लागि अन्तिम मिति तोकेको छ। स्विडेन फुटबल महासंघका प्रमुखले सोमबार युइएफएले इन्फान्टिनोविरुद्ध साझा उम्मेदवार खोजिरहेको बताएका छन्।

## खेलकुदसम्बन्धी प्रदर्शनी सुरु

काठमाडौं, साउन १९ (नागरिक)- नेपाली खेलकुद इतिहास र उपलब्धिलाई संरक्षणका साथै प्रवर्द्धन गर्ने उद्देश्यसहित तीनदिने खेलकुदसम्बन्धी प्रदर्शनी मंगलबारबाट सुरु भएको छ। नेपाल ओलम्पिक संग्रहालय (एनओएम) को आयोजनामा नेपाल आर्ट काउन्सिलमा सुरु भएको उक्त प्रदर्शनीको उद्घाटन शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले गरे। पहिलो दिन राष्ट्रिय खेलकुद परिषद् (राखेप) का उपाध्यक्ष विशाल श्रेष्ठ, सदस्यसचिव रामचरित्र मेहता र तेक्वान्दोका सफल पूर्वखेलाडी दीपक विष्टलगायतले खेलकुद प्रदर्शनको अवलोकन गरे। 'बियोन्ड मेडल, प्रिजर्भिङ नेपाल्स स्पोर्ट्स हिस्ट्री' नाम दिइएको उक्त प्रदर्शनी तीन दिनसम्म हुनेछ।

विभिन्न कालखण्डका पदक, ट्रफी, खेल सामग्री, जर्सी, खेल सहभागी हुँदाका कार्ड र अन्य ऐतिहासिक स्मृतिचिह्नहरू प्रदर्शनमा राखिएको ओलम्पिक संग्रहालय (एनओएम) की अध्यक्ष सन्सी श्रेष्ठले जानकारी दिइन्। नेपाल ओलम्पिक संग्रहालय (एनओएम) नेपालको एक मात्र खेलकुद संग्रहालय तथा दक्षिण एसियाकै पहिलो ओलम्पिक संग्रहालयका रूपमा परिचित छ।




नेपाल रिपब्लिक मिडियाद्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, सम्पादक : बालकृष्ण अधिकारी